# परिच्छेद-१
# प्रारम्भिक

## १.१ पृष्ठभूमि :

नेपालको संविधान, २०७२ ले राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा रहने व्यवस्था गरेको छ । २०७४ सालमा पहिलो तथा २०७९ सालमा दोस्रो सम्पन्न निर्वाचन पश्चात जननिर्वाचित प्रतिनिधि संविधानबाट परिलक्षित दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न तीनवटै तहमा क्रियाशील रहेका छन् । राज्यका तीनवटै तहले संविधान र कानुन बमोजिम एकल तथा साझा अधिकारको प्रयोग गर्न पाउनुका साथै आ-आफ्नो क्षेत्रमा कानून तथा बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार र कार्यान्वयन गर्ने, संविधान प्रदत्त मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व एवं अर्न्तराष्ट्रिय प्रतिबद्धतानुरूप दिगो विकासको लक्ष्यलाई पनि स्थानीयकरण गर्नुपर्ने व्यवस्था रहेको छ ।

यसै सिलसिलामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले "नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा विकासका लागि आवधिक विकास योजना बनाई लागू गर्नुपर्ने" व्यवस्था गर्नुका साथै यसरी योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समवेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनुपर्ने विषय समेत निर्देशित गरेको छ ।

आवधिक योजना तर्जुमाका सिलसिलामा, राष्ट्रिय योजना आयोगले जारी गरेको योजना तर्जुमा दिग्दर्शन (नमुना), २०७८ (संशोधित), पन्ध्रौं योजना र सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजनाको दीर्धकालीन सोच **"आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम"** लाई समेत सन्दर्भमा राखी वुढीगंगा नगरपालिकाले सरोकारवालाको सहभागितामा यो आवधिक विकास योजना (२०८०/८१–२०८४/८५) तर्जुमा गरेको छ ।

## १.२ आवधिक योजना तर्जुमाको उद्देश्य

"**समृद्ध नेपाल सुखी नेपाली**" को राष्ट्रिय तथा **"आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम"** भन्ने सुदूरपश्चिम प्रदेशको सोचलाई योजनाबद्ध, दिगो एवं विवेकपूर्ण रूपमा स्थानीयकरण गर्नु, नगरपालिकामा प्राप्त हुने विभिन्न आयस्रोतलाई चरणबद्ध रूपमा परिचालित गर्दै वुढीगंगावासीको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार ल्याउनु, विकास प्रक्रियालाई संस्थागत गर्दै **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार, सुरक्षित र समृद्ध बुढीगंगा विकासको आधार**" को दीर्घकालीन सोच हासिल गर्नु यस आवधिक योजनाको मुख्य उद्देश्य रहेको छ ।

## १.३ आवधिक नगर विकास योजना तर्जुमाको विधि र प्रक्रियाः

नगरपालिकाको आवधिक विकास योजना तर्जुमा गर्दा निम्न विधि र प्रक्रिया अवलम्बन गरिएको छ :

## १) प्रारम्भिक चरण :

क) आवधिक योजना तर्जुमा गर्ने क्रममा नगरपालिकाका पदाधिकारी/कर्मचारीहरूसँग मिति २०७९।१२।१७ मा पूर्व तयारी बैठक बसेको थियो । उक्त बैठकमा आवधिक योजना तर्जुमा गर्दा निम्न विषयमा विशेष ध्यान पुरयाउने निर्देशन प्राप्त भएको थियो ।

अ) आवधिक योजनालाई spatial बनाउने र प्राथमिकता प्राप्त रुपान्तरणकारी कार्यक्रम र योजनामा स्रोत साधनलाई सकेसम्म केन्द्रित गरी लगानी गर्ने,

आ) मध्यकालीन खर्च संरचना (MTEF) खाका समेत तयार गरी वार्षिक योजना र आवधिक योजना बीच तालमेल मिलाउने व्यवस्था गर्ने,

इ) दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी योजनामा प्रतिबिम्बित गर्ने,

ई) आवधिक योजनाले लिएका लक्ष्य र उद्देश्य हासिल हुने गरी वार्षिक योजना तर्जुमा गर्ने व्यवस्था मिलाउने,

उ) प्रदेश नीति तथा योजना आयोगले जिल्ला स्तरीय र प्रादेशिक विषय क्षेत्रगत कार्यालयहरूसँग समन्वय स्थापनामा सहजीकरण गर्ने र आवश्यक अध्ययन सामग्री उपलब्ध गराउन सहयोग पुर्‍याउने ।

ख) नगरपालिकाका पदाधिकारी तथा कर्मचारीसँग परिचयात्मक कार्यक्रम :

आवधिक योजना तर्जुमा गर्ने कार्यको औपचारिक थालनी गर्न मिति २०७९।१२।१७ गतेका दिन नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुसँग परिचयात्मक कार्यक्रम नगरपालिकाको कार्यालयमा आयोजना गरिएको थियो । उक्त कार्यक्रम पश्चात योजना तर्जुमा प्रकृयालाई सहजीकरण गर्न सम्पर्क व्यक्ति तोकिनुका साथै स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०७८ (नमूना) बमोजिम निर्देशक समिति, विषय क्षेत्रगत समिति पाँचवटा र प्राविधिक समितिको गठन गर्ने निर्णय गरिएको थियो ।

## २) नगरपालिका स्तरमा आवधिक योजना तर्जुमाका लागि विद्युतीय माध्यमबाट द्बितीय तहको तथ्यांक संकलन एंव फोकस ग्रुप छलफल कार्यक्रम चरण :

अ) निड्सका सबै विषय विज्ञहरूलाई २०७९ चैत्र १७ गते देखि नगरपालिकाका वडा, वस्तिमा रहेका विभिन्न मुख्य जानकार व्यक्ति (key informants), जिल्ला र प्रदेशस्तरिय कार्यालयहरू र नगरपालिकाका पदाधिकारीसँग अन्तरक्रिया गरी द्बितीय तहको (secondary data/ information) र अन्य विबरण संकलन गरिएको थियो ।

आ) जानकार व्यक्तिसँगको छलफल (KII & FGD): द्बितीय तहको सूचना र तथ्यांक बिज्ञहरूले समेत २०७९।१२।१७ देखि २०७९।१२।१९ सम्म नगरपालिकाका विभिन्न वडा र वस्तिमा समेत गई जानकार व्यक्तिहरूसँग छलफल गर्नु भएको थियो र अन्य उपलब्ध दस्तावेज समेत संकलन गरिएको थियो ।

## ३) योजना तर्जुमा चरण :

### दीर्घकालीन सोच तथा योजना तर्जुमा कार्यशालाको आयोजना

अ) आवधिक नगर विकास योजना तर्जुमाको क्रममा मिति ०७९ चैत्र १७ देखि १९ गतेसम्म ३ दिने सोच कार्यशालाको आयोजना गरिएको थियो । जसमा ४७ जना सहभागी र पदाधिकारीको उपस्थिति रहेको थियो ।

आ) आवधिक योजनाको अवधारणा, मध्यकानीन खर्च संरचना (MTEF), लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) वन वातावरण र पूर्वाधार सम्बन्धी विषय प्रस्तुत गरी छलफल गरिएको थियो । नगरपालिकाको सबल र कमजोर पक्ष तथा अवसर र चुनौतिहरूको विषयगत समूहमा रही विश्लेषण गरिएको थियो ।

इ) दीर्घकालीन सोचको निर्धारण प्रक्रिया : दोस्रो दिनको सत्रमा सोचको अवधारणा र सहभागितामूलक विधिबाट सोच निर्धारण गर्ने तरिका प्रस्तुत गरिएको थियो । यस प्रक्रियामा सबै सहभागीलाई एक-एकवटा विचार मेटाकार्डमा लेखी प्रस्तुत गर्न अनुरोध गरिएको थियो । कार्ड संकलन पश्चात प्रत्येक सहभागीका विचार संकलन गरी छलफल गरिएको थियो । छलफल पश्चात कार्डहरूलाई विभिन्न समूहमा छुट्ट्याई यी विचारहरूलाई संयोजन गरिएको थियो ।

दोस्रो दिनको अन्तिम सत्रमा कार्यदलका उपसंयोजकज्युले विभिन्न चारवटा बिचार प्रस्तुत गरी मष्तिष्क मन्थन पश्चात, **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार, सुरक्षित र समृद्ध बुढीगंगा विकासको आधार** को दीर्घकालीन सोच निर्धारण गरिएको थियो ।

ई) समष्टिगत लक्ष्य र उद्देश्य निर्धारण : नगरपालिकाको समष्टिगत लक्ष्य र उद्देश्य निर्धारण गर्ने तरिकाको अवधारणात्मक प्रस्तुति विज्ञबाट गरी वुढीगंगा नगरपालिकाको ५ बर्षे लक्ष्य र उद्देश्य सबै सहभागिको संलग्नतामा (Plenary session) बाट नै निर्धारण गरिएको थियो । तत्पश्चात सबै सहभागिहरूलाई निम्न विषय क्षेत्रगत समूहमा छलफल गर्न ५ वटा समूह (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण, संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन) गठन गरिएको थियो ।

उ) उक्त आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण विकास, सुशासन र संस्थागत विकास क्षेत्र गरी पाँच विषय क्षेत्रगत समितिले आ-आफ्नो विषयक्षेत्र र उपक्षेत्रले नै सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीको बिश्लेषण समेत गरिएको थियो । यसका साथै विषयक्षेत्र र उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनिति, कार्यनीति पाँच वर्षको सूचकहरूको आधारमा लक्ष्य (Target) र क्षेत्र, उपक्षेत्रगत र परियोजना वैंक समेत प्रस्तुती गरिएको थियो । सबै समूहले तयार गरेको आ-आफ्नो समूहको प्रस्तुति Plenary बाट अनुमोदन गरिएको थियो । अन्त्यमा, कार्यशालामा सहभागी प्रतिनिधिहरू, वडा अध्यक्ष, नगरपालिकाका उपप्रमुख ज्यूबाट मन्तव्य सहित कार्यशालाको समापन गरिएको थियो ।

४) आवधिक योजना तर्जुमाको प्रारम्भिक मस्यौदा मिति २०८०।०२।०९ मा नगरपालिकामा प्रस्तुत भए पश्चात नगरपालिकाबाट प्राप्त सुझाव तथा पृष्ठपोषण अनुसार आवधिक योजना दस्तावेजमा सुधार गरिएको थियो । सो कार्यक्रममा प्राप्त सल्लाह र सुझावहरू समावेश गरी आवधिक योजनालाई अन्तिम स्वरूप प्रदान गरिएको छ ।

## १.४ योजना तर्जुमाका आधारहरू

वुढीगंगा नगरपालिकाको आवधिक योजना तर्जुमा गर्दा निम्न दस्तावेजको अध्ययन गरिएको थियो ।

- नेपालको संविधान,
- पन्ध्रौं योजनाको दस्तावेज, तथा पन्ध्रौं योजनाको समिक्षा प्रतिवेदन
- नेपालको दीर्घकालीन सोचपत्र २१००,
- दिगो विकासका लक्ष्यहरू तथा तिनले निर्धारण गरेका प्रमुख क्षेत्रहरू,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७,
- नेपाल सरकारका क्षेत्रगत नीतिहरू, विषयगत रणनीतिहरू,
- विपद व्यवस्थापन सम्बन्धी नेपाल सरकारका नीति तथा रणनीतिहरू,
- नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका निर्देशनहरू,
- आवधिक योजना तर्जुमा दिग्दर्शन, २०७८,
- गाउँ र नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७४,
- सुदूरपश्चिम प्रदेश सरकारको पहिलो आवधिक योजना, वार्षिक नीति, कार्यक्रम तथा क्षेत्रगत नीति तथा कार्यक्रमहरू,
- स्थानीय तहमा क्रियाशील प्रमुख राजनीतिक दलको घोषणापत्र,
- स्थानीय राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी, निजी, गैरसरकारी तथा नागरिक समाजबाट प्राप्त सुझावहरू,
- प्रदेश तथा जिल्लास्तरीय कार्यालयका कार्यक्रम तथा अन्तरक्रियाबाट प्राप्त सुझावहरू,
- सहकारी, वन उपभोक्ता समूह तथा नागरिकबाट प्राप्त सुझावहरू,
- नगरपालिकाका गत विगत वर्षका वार्षिक कार्यक्रम, बजेट, नीति, निर्देशिका तथा कानूनहरू,
- नगरपालिकाबाट अध्ययन गराइएका विभिन्न कार्यक्रम, नीति, बजेट तथा सम्बन्धित दस्तावेजहरू ।

## १.५ संघीय र प्रादेशिक योजनासँगको तादात्म्यता

दीर्घकालीन सोचसहितको पन्ध्रौं राष्ट्रिय योजनाले 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन सोच बमोजिम समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवनसहितको समाजवादोन्मुख लोक कल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार

निर्माण गर्ने राष्ट्रिय लक्ष्य लिएको छ। नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता बमोजिम सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने आधार तयार गर्ने, सन् २०२१ मा अति कम विकसित मुलुकबाट स्तरोन्नति गर्दै सन् २०३० मा मध्यम आय भएको मुलुकमा पुग्ने दीर्घकालीन लक्ष्यतर्फ निर्दिष्ट रहेको छ।

पञ्चवर्षीय योजनाको राष्ट्रिय लक्ष्य, उद्देश्य र रणनीति एवं दिगो विकासका लक्ष्यहरूमध्ये स्थानीय तह सम्बद्ध लक्ष्य समेतलाई दृष्टिगत गरिनुका साथै समृद्ध नेपालका सूचकलाई स्थानीयकरणबाट राष्ट्रिय लक्ष्यमा परिपुरकता कायम हुने गरी आवधिक नगर विकास योजनाका लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति पहिचान गरिएको छ। यस्तै विकासका अन्तरसम्बन्धित विषय जस्तैः दिगो विकास लक्ष्य, वातावरण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन र बालमैत्री शासन जस्ता विषयहरूलाई सम्बोधन गर्ने प्रयास गरिएको छ।

## १.६ नगरपालिकाको वस्तुस्थिति विवरण

### (क) भौगोलिक अवस्था

सुदुर पश्चिम प्रदेश अन्तर्गत बाजुरा जिल्लाको पश्चिम/दक्षिण दिशामा बुढीगंगा नगरपालिका अवस्थित छ। साविकको ब्रमतोला, कुलदेवमाण्डौं र बाह्रबिस गा.वि.स. मिलेर बनेको यो नगरपालिका ५९.२ वर्ग कि.मि.मा फैलिएको छ। यस नगरपालिकामा दश वडा रहेका छन्। यस नगरपालिकाको




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

पूर्वमा- त्रिवेणी नगरपालिका र अछामको मेल्लेख गाउँपालिका, पश्चिममा- खप्तड छेडेदह गाउँपालिका, उत्तरमा- बडीमालिका नगरपालिका र दक्षिणमा- अछाम जिल्लाको साँफेबगर नगरपालिकासंग सिमा जोडिएको छ। यो नगरपालिकाको भौगोलिक अवस्थिति २९.२४'०२.१" उत्तरी

अक्षांसदेखि ८१'२६'४३.७" पुर्वी देशान्तरमा रहेको छ । यस नगरपालिकाको पालिका कार्यालय बाजुरा जिल्लाको पूरानो सदरमुकाम कुलदेवमाण्डौं, नौविसमा रहेको छ । समुद्री सतहबाट ७१४ मिटरदेखि २५०० मिटरसम्म उचाइ रहेको यस नगरपालिकाको कुल ५९.२ वर्ग कि.मी. क्षेत्रफलमध्ये ३० वर्ग कि.मी. (५२ प्रतिशत) भुभाग खेतीयोग्य जमिनले ओगटेको छ भने ११.२५ वर्ग कि.मी. (१९ प्रतिशत) भुभाग वनजंगलले ढाकेको छ र १०.६५ वर्ग कि.मी. (१८ प्रतिशत) घाँसे मैदान गरी ३७ प्रतिशत हरियाली क्षेत्र रहेको छ भने वाँकी जमिन चरण, नदी नाला वस्ती आदिले ओगटेको छ । यस नगरपालिकामा उष्ण प्रदेशीय र समसितोष्ण प्रदेशीय हावापानी पाइनुका साथै बाजुरा जिल्लाकै सबैभन्दा बढी उर्वर खेतियोग्य जमिन पनि रहेको पाइन्छ ।

मध्य पहाडी क्षेत्रको उच्च पहाडी जिल्ला अन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसावले उच्च पहाडी उपत्यकाभित्रको समथर क्षेत्र रहेको छ । तथापी होचा तथा अग्ला पहाडी श्रृंखलाका काखमा रहनुका साथै समथर भूवनोट भएको यस नगरपालिकामा विविधतायुक्त धरातलीय अवस्थीती रहेको छ । यस क्षेत्रमा मुख्यतया नदी तटीय क्षेत्र फालासैन लगायतका स्थानहरुमा समथर भूभाग रहेको छ । नगरपालिकाको माथिल्लो क्षेत्रमा चट्टानी भूभाग, पाटन तथा वनजंगल रहेको देख्न सकिन्छ ।

### (ख) जनसङ्ख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको जनसङ्ख्या २०१८५ रहेको छ जसमध्ये ५४.२ प्रतिशत महिला र ४५.८ प्रतिशत पुरुष रहेका छन् । यस नगरपालिकामा ४५५४ घरधुरी रहेका छन् । जसअनुसार औषत घरपरिवार सङ्ख्या ५.०७ रहेको पाइन्छ । यहाँ आर्थिक रूपले सक्रिय जनसङ्ख्या ७३.७ प्रतिशत रहेको छ । जसमा पनि युवा १६ देखि ४० वर्ष उमेर समूहको बाहुल्यता (३७.०२%) रहेको छ । मध्यिका (median) आयु २५ वर्ष भएको कारण नगरपालिकाले जानसाङ्खिक लाभ लिने सुवर्ण अवसर रहेको छ । ६० वर्षभन्दा माथिको जनसङ्ख्या करिब १०.१७ प्रतिशत मात्र रहेको छ ।

### (ग) अनुपस्थित जनसङ्ख्या

यस नगरपालिकाको अनुपस्थित जनसङ्ख्याको दर तुलनात्मक रूपमा उच्च रहेको छ् । करिब ११ प्रतिशत जनसङ्ख्या नगरपालिकाभन्दा अन्यत्र स्थानमा बसेको देखिन्छ । कुल जनसङ्ख्या मध्ये देशबाहिर बसोबास गर्नेको सङ्ख्या ४२३८ (२१%) छ भने देशभित्रकै अन्यत्र स्थानमा बसोबास गर्नेहरू कुल २१६१ (१०.८%) रहेका छन् ।

### (घ) जातजाति र भाषाभाषी

यस नगरपालिकामा विभिन्न जातजातिको बसोवास रहेको छ । मुख्य रूपमा ब्राह्मण ११.४%, क्षेत्री ४८.४%, कामी ११.५%, दमाई ७.३%, लोहार ४.६%, ठकुरी ४.५%, सार्की ४.५%, वादी २.४%, सन्यासी १.७% र मगर ०.४% रहेको देखिन्छ । मातृभाषाको आधारमा करिब ९५ प्रतिशतले नेपाली भाषा प्रयोग गर्ने देखिन्छ भने करिव ५ प्रतिशतले स्थानीय वाजुरेली भाषा प्रयोग गरेको देखिन्छ । धर्मको आधारमा हिन्दू (९९%), बौद्ध (०.१%), र अन्य धर्म करिब (०.९%) प्रतिशत रहेको देखिन्छ ।

### (ङ) गार्हस्थ्य उत्पादन र आर्थिक क्रियाकलाप

यहाँको कूल गार्हस्थ्य उत्पादन करिब १८२ करोड रहेको अनुमान छ। यसमा प्राथमिक क्षेत्र (कृषि, वन, खानी तथा खनिज आदि) को योगदान करिब ४० प्रतिशत रहेको छ। भौतिक पूर्वाधारका अन्य क्रियाकलाप तथा लघु जलविद्युत्को कारण द्वितीयक क्षेत्र (उद्योग, विद्युत, पानी, ग्याँस, निर्माण आदि) को.योगदान २२ प्रतिशत रहेको अनुमान छ। तृतीय क्षेत्र (सेवा) को योगदान ३८ प्रतिशत रहेको अनुमान गरिएको जसमा व्यापार तथा होटेलको प्रमुख हिस्सा रहेको छ। यस अनुरूप प्रतिव्यक्ति कुल गार्हस्थ आय रु. ९०,१६५ अनुमान गरिएको छ। केन्द्रीय तथ्याङ्क विभागको आँकडा अनुसार यहाँ जम्मा १६३ वटा आर्थिक प्रतिष्ठानहरू रहेका छन्। यी प्रतिष्ठानहरू मध्ये अधिकांश तृतीय क्षेत्रको रहेको देखिन्छ। उत्पादनशील उद्योगहरू करिब २३ वटा रहेका छन् जसमा खाद्यान्नसँग सम्बन्धित उद्योगहरूको हिस्सा अधिक रहेको छ। वित्तीय क्षेत्रमा एकवटा बैंक र तिनवटा लघुवित्तीय संस्थाहरू कार्यरत रहेको देखिन्छ भने २१ वटा सहकारी संस्था दर्ता भएकामध्ये करिब ९ वटा मात्र सञ्चालनमा रहेका छन्। यसमा पनि अधिकांश ऋण तथा वचत सहकारी रहेका छन्। यस पालिकामा वित्तीय पहुँचको अवस्था भने सन्तोषजनक छ। विप्रेषण तथा वृद्ध भत्ता लगायत सरकारी भत्ताहरू बैंक मार्फत् हस्तान्तरण हुने कारण करिब ५४ प्रतिशत घरमुलिको बैंक तथा वित्तीय संस्थामा खाता रहेको देखिन्छ।

## (च) पेशा व्यवसाय

कृषि यहाँको मुख्य पेशा र जनजीविकाको आधार रहेको छ। हाल रोजगारमा रहेका मध्ये (१५ देखि ५९ वर्ष उमेर समूह) ७८.३ प्रतिशत कृषि पेशामा आवद्ध छन्। मकै, कोदो, धान, जौं, गहुँ आदि प्रमुख बालीहरू रहेका छन्। नगदे बाली अन्तर्गत न्युन रूपमा सुन्तला, कागती, तथा ओखर समेतको उत्पादन भएको देखिन्छ। पशुपालनतर्फ गाई र भैंसीपालन, बाखापालन, कुखुरापालन आदि रहेका छन्। ताजा तरकारी तथा फलफूलको भने न्यूनरूपमा उत्पादन हुने भएकाले यस्ता कृषि उपजका लागि बाह्य निर्भरताको अवस्था रहेको छ। बहुसङ्ख्यक परिवार कृषि तथा पशुपालनमा आवद्ध भए पनि जम्मा ५ प्रतिशत घरधुरीले मात्र कृषि उपज बिक्री गर्ने गरेको देखिन्छ। सुन्तला, कृषि, आलुमा केही व्यवसायिकता देखिए पनि व्यवसायिक कृषिको आकार र आम्दानी भने न्यून रहेको छ।

यसैगरी भौतिक पूर्वाधारको निर्माणले गति लिएसँगै मजदुरी पेशामा आवद्ध हुनेको सङ्ख्या समेत वृद्धि भएको देखिन्छ। भौतिक पूर्वाधार अन्तर्गत बाटो, खानेपानी निर्माण आदि क्रियाकलापहरू रहेका छन्। हालै सङ्कलित आँकडा अनुसार करिब ३८ प्रतिशत मजदुरी पेशामा रहेका छन् भने करिब १० प्रतिशत नोकरीमा आबद्ध छन्। यहाँका साना तथा मझौला उद्योगहरुमा १२३ जनाले रोजगार प्राप्त गरेको देखिन्छ। करिब ७ प्रतिशत उद्योग तथा व्यापार क्षेत्रमा रहेका छन्। करिब २३ प्रतिशत वैदेशिक रोजगारमा संलग्न रहेका छन्। करिब २५ प्रतिशत भने बेरोजगार देखिएका छन्।

## (छ) आधारभूत सेवा सुविधा

यस नगरपालिकामा आधारभूत आवश्यकतामा पहुँचको अवस्था भने राम्रो रहेको छैन। करिब २०.५ प्रतिशत घरधुरीमा पाइपमार्फत् खानेपानी उपलव्ध रहेको छ। यसमा करिब आधा घरपरिवार ६२.३ प्रतिशतले आफ्नै घर कम्पाउन्डभित्र रहेका धारा मार्फत् पानी सङ्कलन गर्दछन् भने १६.३ प्रतिशतले सार्वजनिक धारामा आश्रित छन्। पहुँचको दृष्टिकोणबाट खानेपानीको अवस्था प्रतिकुल रहेको तथा स्वच्छ खानेपानीको उपलव्धता, यसको वितरणमा नियमितता, नियमित मर्मत/सम्भार जस्ता मुद्दा

पनि कायमै रहेका छन् । यसैगरी प्रकाशको स्रोतमा ९३.४ प्रतिशतले बिजुली र ५.५ प्रतिशतले सोलार प्रयोग गरिरहेको देखिन्छ। बिजुली लघु जलविद्युत् सञ्चालन मार्फत् उपभोग गरिएको छ। लघु जलविद्युत्बाट बिजुली प्राप्त भएका कारण ठूला क्षमताका घरायसी उपकरण लगायत घरेलु उद्योगहरू सञ्चालनमा भने कठिनाइ रहेको छ। करिब ९७ प्रतिशत घरमा ट्वाइलेट उपलब्ध छ जसमा सेफ्टी ट्याङ्की सहितको ६४.८% घरधुरी रहेका छन् भने ३२.२ प्रतिशत घरधुरीमा साधारण खाल्डेचर्पी रहेका छन्। खाना पकाउनका लागि चाहिने इन्धनमा भने ९१.३ प्रतिशत घरधुरीले काठ/दाउरा प्रयोग गरिरहेको अवस्था छ। करिब ८.२ प्रतिशत घरधुरीले ग्याँस प्रयोग गरेको देखिन्छ। वायो/ग्यास भने न्यून (१ प्रतिशतभन्दा कम) ले प्रयोग गरेका छन् ।

### (ज) शैक्षिक अवस्था

शिक्षा क्षेत्र अन्तर्गत कुल साक्षरता दर ७१.७६ प्रतिशत रहेको छ भने १५ देखि ६० वर्षसम्मको साक्षरता दर ९९.०३ प्रतिशत रहेको छ । जुन उमेर समूहमा पुरुष ८२.८२% र महिला ६२.८८% साक्षरता भएको देखिन्छ। यस नगरपालिकामा शैक्षिक संस्थाहरूमा क्याम्पस १, आधारभूत तह २४ ( निजी ६ सहित), माध्यमिक ८, सामुदायिक सिकाई केन्द्र ३, वालविकास केन्द्र ३६ गरी जम्मा ७२ रहेका छन्। सामुदायिक विद्यालयहरूमा जम्मा २८७ (निजि श्रोत सहित) जना शिक्षक रहेका छन्। यी विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीको कुल सङ्ख्या ८११० जना रहेका छन्। हाल अध्ययनरत विद्यार्थीहरूमध्ये ४२०४ छात्रा र ३९७६ छात्र रहेका छन्। सबैभन्दा बढी विद्यार्थीहरू आधारभूत तहमा ५५८८ जना अध्ययनरत छन् । माध्यमिक तहमा अध्ययन गर्नेको सङ्ख्या ९३८ जना छन् भने पूर्व प्राथमिक तहमा १०७२ जना रहेका छन्। नगरपालिकाका ३६ विद्यालयहरुमा नै महिला प्रधानाध्यापक रहेको देखिन्छ। यस नगरपालिकामा शिक्षक/विद्यार्थीको अनुपात १:४० रहेको देखिन्छ। शैक्षिक सत्र २०७९ मा कुल ८११० विद्यार्थी रहेकोमा छात्रा ४२०४ र छात्रको सङ्ख्या ३९७६ रहेको देखिन्छ। नगरपालिकामा कक्षा १ मा भर्नादर ९४.८ प्रतिशत रहेको छ भने आधारभूतमा ९३ र माध्यमिक तहमा ८०.१ रहेको छ। यसैगरी कक्षा छाड्ने दर कक्षा १ मा १६ प्रतिशत, कक्षा २ मा ११ प्रतिशत र कक्षा ४ मा ९ प्रतिशत रहेको छ।

### (झ) स्वास्थ्य सेवा

यस बुढीगंगा नगरपालिकामा स्वास्थ्य संस्थाको उपस्थिति अनुसार यहाँ ११ वटा स्वास्थ्य संस्था रहेको देखिन्छ। यसमा ३ वटा स्वास्थ्यचौकी रहेका छन् भने ७ वटा सामुदायिक स्वास्थ्य इकाई रहेको देखिन्छ भने १ वटा नगर स्वास्थ्य इकाई सञ्चालनमा रहेको छ। निजी क्लिनिक १७ वटा रहेका छन्। यी स्वास्थ संस्थाहरूमा १७ जना अहेव तथा ४ जना हेल्थ असिस्टेन्ट रहेका छन्। अन्य स्वास्थ्यकर्मीहरूमा १८ जना कार्यरत रहेका छन्। कुल ११ वटा स्वास्थ्य संस्थाहरूमध्ये प्रसूति सेवा ६ वटामा, ल्याब सेवा ३ वटामा, परामर्श सेवा ११ वटामा, खोप सेवा ११ वटामा र एउटामा एक्सरे सेवा उपलब्ध रहेका छन्।

### (ञ) स्थानीय पूर्वाधार

पूर्वाधारतर्फ यस नगरपालिकामा कालोपत्रे सडक ३० कि.मि, ग्राभेल सडक १० कि.मि. धुले सडक ८४ कि.मि रहेको छ। हाल बाह्रै महिना चल्न सक्ने पक्की सडकको लम्वाइ ४० किलोमिटर

रहेको छ । यस नगरपालिकामा ३ वटा पक्की पुल र १० वटा झोलुङ्गे पुल रहेका छन् । दुई घण्टाको दुरीमा सडकको पहुँच भएको जनसङ्ख्या ९० प्रतिशत रहेको छ । साफेवगर – मार्तडी पक्कि कालोपत्रे सडक खण्डको विचमा रहेको बुढीगंगाा नगरपालिकाको गौरवको योजनाको रूपमा रहेको छ भने नगरपालिका स्तरको सडकको रूपमा फालासैन देखि नगरपालिका हुदै डेल्टा वजारसम्म सोलार वत्तीसहितको पक्की वाटो निर्माण तथा वुढीगंगा शाखा सडक हुदै रिंगरोड सडक कालोपत्रे सडक नगरपालिकाको गौरवको रूपमा रहेको छ । यस नगरपालिकाका घर धुरीमध्ये ४० प्रतिशतमा मोटरेबल बाटोले जोडेको देखिन्छ । यसै वर्षबाट बुढीगंगा नगरपालिकाले बिधुत् प्राधिकरणको नगरपालिका स्तरिय कार्यालय स्थापनाका लागि सर्भे भई डिपिआर गरेको छ जुन राम्रो उपलब्धिको रुपमा लिन सकिन्छ ।

यसैगरी सरकारी, सहकारी तथा सामुदायिक कार्यालयतर्फ कुल २३ वटा भवन रहेका छन् । यस नगरपालिकाको ६ वटा वडा भवन रहेका छन्, ७ वटा सामुदायिक भवन, १ वटा सरकारी भवन तथा ९ वटा सहकारीका भवन रहेका छन् ।

### (ट) प्राकृतिक स्रोत तथा जैविक विविधता

यस नगरपालिकाको करिब ३७ प्रतिशत भूभाग वन-जङ्गलले ढाकेको छ । उच्च हिमालदेखि समथर पहाडको उपस्थिति रहेका कारण कृषि, पशुपालन, जडीबुटी, वन पैदावार, मिनरलयुक्त पानी, ढुङ्गा जस्ता क्षेत्रहरूको उच्च सम्भावना रहेको छ । तथापि कठिन भौगोलिक अवस्थाका कारण विपद् र जोखिमसमेत उच्च रहेको छ ।

### (ठ) विपद् जोखिम

यहाँको कूल भूभागमध्ये करिब ९ प्रतिशतमात्र १० डिग्री भिरालोभन्दा कम भूभाग रहनु, करिब १७ प्रतिशत भूभाग ४५ डिग्रीभन्दा बढी भिरालो रहनाले पहिरो यहाँको प्रमुख समस्याको रूपमा रहेको छ । । यस नगरपालिकामा करिब वनक्षेत्र ११.२५  वर्ग कि.मि १९ प्रतिशत तथा बुट्यान क्षेत्र १०.६५ वर्ग कि.मि १८ प्रतिशत भूमि वन तथा घाँसे बुट्यान क्षेत्रले ढाकेको पाइन्छ । वुढीगंगा नगरपालिका बाढी, पहिरो, खडेरी, हावाहुरी, माहामारी, आगलागी, चट्याङ, र रोगकीराको दृष्टिले अत्यन्त जोखिमको रुपमा रहेको देखिन्छ । त्यसका अलावा यस भेगमा जंगली जनावर आतंक, असीना, सडक दुर्घटना जस्ता प्रकोपले पनि बर्षेनी मानिस तथा धनजनको क्षति हुने गरेको पाईन्छ । फलस्वरूप पहिरो यहाँको प्रमुख समस्याको रूपमा रहेको छ । वडा नं. १ का वजेडी, निमिनि, देनसायल, साहुवाडा, लगायत वार्जुघाट देखि हड्डे खोलासम्म १०६ घरपरिवारहरु पहिरोका कारण विस्थापित भएको देखिन्छ ।

## १.७ हालसम्मको विकास समीक्षा

नेपालको संविधान अनुसार राज्यको पुर्नसंरचना भए पश्चात गठित यस नगरपालिकामा संघीय गणतान्त्रिक व्यवस्था अन्तर्गत पहिलो पटक २०७४ सालमा तथा २०७९ को बैशाख ३० गते दोश्रो पटक स्थानीय तहको आम निर्वाचन स्थगित भई अषाढ २३ गते पुनः तेस्रो पटकमा निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधिले कार्यभार सम्हालेको झन्डै ६ वर्ष नाघेको छ भने दोश्रो आमनिर्वाचन पश्चातको पहिलो वर्षको समयावधि सम्पन्न हुन लागेको छ । यसरी निर्वाचित जनप्रतिनिधिको कार्यकालको यो पहिलो वर्ष समापन हुन लाग्दा बाँकि ४ वर्षमा स्थानीय तहको दोश्रो जनप्रतिनिधिको

समयावधि वाकि रहँदा यो आवधिक योजना वुढीगंगा नगरपालिकाको लागि महत्वपूर्ण हुने अपेक्षा रहेको छ । यस नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को आधाररेखा तथ्यांकलाई आधार वर्षको रुपमा लिईएको छ । प्रथम आवधिक योजनाको शुरुवात आर्थिक वर्ष २०८०/८१ लाई पहिलो वर्षको रूपमा लिंदा आर्थिक वर्ष २०७९/०८० सम्म प्राप्त उपलब्धिलाई सूचकको रूपमा लिई समीक्षा गरिएको छ ।

## समीक्षा अवधिमा प्राप्त आय

रु. हजारमा

| क.सं. | शिर्षक | आ.व. २०७६।०७७ को यथार्थ | आ.व. २०७७।०७८ को यथार्थ | आ.व. २०७८।०७९ को यथार्थ | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व | ७९.८० | ४७९.९६ | १३०३.५९ | १८६३.३५ |
| २ | अनुदान (समानिकरण, ससर्त, विशेष, समपरक) संघ | ३३२८९६.४० | ४३०३३२.८१ | ४०८८०७.०० | ११७२०३६.२१ |
| ३ | राजश्व वाँडफाँड | ४१९६०.२४ | ४८०७४.९२ | ५८०७०.५०४ | १४८१०५.६६ |
| ४ | अनुदान (समानिकरण, ससर्त, विशेष, समपरक) प्रदेश | ३७२२०.०० | ३७६५९.०० | २८९१७.०० | १०३७९६.०० |
| ५ | राजश्व वाँडफाँड | १४०५.३४ | १५०२.०० | २९८४.६४३ | ५८९१.९८ |
| ६ | राजश्व वाँडफाँड र अनुदान ( समानिकरण, ससर्त, विशेष, समपुरक) संघ र प्रदेश | ४१३५६१.७८ | ५१८०४८.६९ | ५०००८२.७३ | १४३१६९३.२० |
| कुल आयमा आन्तरिक राजश्वको प्रतिशत | | ०.०२ | ०.०९ | ०.२६ | ०.१३ |
| कुल वजेट (पुँजिगत) रु. करोडमा | | २३४१०२.९८ | २१७२६१.०० | २२९०४१.०1 | ६८०४०४.९८८ |
| कुल खर्च (पुँजिगत) रु. करोडमा | | १११२८४.४९ | १४१७८१.७६ | ११८०७०.५४ | ३७११३६.७८३ |
| खर्च प्रतिशतमा | | ४७.५४ | ६५.२६ | ५१.५५ | ५४.५५ |

उपरोक्त विवरण अनुसार आन्तरिक आयको भाग एकदमै न्यून देखिन्छ भने संघीय र प्रादेशिक अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त आम्दानीको भर पर्नुपर्ने अवस्था रहेको छ ।

तिन बर्षमा यस नगरपालिकाको वित्तीय स्रोतमा आन्तरिक राजस्वको हिस्सा कुल वित्तीय स्रोतको ०.१३ प्रतिशत छ । संघीय सरकारको अनुदान सबैभन्दा बढी ८२%, प्रदेश सरकारको अनुदान ७%, संघबाट राजस्व बाँडफाँड १०% र प्रदेशबाट राजस्व बाँडफाँड ०.५% रहेको छ ।

नगरपालिकाको राजस्व सुधार कार्य योजना पनि तर्जुमा भएको अवस्थामा उक्त योजनालाई कार्यान्वयनमा ल्याई सम्भाब्य स्रोत परिचालन गर्नुपर्ने अत्यावश्यक देखिएको छ । पुँजीगत खर्च गर्ने क्षमता २०७७।०७८ मा सरदर ६५ प्रतिशत रहेको थियो भने २०७८।०७९ मा करिब ५२ प्रतिशत देखिएको छ जुन औषत नेपालको सन्दर्भमा ठिकै मान्न सकिन्छ ।

## १.८ सीमाहरू

१. यस नगरपालिकाको आवधिक योजना तर्जुमा क्षेत्र व्यापक रहेको भए तापनि उपलब्ध सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस योजना तर्जुमा गोष्ठीहरूको समय सीमा र उपस्थितिमा सीमितता रह्यो ।

२. वस्तुगत विवरण नगरपालिका आफैले तयार गरिरहेको तथा वन्ने कममा रहेको हुनाले केही थप तथ्यांक र सूचनाहरुको समयका कारणले पूर्ति हुन सकेन ।

३. पुराना गाविस एक आपसमा गाभिएर नगरपालिका बनेकाले पुराना तथ्याङ्कहरू प्राप्त हुन सकेन र जिल्लास्थित कार्यालयहरूका तथ्याङ्कहरू समेत पालिकागत रूपमा तयार हुन नसकेकाले सीमित सूचनाका आधारमा योजना तर्जुमा गर्नुपर्ने अवस्था सृजना भयो ।

४. यस आवधिक योजना तर्जुमा नगरपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, स्थानीय पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूसँग गरिएको छलफल, गोष्ठी, अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सुझाब र सूचनाको आधारमा तयार गरिएको हो ।

५. आवधिक योजना तर्जुमाको लागि स्थानीय तहले उपलब्ध गराएको तथ्याङ्क तथा केन्द्रीय तथ्याङ्क विभागले सर्वेक्षण मार्फत निकालेको तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ ।

६. वार्षिक रूपमा अनुगमन मूल्याङ्कन पश्चात आवधिक योजना तर्जुमामा अध्यावधिक गर्न सकिने छ ।

# परिच्छेद- २
# दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

## २.१ पृष्ठभूमि

नेपालको संविधानद्वारा प्रदत्त अधिकारलाई आ-आफ्नो तहमा कार्यान्वयन गर्दा तिनै तहका सरकार बीच आपसी सहकार्य, सहअस्तित्व र समन्वयका आधारमा गर्नुपर्ने व्यवस्था गरेको छ । यसरि जिम्मेवारी र दायित्व निर्वाह गर्दा प्रत्येक तहगत सरकारले आ-आफ्नो तहमा नीति, ऐन, कानून, योजना, कार्यक्रम, मापदण्ड निर्धारण गरी गर्न सक्ने अधिकार समेत सम्बन्धित सरकारमा रहेको छ ।
यसै सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले "नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा नगरपालिकाको समष्टि तथा समन्वयित विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत एवं विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था समेत गरेको छ । यसै सन्दर्भमा वुढीगंगा नगरपालिकाले सहभागितात्मक र समावेशी प्रक्रिया अबलम्बन गरी यो आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रतिबद्धता समेत व्यक्त गरेको छ ।

## २.२ सबल, कमजोर पक्ष तथा अवसर र चुनौती (SWOT) विश्लेषण

नगरपालिकामा आयोजना गरिएको कार्यशालाका सहभागीहरूसंगको छलफलबाट निम्न सबल, कमजोर पक्ष तथा अवसर र चुनौती (SWOT) का क्षेत्र पहिचान गरिएका छन ।

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| • नगरपालिकाको वस्तुगत विवरण तयार हुने क्रममा रहनु,<br>• नगरपालिकाको यस प्रथम आवधिक नगर विकास योजनाले वुढीगंगालाई विकासको निर्दिष्ट दिशातिर लाने सम्भावना रहनु ।<br>• नगरपालिकाको ४१ प्रतिशत भूभागमा वनजङ्गल हुनाले जडीबुटी लगायत गैर काष्ठ वन पैदावारबाट गैर कृषि उत्पादन र व्यवसायीकरणको सम्भावना हुनु ।<br>• माइक्रो हाइड्रोले जलविद्युत्को उत्पादनको विस्तार हुने क्रम जारी रहनु ।<br>• धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थानका अलावा पदयात्रा तथा रमणीय दृश्यावलोकनका ठाँउहरू नगरपालिकामा रहनु ।<br>• कृषि व्यवसाय सुहाउँदो हावापानी भएकोले सोअनुसार कृषि उपज र पशुपालनको | • नगरपालिकाको संरचना नयाँ हुनुका साथै कर्मचारीको अभाव, काम गर्न प्राविधिक सीप, ज्ञानको कमी ।<br>• आधारभुत खाद्यान्य, फलफूल, तरकारी, मासुका लागि आत्मनिर्भर हुन नसक्नु ।<br>• सिंचाइ योग्य कृषि भूमिमा सिंचाइ सुविधाको कमी ।<br>• कृषि कार्यका लागि ऋण, प्रविधि, बीउबिजन, प्राविधिक जनशक्ति र परामर्श सेवाको उपलब्धतामा कमी ।<br>• बढ्दो आन्तरिक बसाइँसराइ र आप्रवासन तथा वैदेशिक रोजगारको उच्च आकार ।<br>• पर्यटकीय सम्भावनाहरूको उपयोग गर्न नसक्नु ।<br>• सर्वयाम यातायात पूर्वाधारको कमी ।<br>• प्राविधिक धारको शैक्षिक संस्थाको कमी, शिक्षालाई रोजगारसँग जोड्न नसकिनु । |

| | |
|---|---|
| व्यवसायीकरण गर्न सकिने क्षेत्रहरू रहनु ।<br>• सामाजिक तथा सामुदायिक सशक्तीकरण क्रमिक रूपले बढ्दै जानु ।<br>• नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार भएको ।<br>• नगरपालिकामा इन्टरनेट सुविधाको उपलब्धताबाट केही विषयमा विद्युतीय शासन सेवा (online services) को शुरुवात हुनु, लेखाप्रणाली SUTRA सँग आबद्ध रहनु ।<br>• विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र खानेपानी तथा सरसफाइको गुरुयोजना बन्नु ।<br>• एम्बुलेन्स सेवा सञ्चालनमा रहनु ।<br>• गैरसरकारी संस्था र विकास साझेदारसँग निरन्तर सहकार्य रहनु । | • सूचना प्रविधिमा कमजोर पहुँच ।<br>• योजना प्रणाली व्यवस्थित हुन नसक्नु, ससाना योजनाको बाहुल्यता ।<br>• गुणस्तरीय स्वास्थ्य सेवामा नागरिक पहुँचको कमी ।<br>• जलस्रोत सम्भावनाको अपेक्षित उपयोग हुन नसक्नु ।<br>• विपद्जन्य पूर्वको तयारीमा कमी ।<br>• वन तथा वातावरणलाई आय आर्जनसंग जोड्न नसकिनु ।<br>• राजस्व सुधार योजनाले देखाएका सम्भाव्य राजस्वका स्रोत अनुसार राजस्व असुलीमा सकृयता नरहनु ।<br>• बर्तमान संगठन संरचना अनुसारको कर्मचारी दरबन्दी सबै परिपूर्ति नहुनु ।<br>• सहकारी र कतिपय गैरसरकारी संस्थाहरूका कार्यक्रम र बजेट नगरपालिकाको योजना प्रक्रियामा समावेश हुन नसक्नु ।<br>• नगरपालिकाका समितिहरू आफ्नो कार्य सम्पादनमा अझै सकृय हुन नसक्नु ।<br>• बिद्युत् सेवाको वहु उपयोग (उद्योग, व्यवसाय र खाना पकाउन आदि) हुन नसक्नु ।<br>• दाउराको अत्यधिक उपयोगले वनमा दवाव बढ्नु ।<br>• स्थानीय अनुकुलन कार्ययोजना (Local Adaptation Plan of Action) पारित गरी कार्यान्वयनमा ल्याउन नसकिनु ।<br>• विद्यालय भर्ना दर न्यून हुनु र कक्षा छोड्ने दर बढि हुनु ।<br>• प्राविधिक शिक्षाको विकास हुन नसक्नु र रोजगारीसँग शिक्षाको सम्बन्ध कायम हुन नसक्नु ।<br>• सुशासनका सबै औजारको प्रभावकारी |

| | |
|---|---|
| | कार्यान्वन हुन नसक्नु ।<br>• योजना तथा अनुगमन प्रणाली व्यवस्थित हुन नसक्नु र स-साना योजनाको बाहुल्यता रहनु ।<br>• अधिकांश नागरिकको पेशा कृषि भएता पनि खाद्यान्न, फलफूल, तरकारी, मासु, दूध आदिमा आत्मनिर्भर हुन नसक्नु ।<br>• सिंचाई योग्य कृषि भूमिमा सिंचाई सुविधा पुर्‍याउन नसकिनु ।<br>• एकघर एक धारा र एक चर्पिको लक्ष्य पूर्ति गर्न नसकिनु । |
| **अवसर** | **चुनौती** |
| • स्थानीय विकासमा गैसस तथा सामुदायिक संस्थाको विकास कार्यक्रममा संलग्नता वृद्धि हुने क्रम रहेको ।<br>• आवधिक योजनाले नगरपालिकाको प्राथमिकता क्षेत्रमा लगानी आकर्षित गर्ने अवसर रहनु ।<br>• विभिन्न जडिबुटी नगरपालिकामा रहेका छन्, यससम्बन्धी व्यवसायीकरण र प्रशोधन उद्योगहरूको प्रचुर सम्भावना हुनु ।<br>• पर्यटकीय उपज र पैदलयात्राको फेरोमार्गको विकासबाट बाह्य पर्यटक भित्र्याउने अवसर रहनु ।<br>• नगरपालिकामा ४२.७१ प्रतिशत युवा जनशक्ति रहनु ।<br>• संघीय र प्रदेश सरकारको सडक यातायात लगायतका भौतिक पूर्वाधार निर्माण प्राथमिकतामा रहनु ।<br>• नगरपालिकाको केन्द्र र सबै वडा कार्यालय सम्म मौसमी सडक यातायातको पहुँच रहेको ।<br>• राष्ट्रिय विद्युत प्रशारण लाइनबाट बिद्युत सेवा उपलब्ध भइरहेको । | • उच्च बसाइसराइ व्यवस्थापन गर्नु ।<br>• रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।<br>• स्वास्थ्य बीमालाई सबै नागरिकको दायरामा ल्याउनु ।<br>• सहकारीको लगानीलाई उत्पादनमूलक र गरिवी निवारणोन्मुख कार्यक्रममा उपयोग गर्नु ।<br>• वातावरणमैत्री पूर्वाधारको विकास गर्नु ।<br>• विकास व्यवस्थापनमा अन्तर तह समन्वय गर्नु ।<br>• यातायात पूर्वाधारको विकास र विस्तार गरी सुरक्षित सर्वयाम सडक यातायात सुचारु गराउनु ।<br>• युवामा रोजगार मूलक सीप विकास गरी रोजगारी श्रृजना गर्नु ।<br>• वित्तीय संस्थाबाट गरिने लगानीलाई व्यवस्थित गरी गरिबि निवारण र रोजगारी श्रृजनामा परिचालित गराउनु ।<br>• वाताबरणीय क्षति, जलवायू परिवर्तन र विपद् व्यवस्थापनको जोखिम न्यूनिकरण गर्नु ।<br>• भूक्षयका साथै बाढीपहिरोको जोखिम |

| | |
|---|---|
| • नगरपालिकाको भू बनौट, हावापानी राम्रो रहेकोले कृषि व्यवसायीकरणको सम्भावना बढी रहनु ।<br>• सूचना प्रविधिको पूर्ण उपयोग गरी विद्युतीय सुशासन लागू गर्न सक्ने ।<br>• प्रादेशिक लोकसेवा आयोगबाट आफ्नो स्वीकृत संगठन तालिका बमोजिम कर्मचारी नियुक्त गर्न सकिनु ।<br>• पर्यटकीय आकर्षणका केन्द्रहरुको बिद्यमानता । | नियन्त्रण गर्नु ।<br>• बन डढेलो नियन्त्रण गर्नु ।<br>• जलवायु परिवर्तन अनुकुलनता अभिवृद्धि गर्नु । |

## २.३ दीर्घकालीन सोच

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार– सुरक्षित र समृद्ध बुढीगंगा विकासको आधार"

### दूरदृष्टिका सूचकहरू

**सुरक्षित :** जीवन निर्वाहका लागि चाहिने न्यूनतम खाद्य सुरक्षा, आवास, आधारभूत स्वास्थ, शिक्षा, स्वतन्त्रता र मानव अधिकारको सम्मानको प्रत्याभुति सहित भेदभाव विना शान्तिपूर्वक जीवन निर्वाह एवं आफ्नो पेशा, व्यवसाय सञ्चालन गर्न पाउने वातावरण ।

**समृद्ध :** आय र वितरणको असमानतामा कमी, मानव विकास सूचकांकमा वृद्धि, अवसरको अधिकतम उपयोग गरी उत्पादन र उत्पादकत्वमा वृद्धि, लगानीका अवसरहरू विस्तार गरी रोजगारीमा अभिवृद्धि ।

**विकास :** भावी सन्ततिको आवश्यकता र स्रोतको सुनिश्चिततालाई समेत ध्यानमा राख्दै गरिवी न्यूनीकरण, सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सुविधा, समतामूलक गुणस्तरीय शिक्षा, लैङ्गिक समानता र समावेशी विकास, स्वच्छ पानी तथा सरसफाई, उज्यालो नगर, उत्पादनशील रोजगारी र मर्यादित कामको अवसर, दिगो तथा बलियो पूर्वाधार, सुरक्षित आवास सुविधा र सुशासनयुक्त स्थानीय शासन व्यवस्थाको स्थापना सहितको विकास ।

## २.४ समष्टिगत लक्ष्य

सुशासनको प्रत्याभुति हुने गरी कृषि, पर्यटनमा जोड दिदै सामाजिक, आर्थिक र सुरक्षित पूर्वाधारको दिगो विकास सहित नागरिकको जिवनस्तरमा सुधार भएको हुनेछ ।

## २.५ उद्देश्य

१. व्यवसायिक कृषी तथा पशुपालन, पर्यटन र उद्योग व्यवसायका माध्यमवाट रोजगारी र आयमा वृद्धी गर्नु ।
२. आधारभुत स्वास्थ्य र सरसफाई तथा प्रविधियुक्त गुणस्तरिय शिक्षाका माध्यमवाट समावेशी समाजको निर्माण र मानव संसाधनको विकास गर्नु ।
३. वातावरण तथा लैङ्गिकमैत्री दिगो भौतिक पुर्वाधारको विकास गर्नु ।
४. स्थानिय कला संस्कृतिको जगेर्ना तथा सामाजिक सुरक्षाको प्रत्याभुत गर्नु ।
५. संस्थागत सुशासन कायम भई प्रभावकारी सेवा प्रवाह गर्नु ।

## २.६ रणनीति

१. कृषी र गैर कृषी एवं उद्यमशिलताको विकास र विस्तारवाट उत्पादन र उत्पादकत्वमा वृद्धी गर्ने ।
२. शिक्षा, स्वास्थ्य, आय र रोजगारी लगायतका सवै विकास प्रक्रियामा लैससासको सुनिश्चितताका साथै मुलप्रवाहिकरण गर्ने ।
३. सडक, यातायात, विद्युत्, सिंचाई, सञ्चार र वस्ती विकास लगायतका पुर्वाधारको विकासका साथै लैङ्गिकमैत्री संरचना तयार गर्ने ।
४. वन वातावरण संरक्षण तथा जैविक विविधता कायम गर्दै विपद् जोखिम न्युनिकरणवाट विकास र वातावरणविच सन्तुलन कायम गर्ने ।
५. सामाजिक विकासका सुचकहरुमा सुधार गर्ने ।
६. जलवायु परिवर्तन अनुकुलन कार्ययोजना अनुसार विकास कार्य सम्पादन गरिनुका साथै विपद्को प्रभावकारी व्यवस्थापन गर्ने ।
७. संस्थागत समन्वय एवं सुदृढीकरण गरि विद्युतिय कार्यप्रणाली अवलम्वन गर्दै सुशासनको प्रत्याभुत गर्ने ।

## २.७ परिमाणात्मक लक्ष्य

**तालिका– १**

**आवधिक योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य**

| क.सं. | सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|---|
| | | | आ.व. ०७८/७९ सम्मको अवस्था) | ०८०/०८१ | ०८४/०८५ |
| १ | मानव विकास सूचाङ्क | सूचाङ्क | ०.५७२ | ०.६ | ०.६२४ |
| २ | आर्थिक वृद्धि | प्रतिशत | ४.०६ | ६.९ | ६.९ |
| ३ | आर्थिक गतिविधिमा संलग्न संख्या | प्रतिशत | ७३.७ | ७४ | ७८ |
| ४ | प्रतिव्यक्ति वार्षिक आय | रूपैया | ६३५०० | ७०००० | ८०००० |

| क.सं. | सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | |
|---|---|---|---|---|---|
| | | | आ.व. ०७८/७९ सम्मको अवस्था) | ०८०/०८१ | ०८४/०८५ |
| ५ | आफ्नो उत्पादनबाट वर्षभरि खान पुग्ने परिवार | प्रतिशत | २६ | ३० | ३५ |
| ६ | कृषिक्षेत्रमा संलग्न जनसंख्या (कृषि र पशुपन्छी पालन) | प्रतिशत | ७२.३ | ७० | ६५ |
| ७ | आम्दानीको दुई तिहाईभन्दा बढी खानामा खर्च गर्ने परिवार | प्रतिशत | ८०.८ | ७५ | ६५ |
| ८ | कृषि उपज बेचविखन गर्ने घर परिवार | प्रतिशत | ८ | ११.२ | २० |
| ९ | जम्मा साक्षरता दर | प्रतिशत | ७१.९ | ७३ | ७५ |
| १० | पूर्व प्राथमिक विद्यार्थि ५ वर्ष भन्दा माथि साक्षरता दर | प्रतिशत | ४.४ | ५ | ९ |
| ११ | मापदण्ड अनुसार बनेका आवास घर | प्रतिशत | ३.५ | ५ | १२ |
| १२ | बाह्रै महिना सञ्चालन हुने सडक | कि.मी. | ४० | ५३ | ९० |
| १३ | रुख/बिरुवाले ढाकेको क्षेत्र | प्रतिशत | ३७ | ४० | ४२ |
| १४ | बेरोजगारी | प्रतिशत | ८.२ | ८ | ७ |
| १५ | वैदेशिक रोजगारीमा संलग्न | प्रतिशत | २.९५ | २.७५ | १.५ |
| १६ | महिलाको नाममा सम्पत्ति घर/जग्गा | प्रतिशत | २.३ | ३ | ८ |
| १७ | धाराबाट खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ६२.३ | ६५ | ७० |
| १८ | गरिवीको रेखामुनि रहेको परिवार | प्रतिशत | २६.२ | २५ | २२ |
| १९ | जन्मदर्ता भएको संख्या | प्रतिशत | ९०.६ | ९१ | ९५ |
| २० | विद्युत्मा पहुंच प्राप्त जनसंख्या | प्रतिशत | ९३.४ | ९४ | ९६ |
| सुदुर पश्चिम प्रदेश प्रथम पञ्च वर्षिय योजना, राष्ट्रिय जनगणना २०७८ लाई आधार लिइएको। | | | | | |

## २.८ वित्तीय व्यवस्थापन

### २.८.१ सार्वजनिक स्रोत परिचालनको आधार

वुढीगंगा नगरपालिकाको आवधिक योजनाको दीर्घकालीन सोचअनुसारका लक्ष्य तथा उद्देश्यहरू प्राप्तिका लागि पहिचान गरिएका कार्यक्रमहरूको प्राथमिकीकरण गरी सोको लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरूको आँकलन र नयाँ स्रोतहरूको पहिचान गरी परिचालन तथा उपयोग गरिनेछ ।

### (क) वित्तीय हस्तान्तरण

नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनद्वारा व्यवस्था गरिए बमोजिम यस नगरपालिकालाई संघ र प्रदेशहरूबाट देहाय बमोजिमका वित्तीय स्रोतहरू हस्तान्तरण हुनेछ,

- संघीय सरकारद्वारा वार्षिक रूपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँड,
- प्रदेश सरकारद्वारा वार्षिक रूपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँड,
- वैदेशिक अनुदानतर्फ अर्न्तराष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम संघीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम ।

**(ख) आन्तरिक आय**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले प्राप्त गर्ने कर तथा गैरकरका रकमहरू ।

**(ग) अन्य**

- नगरपालिकाको बजेट संरचना बाहिर संघद्वारा प्रत्यायोजित कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रवाहित हुने रकम र संघीय तथा प्रदेश तहबाट कार्यक्रम सहित प्राप्त हुने रकम ।

## २.८.२ कुल वित्तीय लगानी

वुढीगंगा नगरपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरु सञ्चालनका लागि कूल रु. ४ अर्व ५ करोड वित्तीय लगानी हुने अनुमान छ । सार्वजनिक क्षेत्र अन्तर्गत रु. ३ अर्व ४५ करोड लगानी हुने अनुमान गरिएको छ भने न्यून हुन आउने रु. ६० करोड निजी, सहकारी तथा गै.स.स.बाट हुने अनुमान गरिएको छ । नगरपालिकास्तरमा भएको छलफल तथा उपलब्ध विवरणका आधारमा आवधिक योजना अवधिमा सार्वजनिक, सहकारी, निजी र गैरसरकारी (राष्ट्रिय र अन्तर्राष्ट्रिय) क्षेत्रबाट परिचालन हुने कूल रु. ४ अर्व ५ करोड लगानी विवरण तालिका नं. १ मा दिइएको छ ।

**तालिका– १**

**आवधिक योजनामा बहुक्षेत्रगत अनुमानित लगानी**

| क्र.सं | स्रोत | रकम (रु.हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सार्वजनिक क्षेत्र | ३४५५१६०.०० | ८५.१५ |
| २ | सहकारी क्षेत्र | १५६८६६.०० | ३.८७ |
| ३ | निजी क्षेत्र | २९२१००.०० | ७.१९९ |
| ४ | गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू | १५३४१९.०० | ३.७८१ |
| ५ | कूल जम्मा | **४०५७५४५** | **१००** |




### २.८.३ सार्वजनिक खर्चको वर्गीकरण एवं क्षेत्रगत बाँडफाँड

नगरपालिकाको सञ्चित कोषवाट कूल रु.४ अर्व ५ करोड र संघ र प्रदेशवाट नगरपालिकाको बजेट संरचना बाहिर प्रत्यायोजित कार्यक्रम अन्तर्गत क्षेत्रगत आधारमा आवधिक योजनामा गरिने अनुमानित रु. ७२ करोड खर्च समेत सार्वजनिक खर्च अर्न्तगत आवधिक योजना अवधिमा कूल रु. ४ अर्व ७९ करोड खर्च हुने प्रक्षेपण गरिएको छ । सो रकममध्ये संघबाट रु. ३ अर्व २४ करोड (६८%), प्रदेशबाट रु. २५ करोड (६%), वैदेशिक स्रोत रु. १ करोड ५० लाख (१%) र नगरपालिकाको आन्तरिक तथा अन्य स्रोत रु. ५५ करोड ५८ लाख (१२%) प्राप्त हुने अनुमान छ । (तालिका–२ र तालिका–३)




**(क) नगरपालिकाको सञ्चित कोषबाट प्रक्षेपित खर्चको वर्गीकरण एवं क्षेत्रगत बाँडफाँड**

आवधिक योजना अवधिमा नगरपालिकाको सञ्चित कोषवाट कूल रु. ४ अर्व ५ करोड खर्च हुने प्रक्षेपण गरिएको मध्ये रु. २ अर्व ५१ करोड चालु खर्च (६२%) र पुँजीगत खर्च रु. १ अर्व ५३ करोड (३८%) हुने अनुमान गरिएको छ ।

आ.व. २०७७/०७८ को तुलनामा आ.व. २०७८/०७९ मा संघीय सरकारवाट प्राप्त हुने रकममा उल्लेख्य वृद्धि भएकोले आधार वर्षभन्दा आवधिक योजना अवधिका वर्षहरुमा बढी अनुपातमा वित्तीय हस्तान्तरण हुने देखिन्छ ।

आधार वर्ष आ.व. २०७७/०७८ मा नगरपालिकाको स्वीकृत क्षेत्रगत बजेट बाँडफाँडको अनुपातलाई आधार मानी आवधिक योजनामा नगरपालिकाको सञ्चित कोषबाट प्रक्षेपित कूल खर्चलाई क्षेत्रगत बाँडफाँड गर्दा आर्थिक क्षेत्रमा १३ प्रतिशत, सामाजिक क्षेत्रमा २८ प्रतिशत, पूर्वाधार क्षेत्रमा ३२ प्रतिशत, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा २ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा २५ प्रतिशत रकम छुट्याइएको छ । उल्लेख भए बमोजिमको खर्चको अनुपातलाई आधार लिइँदा नगरपालिकाको सञ्चित कोषबाट आवधिक योजना अन्तर्गत आर्थिक क्षेत्रमा रु. ५२ करोड, सामाजिक क्षेत्रमा रु. १ अर्व १३ करोड, पूर्वाधार क्षेत्रमा रु. १ अर्व २८ करोड, वातावरण तथा

विपद् व्यवस्थापन क्षेत्रमा रु. १० करोड र संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा रु. १ अर्व १ करोड गरी जम्मा रु. ४ अर्व ५ करोड खर्च हुने अनुमान गरिएको छ (तालिका–२) ।




आर्थिक क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु. ५२ करोड कृषि तथा पशुपालन, पर्यटन, सहकारी, उद्योग, वाणिज्य तथा आपूर्ति सेवा, वित्तीय क्षेत्र र वैदेशिक रोजगारी सम्बद्ध क्षेत्रगत कार्यक्रमहरुमा खर्च गरिने छन् । सामाजिक क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु. १ अर्व १३ करोड आधारभूत तथा माध्यमिक शिक्षा, स्वास्थ्य, जनसंख्या तथा पोषण, युवा तथा खेलकूद विकास, खानेपानी तथा सरसफाइ क्षेत्र र लैङ्गिक समानता, सामाजिक समावेशीकरण एवं संरक्षण तथा सुरक्षा सम्वद्ध क्षेत्रका कार्यक्रमहरुमा खर्च गरिने छन् । पूर्वाधार क्षेत्र अर्न्तगतको प्रक्षेपित जम्मा खर्च रु. १ अर्व २८ करोड यातायात पूर्वाधार एवं शहरी तथा कृषि सडक, सिँचाई, विद्युत् र ऊर्जा, आवास भवन तथा शहरी विकास र सामाजिक पूर्वाधार सम्बद्ध कार्यक्रमहरुमा खर्च गरिने छन् । वन तथा भू-संरक्षण, वातावरण र विपद् व्यवस्थापन क्षेत्र अर्न्तगतका कार्यक्रमहरुमा रु. १० करोड खर्च गरिने छन् । यसैगरी संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु. १ अर्व १ करोड यसका उपक्षेत्रहरु सम्बद्ध कार्यक्रमहरूमा खर्च गरिने छन् ।

वुढीगंगा नगरपालिकाको आवधिक योजनामा नगरपालिकाको सञ्चित कोषबाट प्रक्षेपित कूल खर्चको क्षेत्रगत बाँडफाँड र ती खर्चहरू व्यहोर्नका लागि परिचालन गरिने आयका स्रोतहरूको विवरण निम्न तालिका–२ मा उल्लेख गरिएका छन् :

# तालिका– २

## सार्वजनिक खर्चको बाँडफाँड

## (आ.व २०७८/०७९ को मूल्यमा)

**रु. हजारमा**

| क.सं. | विवरण | ०७८।०७९ को स्वीकृत यथार्थ (आधार वर्ष) | ०८०।०८१ अनुमान | ०८१।०८२ प्रक्षेपण | ०८२।०८३ प्रक्षेपण | ०८३।०८४ प्रक्षेपण | ०८४।०८५ प्रक्षेपण | आवधिक योजनाको जम्मा | औषत वृद्धी प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **कूल बजेट खर्चको वर्गीकरण** | ६०४१९६ | ६६४६१६ | ७३१०७७ | ८०४१८५ | ८८४६०३ | ९७३०६४ | ४०५७५४५ | १० |
| १.१ | चालु बजेट | ३७५१५५ | ४१२६७१ | ४५३९३७.६ | ४९९३३१ | ५४९२६४ | ६०४१९१ | २५१९३९५ | १० |
| १.२ | पुंजीगत बजेट | २२९०४१ | २५१९४५ | २७७१३९.६ | ३०४८५४ | ३३५३३९ | ३६८८७३ | १५३८१५० | १० |
| २ | **कूल बजेट खर्चको क्षेत्रगत बाँडफाँड** | ६०४१९६ | ६६४६१६ | ७३१०७७ | ८०४१८५ | ८८४६०३ | ९७३०६४ | ४०५७५४५ | **क्षेत्रगत अनुपात** |
| २.१ | आर्थिक विकास | ७८०१२ | ८५८१३.२ | ९४३९.५२ | १०३८३४ | ११४२१७ | १२५६३९ | ५२३८९८ | १३ |
| २.२ | सामाजिक विकास | १६९१७४ | १८६०९१ | २०४७००.५ | २२५१७१ | २४७६८८ | २७२४५६ | ११३६१०७ | २८ |
| २.३ | पूर्वाधार विकास | १९०८५७ | २०९९४३ | २३०९३७ | २५४०३१ | २७९४३४ | ३०७३७७ | १२८१७२१ | ३३ |
| २.४ | वतावरण तथा विपद व्यवस्थापन | १५१०४ | १६६१४.४ | १८२७५.८ | २०१०३ | २२११४ | २४३२५ | १०१४३३ | ३ |
| २.५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५१०४९ | १६६१५४ | १८२७६९ | २०१०४६ | २२११५१ | २४३२६६ | १०१४३८६ | २३ |
| **अर्थ मन्त्रालय, प्रदेश सरकार तथा नगरपालिकाको अभिलेखमा आधारित** | | | | | | | | | |



**(ख) नगरपालिकाको सञ्चित कोष बाहेकका अन्य सार्वजनिक खर्चको वर्गीकरण एवं क्षेत्रगत बाँडफाँड**




माथि उल्लेख भए अनुसार नगरपालिकाको सञ्चित कोषवाट खर्च हुने रकम बाहेक संघ र प्रदेशवाट नगरपालिकाको बजेट संरचना बाहिर प्रत्यायोजित कार्यक्रम अन्तर्गत विषय क्षेत्रगत आधारमा आवधिक योजनामा कूल रु. ७२ करोड खर्च हुने प्रक्षेपण गरिएको छ। यस प्रकार प्रत्यायोजित कार्यक्रम अन्तर्गत संघबाट रु. ७० करोड र प्रदेशबाट रु. २ करोड तथा रु. ६७ करोड संघको सामाजिक सुरक्षा कार्यक्रम लगायत संघ र प्रदेशबाट प्रत्यायोजित गरिने अन्य कार्यक्रमहरूमा खर्च हुने अनुमान गरिएको छ।

### २.८.४ सार्वजनिक खर्च व्यहोर्ने स्रोतहरू

वुढीगंगा नगरपालिकाको प्रथम आवधिक योजना अन्तर्गत प्रक्षेपित खर्च जुटाउन अन्तर सरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू पनि परिचालन गर्नुपर्नेछ। हाल आन्तरिक राजस्वका स्रोतहरूको सीमितताको कारणले संघ र प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदान लगायतका रकमहरू माथि निर्भर रहनु पर्ने स्थिति विद्यमान रहेको छ। यस स्थितिमा आगामी वर्षहरूमा संघ र प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदान रकमको तुलनामा आ.व. २०७९/०८० मा विशेष गरेर संघबाट प्राप्त हुने रकममा वृद्धि हुनुलाई सकरात्मक मान्न सकिन्छ। आवधिक योजनामा संघ/प्रदेशको अनुदान वृद्धीदर १० प्रतिशत भनिएता पनि हाल संघ र प्रदेशको वजेट तुलना गर्दा वजेट घटेर आएको हुँदा प्रकृतिक श्रोत तथा वित्त आयोगको प्रक्षेपणमा यस वर्ष नगरपालिकाको वजेट गत आ.व.को हाराहारीमा रहने अनुमान छ।




प्रक्षेपण अनुसार संघबाट कूल रु. ३ अर्व २४ करोड वित्तीय हस्तान्तरण हुने प्रक्षेपण गरिएको छ। यसमा वित्तीय समानीकरण अनुदान रु. ७२ करोड, सशर्त अनुदान रु. १ अर्व ८३ करोड, राजस्व बाँडफाँड ४५ करोड, विशेष अनुदान रु. ७ करोड र समपूरक अनुदान रु. १६ करोड प्राप्त हुने अनुमान गरिएको छ।




यसैगरी प्रदेशबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँड, विशेष अनुदान र समपूरक अनुदानबाट गरी करिब रु.२५ करोड वित्तीय हस्तान्तरण हुने अनुमान गरिएको छ। यसमा वित्तीय समानीकरण अनुदानमा रु. ६ करोड, सशर्त अनुदानमा रु. ३ करोड, विशेष अनुदान रु. ५ करोड, समपूरक अनुदान रु. ८ करोड र राजश्व बाँडफाँड स्वरूप रु. २ करोड प्राप्त हुने अनुमान गरिएको छ।

वैदेशिक अनुदान करिब रु. १.५ करोड प्राप्त हुने प्रारम्भिक अनुमान छ। आवधिक योजनामा नगरपालिकाको आन्तरिक राजश्व तथा नगद मौज्दात लगायत अन्य प्राप्ति गरी करिब रु. ५५ करोड प्राप्त हुने अनुमान गरिएको छ। यस प्रकार विभिन्न स्रोतहरूबाट आवधिक योजनामा कूल रु. ४ अर्व ५ करोड नगरपालिकाको सञ्चित कोषमा प्राप्त हुने अनुमान गरिएको छ।

नगरपालिकाको सञ्चित कोषमा प्राप्त हुने बाहेक संघ र प्रदेश दुवै तहबाट नगरपालिकाको बजेट संरचना बाहिर संघ र प्रदेशको प्रत्यायोजित कार्यक्रम अन्तर्गत क्षेत्रगत आधारमा विषयगत मन्त्रालयहरूबाट आवधिक योजनामा कूल रु. ७२ करोड प्राप्त हुने प्रक्षेपण गरिएको छ। यस प्रकार नगरपालिकाको प्रथम आवधिक योजना अवधिमा सार्वजनिक स्रोतहरूबाट कूल रु. ४ अर्व ७९ करोड खर्च हुने अनुमान गरिएको छ (तालिका–३)।

# तालिका– ३

## सार्वजनिक खर्च र खर्च व्यहोर्ने स्रोतहरू

## (आ.व. २०७८/०७९ को मूल्यमा)

**रु. हजारमा**

| क्र.सं. | विवरण | २०७८/७९ को स्वीकृत यथार्थ (आधार वर्ष) | २०८०/८१ अनुमान | २०८१/८२ प्रक्षेपण | २०८२/८३ प्रक्षेपण | २०८३/८४ प्रक्षेपण | २०८४/८५ प्रक्षेपण | आवधिक योजनको जम्मा ( २०८०/८१–२०८४/८५) | औषत वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| **१** | **संघीय सरकारको  अनुदान** | **४६६८७८** | **५३६६५४** | **५८७१३२** | **६४२८३४** | **७०४३३८** | **७७२२९६** | **३२४३२५४** | **१२%** |
| १.१ | वित्तीय समानीकरण अनुदान | १२४३०० | १३०५१५ | १३७०४१ | १४३८९३ | १५१०८७ | १५८६४२ | ७२११७८ | ५% |
| १.२ | सशर्त अनुदान | २७३७०७ | ३०१०७८ | ३३११८५ | ३६४३०४ | ४००७३४ | ४४०८०८ | १८३८१०९ | १०% |
| १.३ | राजस्व बाँडफाँड | ५८०७१ | ६६७८१ | ७६७९८ | ८८३१८ | १०१५६६ | ११६८०१ | ४५०२६३ | १५% |
| १.४ | विशेष अनुदान | १०८०० | ११८८० | १३०६८ | १४३७५ | १५८१२ | १७३९४ | ७२५२९ | १०% |
| १.५ | समपूरक अनुदान | ० | २६४०० | २९०४० | ३१९४४ | ३५१३८ | ३८६५२ | १६११७५ | १०% |
| **२** | **प्रदेश सरकारको अनुदान** | **३१९०२** | **४१८११** | **४६२४६** | **५११५४** | **५६५८८** | **६२६०४** | **२५८४०३** | **४७%** |
| २.१ | समानीकरण अनुदान | ९०८४ | ९९९२ | १०९९२ | १२०९१ | १३३०० | १४६३० | ६१००५ | १०% |
| २.२ | सशर्त अनुदान | ० | ६४९२ | ७१४१ | ७८५६ | ८६४१ | ९५०५ | ३९६३६ | १०% |
| २.३ | राजस्व बाँडफाँडको रकम | २९८५ | ३२८३ | ३६११ | ३९७३ | ४३७० | ४८०७ | २००४४ | १०% |
| २.४ | विशेष अनुदान | ८५०० | ९३५० | १०२८५ | ११३१४ | १२४४५ | १३६८९ | ५७०८३ | १०% |
| २.५ | समपूरक अनुदान | ११३३३ | १२६९३ | १४२१६ | १५९२२ | १७८३३ | १९९७३ | ८०६३६ | १२% |
| **३** | **वैदेशिक अनुदान** | ० | १००० | २००० | ३००० | ४००० | ५००० | १५००० | – |
| **४** | **वैदेशिक ऋण** | ० |  |  |  |  |  | ० | – |
| **५** | **आन्तरिक राजस्व** | **१३०४** | **१५२५** | **१७८४** | **२०८८** | **२४४३** | **२८५८** | **१०६९८** | १७% |
| **६** | **अन्य आय** | **१०४११३** | **८४६२६** | **९५९१५** | **१०८१०९** | **१२१२३४** | **१३५३०६** | **५४५१९०** | २६% |
| **६.१** | (स्थानीय सञ्चित कोष अन्तर्गत आयोजना विशेष प्राप्त हुने अन्य रकमहरू) | ० | १००० | १२०० | १४०० | १६०० | २००० | ७२०० |  |
| ६.२ | मौज्दात  अ.ल्या तथा हस्तान्तरण | १०४११३ | ८३६२६ | ९४७१५ | १०६७०९ | ११९६३४ | १३३३०६ | ५३७९९० |  |
| **७** | **कूल स्रोत (स्थानीय सञ्चित कोष अन्तर्गत नगरपालिकाको जम्मा प्राप्ति)** | ६०४१९६ | ६६४६१६ | ७३१०७८ | ८०४१८५ | ८८४६०३ | ९७३०६४ | ४०५७५४५ | १४% |
| **८** | **संघद्वारा प्रत्यायोजित कार्यक्रमहरू** | ९९९१२ | ११४९०३ | १२६८९४ | १३९९८३ | १५४२८१ | १६९९०९ | ७०५९७० | १०% |
| ८.१ | सामाजिक सुरक्षा कार्यक्रम खर्च | ९९९१२ | १०९९०३ | १२०८९४ | १३२९८३ | १४६२८१ | १६०९०९ | ६७०९७० | १०% |
| ८.२ | संघीय निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमअन्तर्गतका रकमहरू |  | ० | ० | ० | ० | ० | ० |  |
| ८.३ | संघद्वारा प्रत्यायोजित अन्य कार्यक्रमहरू |  | ५००० | ६००० | ७००० | ८००० | ९००० | ३५००० | २४% |
| **९** | **प्रदेशद्वारा प्रत्यायोजित कार्यक्रमहरू** | ० | २००० | ३००० | ४००० | ५००० | ६००० | २०००० | ३९% |
| ९.१ | प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार |  | ० | ० | ० | ० | ० | ० |  |

**रु. हजारमा**

| क्र.सं. | विवरण | २०७८/७९ को स्वीकृत यथार्थ (आधार वर्ष) | २०८०/८१ अनुमान | २०८१/८२ प्रक्षेपण | २०८२/८३ प्रक्षेपण | २०८३/८४ प्रक्षेपण | २०८४/८५ प्रक्षेपण | आवधिक योजनको जम्मा ( २०८०/८१–२०८४/८५) | औषत वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास कार्यक्रम | | | | | | | | |
| ९.२ | प्रदेशद्वारा प्रत्यायोजित अन्य कार्यक्रमहरू | | २००० | ३००० | ४००० | ५००० | ६००० | २०००० | ५२% |
| १० | **कूल जम्मा** | ७०४१०८ | ७८२५१९ | ८६२९७१ | ९५११६८ | १०४७८८४ | ११५३९७३ | ४७९८५१५ | १५% |






## २.९ बहुपक्षीय स्रोतहरूको परिचालन

यस नगरपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरु सञ्चालनका लागि सह–वित्तीयकरण एवं सहकार्यको रणनीतिलाई अवलम्बन गर्दै सार्वजनिक, सहकारी नीजी क्षेत्र र गैर-सरकारी/अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरु लगायतबाट पूरक स्रोतहरु परिचालन गरिनेछन् । आवधिक योजनाले परिलक्षित गरेका आर्थिक तथा सामाजिक विकासका कार्यक्रमहरुका लागि सबै क्षेत्रहरुबाट सम्भाव्य स्रोतहरुको परिचालन गरिनेछ । सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र तथा गैर-सरकारी/अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुबाट गरी आवधिक योजनामा वुढीगंगा नगरपालिकामा देहायमा उल्लेख भए बमोजिम कूल रु. ४अर्व ७९ करोड स्रोतहरुको परिचालन गरिने अनुमान गरिएको छ (तालिका–१) ।

### २.९.१ सार्वजनिक क्षेत्रबाट स्रोत परिचालन

यस नगरपालिकामा सहकारी तथा निजी क्षेत्र सबल भइ नसकेको मौजुदा परिस्थितिमा आवधिक योजना अन्तर्गत बढी भन्दा बढी स्रोतहरु सार्वजनिक क्षेत्रबाट नै परिचालन गर्नुपर्ने बाध्यता रहेको छ । यस नगरपालिकाको परिवेशमा सार्वजनिक क्षेत्रवाट परिचालन हुनसक्ने वित्तीय स्रोतहरुको परिचालन तर्फ नगरपालिकाको आन्तरिक राजस्वका स्रोतहरु एवं सङ्कलन हुन सक्ने राजस्वको रकम सीमित रहेकोले संघ र प्रदेशबाट प्राप्त हुन सक्ने विभिन्न अनुदानहरुमा अत्यधिक निर्भर रहनु पर्ने स्थिति विद्यमान रहेको छ । अन्तर सरकारी वित्तीय हस्तान्तरण माथिको बढी निर्भरतालाई कम गर्न आगामी दिनहरुमा आन्तरिक राजश्वका नयाँ स्रोतहरुको सम्भाव्यतालाई हेरिनु पर्नेछ । माथि तालिका- ३ मा

उल्लेख भएअनुसार आवधिक योजनाको अवधिमा नगरपालिकाको सञ्चित कोष मार्फत् कूल रु. ४ अर्व ५ करोड परिचालन हुने प्रक्षेपण गरिएको छ ।

संघ र प्रदेश दुवै तहवाट नगरपालिकाको बजेट संरचना बाहिर प्रत्यायोजित कार्यक्रमको रुपमा क्षेत्रगत आधारमा विषयगत मन्त्रालयहरुवाट रकमहरु उपलव्ध गराउने गरेको सन्दर्भमा संघीय सरकारबाट रु. ७० करोड र प्रदेश सरकारबाट रु. २ करोड गरी आवधिक योजनाको अवधिमा प्रत्यायोजित कार्यक्रमहरुमा कूल रु. ७२ करोड परिचालन हुने प्रक्षेपण गरिएको छ । यस प्रकार नगरपालिकाको आवधिक योजनामा सार्वजनिक क्षेत्र अन्तर्गत कूल रु. ४ अर्व ७९ करोड परिचालन हुने अनुमान गरिएको छ ।

### २.९.२ सहकारी क्षेत्रबाट स्रोत परिचालन

नेपालको अर्थतन्त्रमा बचत परिचालन, ऋण प्रवाह र आर्थिक एवं सामाजिक क्रियाकलापहरुको विस्तारमा सहकारी क्षेत्रको महत्वपूर्ण योगदान रहि आएको छ । वुढीगंगा नगरपालिकाको आर्थिक सामाजिक समृद्धिका लागि पनि सहकारी क्षेत्रबाट महत्वपूर्ण योगदान पुग्न सक्ने सम्भावना रहेको छ । तर यस नगरपालिकामा दर्ता भएका २१ वटा सहकारी संस्थाहरु मध्ये हाल ९ वटा सहकारी संस्थाहरु मात्र सञ्चालनमा रहेका छन् । तीमध्ये धेरैजसो सहकारी संस्थाहरु बचत तथा ऋण सम्वन्धित भएबाट नगरपालिकाको आर्थिक विकासमा सहकारी क्षेत्रको न्यून योगदान रहेको छ । नगरपालिका केन्द्रसम्म पक्की सडकको विस्तार, आधुनिक खेतीपाती तथा पशुपालन, मौसमी एवं बेमौसमी तरकारी तथा फलफूल खेती, लघु तथा घरेलु उद्योगको विस्तार लगायतका क्रियाकलापहरुमा सहकारी क्षेत्रबाट उल्लेख्य सघाउ पुग्न सक्ने सम्भावनाहरु विद्यमान रहेका छन् ।

आगामी दिनहरुमा आवधिक योजनाले परिलक्षित गरेका कार्यक्रमहरु सञ्चालनमा सहकारी क्षेत्रवाट आवश्यक वित्तीय स्रोतहरुको परिचालनमा पूरक सघाउ पुग्ने अपेक्षा गरिएको छ । सहकारी संस्थाहरुको नियमन नगरपालिकाको कार्यक्षेत्रभित्र पर्ने हुँदा आवधिक योजनाका लक्ष्यहरु प्राप्तितर्फ सहकारी संस्थाहरुलाई उन्मुख तुल्याउनेतर्फ नगरपालिका क्रियाशील रहने छ । नगरपालिकामा आर्थिक क्रियाकलापमा सहकारी क्षेत्रको योगदान तत्कालका लागि कम भए तापनि आगामी वर्षहरुमा सहकारी क्षेत्रको योगदान बढ्न सक्ने सम्भावनाहरु विद्यमान रहेका छन् । नगरपालिकामा उपभोग्य वस्तुहरुको आपूर्तिलाई सहज तुल्याउन एवं स्थानीय उत्पादनको बजारीकरणमा सघाउन सहकारी क्षेत्रको पूरक लगानीमा वृद्धि हुनेछ । सहकारी क्षेत्रको मौजुदा न्यून स्थिति र आगामी दिनहरुमा विस्तारका सम्भावनाहरुलाई विचार गर्दा आवधिक योजनामा सहकारी क्षेत्रबाट विशेष गरेर आर्थिक तथा सामाजिक क्षेत्रहरुमा गरी करिब रु. १५ करोडको लगानी हुने अनुमान गरिएको छ ।

### २.९.३ निजी क्षेत्रबाट स्रोत परिचालन

समग्रतामा मुलुकको आर्थिक क्षेत्रमा निजी क्षेत्रको अग्रणी भूमिका रहिआएको सन्दर्भमा यस नगरपालिकाको आर्थिक क्षेत्रमा पनि निजी क्षेत्रको योगदान बढाउन सकिने ठूलो सम्भाव्यता रहेको छ । विशेष गरेर सडक पूर्वाधारको क्रमिक विस्तार भइरहेको सन्दर्भमा यस वुढीगंगा नगरपालिकाको सम्भाव्य उद्योग व्यवसायका अवसरहरुलाई विचार गर्दा पर्यटन, कृषि तथा पशुपालन, खानीजन्य, जडिबुटी तथा वनजन्य उद्योग र जलविद्युत् लगायतका आर्थिक क्षेत्रहरुमा निजी क्षेत्रबाट लगानी

बढाउन सकिने सम्भावनाहरु विद्यमान रहेका छन् । तर हाल यस नगरपालिकामा उत्पादनशील उद्योगहरु २३ वटा मात्र रहेका र तीमध्ये अधिकांश लघु तथा घरेलु स्तरका रहेका छन् । आवधिक योजनामा स्थानीय कच्चा पदार्थहरुमा आधारित बढी मूल्य अभिवृद्धि हुने उत्पादनशील उद्योगहरुको विस्तार गरिने छ । यसका लागि आवश्यक सीप तथा उद्यमशीलताको विकास गर्नमा जोड दिइने छ । साथै निजी क्षेत्रलाई आकर्षित गर्न नगरपालिकाद्वारा निजी क्षेत्रमैत्री कर नीति अँगाल्नुका साथै आवश्यक सुविधाहरु प्रदान गरिने छन् ।

पर्यटनलाई उद्योग व्यवसायको रुपमा निजी क्षेत्रको लगानी तथा अगुवाइमा विस्तार तथा विकास गरिनेछ । यसैगरी नगरपालिकामा उपभोग्य वस्तुहरुको आपूर्तिलाई सहज तुल्याउन एवं स्थानीय उत्पादनको बजारीकरणमा सघाउन निजी क्षेत्रको लगानीमा वृद्धि हुनेछ । नगरपालिका क्षेत्रमा पर्यटन लगायत उद्योग व्यवसाय प्रवर्द्धनका लागि नगरपालिकाको प्रवर्द्धनात्मक नीति तथा प्रयासले आगामी वर्षहरुमा निजी क्षेत्र फष्टाउने सम्भावना रहेको छ । यस नगरपालिकामा पर्यटन लगायत उद्योग व्यवसाय प्रवर्द्धनका सम्भावनाहरुलाई विचार गर्दा निजी क्षेत्रवाट आवधिक योजनाको अवधिमा करिव रु. २९ करोडको लगानी योगदान हुने अनुमान गरिएको छ । यसमा खासगरी जलविद्युत र सेवा क्षेत्रमा लगानीको अनुमान गरिएको छ ।

### २.९.४ गैर-सरकारी/अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूबाट स्रोतहरूको परिचालन

वुढीगंगा नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा सरकारका अलावा विभिन्न गैर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु लगायतका विकास साझेदारहरुवाट वित्तीय स्रोतहरुको परिचालन हुने सम्भावनाहरु विद्यमान रहेका छन् । यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासका सम्भावनाहरुको उपयोग र पुनर्निर्माणको आवश्यकतालाई सम्बोधन गर्ने गरी हाल विभिन्न गैर-सरकारी/अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरु यस नगरपालिकामा क्रियाशील रही आएका छन् । आ.व. २०७९/०८० मा यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि करिव ७ वटा विभिन्न गैर-सरकारी तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुवाट करिव रु. ४ करोड खर्च हुने अनुमान गरिएको छ । आगामी वर्षहरुमा पनि वुढीगंगा नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा विभिन्न गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुवाट हुने लगानीमा क्रमिक विस्तार हुने देखिन्छ । यस नगरपालिकाको समग्र विकासमा विभिन्न गैर-सरकारी तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुवाट हुने लगानीका सम्भाव्य अवसरहरुलाई विचार गर्दा आवधिक योजनाको अवधिमा यस नगरपालिकामा विभिन्न गैर-सरकारी तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुवाट करिब रु. १५ करोडको लगानी हुने अनुमान गरिएको छ ।

# परिच्छेद- ३
# आर्थिक विकास

## ३.१ कृषि तथा पशुपालन

### ३.१.१ पृष्ठभूमि

बुढीगंगा नगरपालिकाको प्रमुख व्यवसायको रूपमा कृषि रहेको छ। यस नगरपालिकामा कूल कृषियोग्य जमिन ५२ प्रतिशत अर्थात ३० वर्ग कि.मि रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार काम गर्ने उमेर समूह (१० देखि ५९ वर्ष) रोजगारीमा सक्रिय जनसंख्यामध्ये ७३.७ प्रतिशत छ भने कृषि तथा पशुपालन पेशामा आवद्ध छन् भने कृषि पेशामा आश्रित घर परिवार ७८.३ प्रतिशत रहेको छ।

यस नगरपालिकामा कृषि पेशाका साथसाथै पशुपालन हुने गरेको छ। यहाँका कूल घरपरिवार मध्ये ८२ प्रतिशत घरपरिवारहरु पशुपालनमा संलग्न रहेका छन् । पशुपन्छी पालनमा खास गरी गाई, भैंसी, बाख्रापालन, कुखुरा तथा वंगुर आदि प्रमुख रहेका छन्। यसैगरी उन्नत जातका पशुपालनमा संलग्न घरपरिवारहरु २० प्रतिशत रहेका छन् । कुखुरा पालन गर्ने २ प्रतिशत र वाख्रापालन गर्ने परिवार ६० प्रतिशत रहेका छन् । न्यून मात्रमा भेडा (१.८३ प्रतिशत), सुंगुर (०.७८ प्रतिशत) पालन समेत भएको देखिन्छ।

### ३.१.२ प्रमुख समस्या

व्यवसायिक अवधारणा तथा प्राविधिक ज्ञानको कमी, कृषिमा आधुनिक प्रविधि नहुनु र सामाग्री भित्रिन नसक्नु, सिंचाइ सुविधाको कमी, बजारसँगको पहुँच न्यून हुनु तथा कृषि उपजको राम्रो बजारीकरण हुन नसक्नु, दक्ष जनशक्तिको अभाव रहनु, ज्यालामा विभेद हुनु, कृषि सहकारीको विकास हुन नसक्नु, मूल्य सूचनावारे जानकारी नहुनु, कृषि कर्जा, वीमा लगायतका वित्तीय सेवामा कृषकको सहज पहुँच नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

### ३.१.३ अवसर र चुनौती

#### (क) अवसर

कृषिप्रसार स्थानीय सरकारको एकल अधिकार क्षेत्रमा पर्नु, अधिकांशको जीविकोपार्जनको पेशा कृषि भएकाले स्थानीय सरकारको सरोकारको विषय हुनु, पर्याप्त कृषि भूमि हुनु, सिंचाइका स्रोतहरू उपलब्ध हुनु, कृषिमा व्यवसायिकता बढ्दै जानु, यातायात पूर्वाधारको विकासले स्थानीय तथा बाह्य बजारसंगको पहुँच सहज हुदैं जानु, उच्च मूल्यबाली (फलफूल, आँप, सुन्तला जस्ता उच्च मूल्य कृषि उत्पादन) को सम्भावना र आकर्षण बढ्दै जानु, जैविक खेती प्रतिको बढ्दो आकर्षण, उन्नत प्रविधि र मल, बीउ उपलब्ध हुनु, पशुपालनको सम्भावना रहनु, भेडी तथा व्यावसायिक वाख्रा गोठहरू हुनु आदि यस क्षेत्रका अवसरहरू रहेका छन्।

#### (ख) चुनौती

कृषिमा युवा जनशक्ति आकर्षित गर्नु, बाली विविधीकरण र सघनीकरण गर्नु, सिंचाइको व्यवस्था

गर्नु, जैविक खेतीको विस्तार गर्नु, कृषिलाई व्यवसायीकरण गर्नु, उन्नत नश्ल र व्यवसायीक पशुपालन गर्नु, जलवायु परिवर्तनका असर अनुरूप अनुकूलनका बाली विकास गर्नु, कुखुरा तथा अन्य मासुको व्यवसायिक उत्पादन गर्नु, कृषि पेशालाई सम्मानित पेशाको रूपमा स्थापित गर्नु, कृषि तथा पशु बीमा प्रणालीलाई कार्यान्वयनमा ल्याउनु, कृषिमा वित्तीय पहुँच पुऱ्याउनु, वन्यजन्तु (बाँदर) द्वारा कृषि तथा पशुपालनमा पर्ने बढ्दो असर न्यून गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

### ३.१.४ उद्देश्य

१. कृषि र पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकको जीवनस्तरमा सुधार गर्नु ।

२. कृषि र पशुपालन क्षेत्रको विशिष्टीकरण, व्यवसायीकरण, बजारीकरण गर्नु ।

### ३.१.५ रणनीति

१. उन्नत कृषि सामग्री, बीउ-विजन, औजार, वित्तीय सेवा तथा जैविक प्रविधिको उपयोग गर्ने । (१)

२. भू-बनौटको आधारमा कृषि जमिनको सुधार गर्ने, (१)

३. कृषि अनुसन्धान, नवीन ज्ञान र प्रविधिमा कृषकको पहुँच अभिवृद्धि गर्ने । (१)

४. पकेट क्षेत्र विकास गरी कृषिमा विशिष्टीकरण, व्यवसायीकरण र बजारीकरण गर्ने (२)

५. पशुपन्छीको विकास गरी कृषकको आयमा वृद्धि गर्ने (१ र २)

६. स्थानीय जातका बीउ-विजन र उत्पादनको प्रवर्द्धन र सम्बर्द्धन गर्ने । (२)

### ३.१.६ कार्यनीति

***रणनीतिः १ उन्नत कृषि सामग्री, बीउ-विजन, औजार, वित्तीय सेवा तथा जैविक प्रविधिको उपयोग गर्ने ।***

१. कृषि सामग्री आपूर्ति सहज र सुलभ बनाइनेछ ।

२. आधुनिक सिंचाइ प्रविधिको प्रवर्द्धन (lifting, drip, sprinkle, water harvest, tank) गरिनेछ ।

३. कृषि उपज तथा पशुपालन क्षेत्रमा वित्तीय र बीमा सेवाको पहुँच अभिवृद्धि गर्ने ।

४. सिँचाइको सुविधा विस्तार गरिनेछ ।

५. जैविक कृषि क्षेत्रको विकास गरी प्रवर्द्धन गरिनेछ ।

६. जैविक मल र कीटनाशक औषधि उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।

७. कृषक सहकारी एवं वित्तीय संस्थाहरूसंग कृषकहरूको पहुँच बढाइनेछ ।

८. कृषि क्षेत्रमा संघ, प्रदेश एवं स्थानीय तहको अनुदान तथा सुविधाहरूको बारेमा कृषहरूलाई सुसूचित गराइनेछ ।

९. व्यवसायिक रूपमा कृषि तथा पशुपालन गर्ने कृषकहरूलाई विषयगत उत्पादन सहकारीमा आवद्ध गरी बजार र सेवा सुविधामा पहुँच सुनिश्चित गर्न सहयोग पुर्‍याइनेछ ।

१०. महिला मैत्री कृषि प्रविधि र औजारहरूमा पहुँच बढाइनेछ ।

***रणनीतिः २ भू-बनौटको आधारमा कृषि जमिनको सुधार गर्ने ।***

१. माटो र मौसम अनुकूल बाली प्रणालीको विकास गरिनेछ ।

२. गह्रा सुधार गरी कृषिको उत्पादकत्व बढाइनेछ ।

३. खेतीयोग्य जमिनमा बस्ती विकासलाई निरुत्साहित गरिनेछ ।

***रणनीतिः ३ कृषि अनुसन्धान, नवीन ज्ञान र प्रविधिमा कृषकको पहुँच अभिवृद्धि गर्ने ।***

१. कृषकलाई उच्च मूल्यका कृषि तथा पशुजन्य उत्पादनका लागि कृषि सम्बद्ध अनुसन्धान संस्था तथा शैक्षिक संस्थाको नवीन ज्ञान र सीपलाई कृषकसमक्ष पुऱ्याउने व्यवस्था गरिनेछ ।

२. कृषि सेवा प्रदायक संस्थाको सुदृढीकरण गरी कृषकको घर आँगनसम्म सेवा र टेवा पुर्‍याइनेछ ।

३. कृषि सेवा प्रदायक संस्थालाई लैगिकमैत्री तथा समावेशी बनाइनेछ ।

४. अगुवा कृषकहरूको विकास गरी उनीहरूको ज्ञान सीप र अनुभवलाई उपयोग गरिनेछ ।

५. कृषि क्षेत्रमा दक्ष जनशक्ति उत्पादनलाई प्राथमिकता दिनुका साथै यस्तो जनशक्ति उत्पादनमा समावेशीताको सिद्धान्तको अवलम्बन गरिनेछ ।

६. वैदेशिक रोजगारबाट फर्किएर आएका युवाहरूलाई उनीहरूले सिकेको सीपमा आधारित कृषि प्रवर्द्धनमा उपयोग र परिचालन गरिनेछ ।

७. लक्षित वर्गहरूमा आधारित विभिन्न कृषि उपज सीप र उद्यमशीलताको तालिम दिइनेछ ।

८. नगरपालिकाभित्र सघन खेतीका सम्भाव्य क्षेत्रहरूको पहिचान गरिनेछ ।

९. कृषक तालिम र अध्ययन भ्रमणका माध्यमबाट हासिल ज्ञान र सीपलाई उद्यमशीलतातर्फ उन्मुख गराइनेछ ।

१०. कृषिमा भएका राम्रा अभ्यासको अनुशरण गरिनेछ ।

११. उत्कृष्ट कृषक अगुवालाई प्राविधिक शिक्षा तथा तालिम केन्द्र (CTEVT) बाट सीप परीक्षण प्रमाणपत्र उपलव्ध गराइनेछ ।

***रणनीतिः ४ पकेट क्षेत्र विकास गरी कृषिमा विशिष्टीकरण, व्यवसायीकरण र बजारीकरण गर्ने ।***

१. एक गाउँ एक उत्पादनमा जोड दिइनेछ ।

२. हावापानी र माटोको अनुकूलता अनुसार बेमौसमी तरकारी तथा फलफूल उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।

३. प्रत्येक वडामा कृषि उपज सङ्कलन तथा कृषि हाट वजारको व्यवस्था गरिनेछ ।

४. कृषि उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गरी विकास गरिनेछ ।

५. कृषि उत्पादनको आन्तरिक र बाह्य वजारमा पहुँच भएको हुनेछ ।

६. कृषिक्षेत्र विकास र व्यवसायीकरणका लागि नीतिगत कानूनी व्यवस्था मिलाइने छ ।

७. कृषि सहकारीहरूको विकास गरी कृषि सामग्रीको आपूर्ति एवं उत्पादित बस्तुको सङ्कलन, प्रशोधन, गुणस्तर व्यवस्थापन र बजारीकरण गर्न परिचालन गरिनेछ ।

८. स्थानीय पहिचानका विशिष्टीकृत उत्पादनको ब्राण्डिङ गरी प्रवर्द्धन गरिनेछ ।

९. उत्पादनको लेवलिङ र बजारीकरणमा कृषक समूह र सहकारी संस्थाहरूलाई सहयोग प्रदान गरिनेछ ।

१०. बेमौसमी अर्ग्यानिक तरकारी खेती प्रवर्द्धन गरी पकेट क्षेत्रको रूपमा विकास गरिनेछ ।

***रणनीतिः ५ पशुपन्छीको विकास गरी कृषकको आयमा वृद्धि गर्ने ।***

१. उच्च नस्लका पशुपालनप्रति कृषकहरूलाई प्रोत्साहित गरिनेछ ।

२. उन्नतजातका वाखापालन लगायतका पशुवस्तुहरूको व्यवसायिक पालनमा जोड दिइनेछ ।

३. सहकारितामा आधारित दुग्ध सङ्कलन तथा चिस्यान केन्द्रको स्थापना गरिनेछ ।

४. कुखुरा, माछा तथा मासुको गुणस्तरीय उत्पादन बढाउँदै बजारको पहुँच विस्तार गरिनेछ ।

५. व्यवसायिक मौरीपालनलाई प्रोत्साहन गर्दै उत्पादनको बजारीकरणमा सहजीकरण गरिने छ ।

६. जैविक मल तथा कीटनाशक औषधि उत्पादन गर्न कृषकहरूलाई ज्ञान र प्रविधि हस्तान्तरण गरिनेछ ।

७. पशु चौपायाको गोठसुधार गरी व्यवस्थित पशुपालन गर्न प्रोत्साहित गरिनेछ ।

***रणनीति ६ः स्थानीय जातका बीउ-विजन र उत्पादनको प्रवर्द्धन र सम्बर्द्धन गर्ने ।***

१. स्थानीय जातका बीउविजनहरूको पहिचान गरी अभिलेखीकरण गरिनेछ ।

२. रैथाने बीउ विजनहरूको स्थानीय स्तरमा सङ्ग्रह गर्न सहकारीलाई प्रोत्साहित गरिनेछ ।

३. स्थानीय विशिष्टता झल्कने बालीको बीउको व्यवसायिक उत्पादन र बजारीकरणमा सहजीकरण गरिनेछ ।

### ३.१.७ प्रमुख कार्यक्रम

### (क) स्थानीय तह आफैंले सम्पादन गर्ने

१. कृषि विकास रणनीतिको कार्यान्वयन तथा समन्वय ।

२. पकेट क्षेत्र विकास कार्यक्रम ।

३. कृषि प्रसार सेवा ।
४. साना कृषक उत्थान कार्यक्रम ।
५. एक वडा दुई कृषि प्राविधिक ।
६. जैविक खेती ।
७. बेमौसमी खेती ।
८. कृषक उत्पादन प्रदर्शनी ।
९. कृषक तालिम, अवलोकन तथा अध्ययन कार्यक्रम ।
१०. कृषि उपज सङ्कलन तथा हाट वजार केन्द्र ।
११. कृषि अनुदान र कृषक पुरस्कार ।
१२. गोठ सुधार कार्यक्रम ।
१३. रैथाने बीउ विजन विकास ।
१४. बुढीगंगा विउ उत्पादन केन्द्र ।
१५. व्यवसायिक वाखापालन तथा कुखुरा पालन ।
१६. कृषक तालिम तथा भ्रमण ।
१७. कृषि तथा पशु बीमा ।
१८. कृषक उत्पादन समूहको गठन र परिचालन ।
१९. साना कोल्ड स्टोरेज ।
२०. कृषी पेन्सन कार्यकम ।
२१. आकासे पानी संकलन तथा ट्यांकी निर्माण ।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

१. कृषि उद्यमशीलता विकाससम्बन्धी ।
२. कृषि तथा पशु विमा कार्यक्रम ।
३. कृषि थोकबजार विकास ।
४. मध्यम कोल्ड स्टोरेज ।
५. पकेट क्षेत्र विकास ।
६. उच्च स्तरको तालिम, अवलोकन तथा अध्ययन भ्रमण कार्यक्रम सञ्चालन ।
७. कृषक घुम्ती स्कुलहरूको (FFS) सञ्चालन ।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने**

१. पकेट क्षेत्र विकास ।
२. कृषि क्याम्पस तथा अनुसन्धान केन्द्रसंग कृषक आवद्धता कार्यक्रम ।
३. उद्यमशील श्रमको सम्मान गर्न विभिन्न कोष तथा पुरस्कारको व्यवस्था ।
४. नगरपालिकाभित्र सघन खेतीको सम्भाव्य क्षेत्रहरू पहिचान गर्न अनुसन्धान ।
५. धरातलको आधारमा उत्पादनको ब्रान्डिङ कार्यक्रम सञ्चालन ।

### ३.१.८ अपेक्षित उपलब्धि

कृषिक्षेत्रको कुल गार्हस्थ उत्पादन ७७ करोड पुगेको हुने, न्यूनतम पाँच उच्च मूल्य बालीको व्यवसायिक खेती भएको हुने, नगदेबालीको उत्पादन (सुन्तला, ओखर आदि) १ प्रतिशत पुगेको हुने, कृषि उपज बिक्री गर्ने कृषकको सङ्ख्या २० प्रतिशत पुगेको हुने, तरकारी र फलफूल खेतीमा संलग्न कृषक १५ प्रतिशत पुगेको हुने, ५ प्रतिशत गोठहरू सुधार भएको हुने, उन्नत नश्लका पशुपालन ५० प्रतिशत पुगेको हुने, ८५ प्रतिशत किसान व्यवसायिक वाखापालनमा संलग्न भएको हुने, जैविक खेती नगरपालिका घोषित भएको हुने, कम्तीमा ३ वटा हाटबजार केन्द्र स्थापना भएको हुने, दूधमा आत्मनिर्भर भएको हुने, दुग्ध चिस्यान केन्द्रको स्थापना भएको हुने ।

## ३.२ पर्यटन तथा संस्कृति

### ३.२.१ पृष्ठभूमि

पर्यटन प्रवर्द्धनको दृष्टिबाट बुढीगंगा नगरपालिकाले यसको विकासको प्रचूर सम्भावना बोकेको छ। यहाँका प्राकृतिक स्रोत (वन-जङ्गल) थोरै मात्रामा भए तापनि यहाँ ऐतिहासिक दरवार वार्जुकोट, वयलचाका र कुंडीकोट दरवार संग्रहलाय तथा भगवती गुफा यस नगरपालिकाका ऐतिहासिक धरोहरहरु हुन् । यि पुरातत्व सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धन गर्न सके यस नगरपालिकामा आन्तरिक तथा वाह्य पर्यटन भित्राउन सकिने अवस्था रहेको छ । बुढीगंगा नदिमा र्‍याफ्टीङ सञ्चालन गर्न सकेमा पर्यटन प्रवर्धन गर्न सकिन्छ । सुदूरपश्चिमको आफ्नो पहिचान डेउडा कला तथा दोहोरी गायनका संस्कृतिका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्न सकिन अवस्था रहेको छ ।

यहाँको मौलिक संस्कृति, जात्रा तथा परम्परा यस क्षेत्रकै चिनारीको रूपमा रहनुका साथै पर्यटक आकर्षणको समेत महत्वपूर्ण माध्यम हुन सक्दछ। नगरपालिकाले पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पर्यटन गुरुयोजना निर्माण गरि कार्यान्वयन गरेमा तथा होमस्टेको अवधारणालाई अगाढी सारेमा पर्यटकिय क्षेत्रमा उल्लेखनिय प्रगति हुने देखिन्छ । यस नगरपालिकामा हाल ३०० जना आन्तरिक पर्यटक आउने गरेका छन् । पर्यटकको औसत बसाइ आन्तरिक पर्यटकको २ दिन रहेको छ । यस नगरपालिकामा हाल ५ वटा होटलमा जम्मा २० वटा बेड रहेको छ ।

### ३.२.२ प्रमुख समस्या

पर्यटकीय स्थल र उपजहरूको पहिचान हुन नसक्नु, यातायात सुविधाको कमी हुनु, पर्यटकीय पूर्वाधारको अभाव, पर्यटकीय उद्यान तथा पैदलयात्रा मार्गहरूको विकास हुन नसक्नु, आतिथ्य सेवा सम्बन्धी तालिमको अभाव, सञ्चार सुविधा तथा पर्यटक सुरक्षाको प्रवन्धमा कमी हुनु, पर्यटकीय होटल, होमस्टे आदिको अवस्था कमजोर हुनु, प्रचार प्रसारको कमी हुनु, तालिम प्राप्त पर्यटकीय जनशक्ति ( जस्तै भरिया, कुक, गाइड) को कमी हुनु, मौलिक संस्कृतिको क्षय हुँदै जानु, स्थानीय खानपिन भेषभूषा लोप हुँदै जानु, यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ३.२.३ अवसर र चुनौती

#### (क) अवसर

पिकनिक स्पट र सेल्फी डाँडाहरू तथा भ्यु टावरहरु हुनु, पर्यटन गुरुयोजना निर्माणाधीन भएमा, वाम्का तथा फलासैन वजारमा होमस्टे सञ्चालन भएमा, बुढीगंगा नदिमा र्‍याफ्टीङ सञ्चालन गर्न सकेमा त्रिवेणी नगरपालिका अर्न्तगतमा रहेको वडीमालिका पर्यटकिय स्थललाई लक्षित गरि पर्यटकिय प्रवेशद्धारका साथै प्रचार प्रसार तथा संघ, प्रदेश र स्थानीय सरकारको प्राथमिकतामा पर्नु, स्थानीय संस्कृति र कलाको प्राचुर्यता, सर्वसाधारणमा स्थानीय संस्कृति र उत्पादनहरू जगेर्ना गर्ने भावना वृद्धि हुनु, पर्यटन क्षेत्रप्रति निजी क्षेत्र आकर्षण बढ्दै जानु यस नगरपालिकामा विभिन्न जातजाति, संस्कृति र भाषा-भाषीको उपस्थिति रहनु आदि यस क्षेत्रका अवसर हुन् ।

#### (ख) चुनौती

पर्यटकीय पूर्वाधारको विकास गर्नु, आतिथ्य सेवासम्बन्धी गुणस्तरीय होटल तथा होमस्टे तथा पदमार्गहरूको विकास गर्नु, बुढीगंगाको पर्यटकीय अवसरलाई बाह्य विश्वसमक्ष उजागर गर्नु, गुणस्तरीय सञ्चार सुविधाको सञ्जालीकरण गर्नु, पर्यटकीय उपजहरूको विकास, विविधीकरण र प्रचार-प्रसार गर्नु, जनशक्तिको विकास गर्नु, स्थानीय कला र संस्कृतिको संरक्षण र संवर्द्धन गर्दै पर्यटनसँग जोड्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ३.२.४ उद्देश्य

पर्यटन क्षेत्रको विकास गरी आय र रोजगारीमा वृद्धि गर्नु ।

### ३.२.५ रणनीति

१. नगरपालिका तथा वरिपरि क्षेत्रमा रहेका पर्यटकीय स्थलको पहिचान गर्दै पर्यटन पूर्वाधारको विकास गर्ने ।

२. पर्यटकको आगमन सङ्ख्या र बसाइमा वृद्धि गर्ने ।

### ३.२.६ कार्यनीति

***रणनीति १: नगरपालिका तथा वरिपरि क्षेत्रमा रहेका पर्यटकीय स्थलको पहिचान गर्दै पर्यटन पूर्वाधार विकास गर्ने ।***

१. नगरपालिकाको पर्यटन प्रवर्धन रणनीतिक योजना तयार पारिनेछ ।

२. खप्तड पर्यटकीय पैदल मार्ग निर्माण गरिनेछ ।

३. पर्यटकीय स्थल र सम्पदाको संरक्षण गरिनेछ ।

४. धार्मिक, सांस्कृतिक, ऐतिहासिक प्रवर्द्धन र संरक्षण कार्यक्रम सञ्चालन गरिनुका साथै स्थानीय पहिचान दर्साउने कला र संस्कृतिको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

***रणनीति २: पर्यटकको आगमन सङ्ख्या र बसाइमा वृद्धि गर्ने ।***

१. पर्यटन व्यवसायीहरूसँगको साझेदारीमा पर्यटन सूचना केन्द्र र संग्रहालयको स्थापना

गरिनेछ ।

२. बुढीगंगाको पर्यटकीय सम्भावनाको प्रचार-प्रसार गरिनेछ ।

३. पर्यटकीय दृष्टिले होमस्टेको प्रर्वद्धन तथा विस्तार गरिनेछ ।

४. पर्यटकीय व्यवसायका लागि पर्यटक गाइड, कुक, वेटर आदि तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

५. स्थानीय उत्पादन बिक्री केन्द्र/कोसेली घरको स्थापना गरिनेछ ।

६. पर्यटकीय उपजको विविधीकरण गरिनुका साथै पर्यटन विकासमा निजी क्षेत्रसँग साझेदारी गरिनेछ ।

७. पर्यटकको सुरक्षाको प्रत्याभूति गरिनेछ ।

८. पर्यटकीय सेवा प्रदायकहरूलाई स्थानीय उत्पादनको प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।

९. स्थानीय कला र संस्कृतिसम्बन्धी कार्यक्रम सञ्चालनका माध्यमबाट पर्यटकीय आकर्षण बढाइनेछ ।

१०. पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ ।

### ३.२.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने**

- पर्यटन विकास गुरुयोजना निर्माण ।
- होमस्टेको स्थापना र विस्तार ।
- पर्यटन पूर्वाधार विकास ।
- स्थानीय धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थानको संरक्षण र प्रवर्द्धन ।
- स्थानीय उत्पादन बिक्री केन्द्र/कोसेली घरको स्थापना ।
- मौलिक तथा लोपोन्मुख भाषा, संस्कृति र सम्पदाको संरक्षण ।
- स्थानीय खाद्य पदार्थका साथै रैथाने वाली प्रवर्द्धन ।
- सांस्कृतिक संग्रहालय ।
- परम्परागत संस्कृति र भेषभूषाको संरक्षण र प्रवर्द्धन ।
- पर्यटन सूचना केन्द्र र संग्रहालय ।
- अन्तर स्थानीय साझेदारीका कार्यक्रम ।
- पर्यटन सेवासम्बन्धी तालिम ।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- अन्तर जिल्ला पर्यटकीय पैदलमार्गको पहिचान, नक्साङ्कन तथा निर्माण ।

- पदयात्रा मार्गको निर्माण ।
- पर्यटन व्यवसाय सम्बद्ध तथा अतिथि सत्कार तालिम ।
- मौलिक तथा लोपोन्मुख भाषा, संस्कृति र सम्पदाको संरक्षण ।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने**

- पर्यटकीय पूर्वाधारको विकास तथा पैदलमार्गको निर्माण ।
- राष्ट्रिय, अन्तर्राष्ट्रिय तहमा प्रचार-प्रसार ।
- दक्ष जनशक्ति उत्पादन ।

### ३.२.८ अपेक्षित उपलब्धि

पर्यटन गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको हुने, पर्यटनबाट बार्षिक सरदर ५० लाख आय हुने, ५० जनाले रोजगारी प्राप्त भएको हुने, पर्यटकको औसत बसाइ ३ दिन पुगेको हुने, पर्यटक संख्यामा आन्तरिक १ हजार र वैदेशिक ५० पुगेको हुने, १० वटा होटल तथा होमस्टे सुचारु भई १०० वेड क्षमता पुगेको हुने, पर्यटकीय गन्तव्य स्थल (प्राकृतिक तथा सांस्कृतिक) ६ वटा पुगेको हुने, तिन मध्ये एक वडामा पिकनिक स्थल/सार्वजनिक उद्यानको निर्माण भएको हुने, खप्तड, पदयात्रा मार्गको निर्माण भएको हुने, पर्यटन व्यवसाय सम्बन्धित ५० जना दक्ष जनशक्ति तयार भएको हुने, एकवटा पर्यटन सूचना केन्द्र, एकवटा संग्रहालय र एकवटा कोसेली घर स्थापना भएको हुने, पर्यटन क्षेत्रसँग सम्बन्धित स्थानीय संघ/संस्थाहरूको संस्थागत क्षमता विकास भएको हुनेछ ।

## ३.३ उद्योग, व्यापार, व्यवसाय

### ३.३.१ पृष्ठभूमि

उद्योग, व्यापार र व्यवसाय आर्थिक क्रियाकलाप, रोजगारी र मूल्य अभिवृद्धि श्रृङ्खलाका प्रमुख आधार हुन् । यी क्षेत्रले नगरपालिकाको आर्थिक विकासलाई गतिवान् बनाउन सहयोग पुऱ्याउँदछन् । बुढीगंगा नगरपालिकामा विभिन्न १६३ वटा व्यापार व्यावसायहरु दर्ता भएकोमा साना तथा लधु उद्यम व्यावसायहरुबाट करीव १०० जना रोजगारमा संलग्न रहेका छन्। हाल यस नगरपालिकामा उत्पादनशील साना घरेलु उद्योग व्यावसायहरुमा चाउमिन २, फर्निचर उद्योग ४, ग्रिल ३, मोटरसाईकल मर्मत केन्द्र ४ वटा गाडी मर्मत केन्द्र ३ वटा, होटल ५ वटा र लघु जलविद्युत् २ वटा रहेका छन् । नगरपालिकामा रहेका उद्योगमध्ये अधिकांस लघु तथा घरेलु स्तरका छन् । यस क्षेत्रबाट कुल गार्हस्थ्य उत्पादनमा २७.५ प्रतिशत योगदान पुगेको छ । यस नगरपालिकामा रहेका प्रमुख बजार केन्द्रहरूमा वेतालमाण्डौ, कुलदेवमाण्डौ, बाम्का, फलासैन आदी रहेका छन् ।

आ.व. ०७९/८० देखि नगरपालिकाले १०० जना यूवाहरुलाई प्राविधिक ज्ञान सिप तथा तालिमहरु दिएको देखिन्छ । यसमध्ये सिलाई-वुनाई ३० जनाले, निर्माणसँग सम्वन्धित १५ जना, कम्प्यूटर ५ जना, मुढा बनाउने तालिम १२ जना स्वास्थ्य सम्वन्धी तालिम लिने १२ जना, पशु भेटनरी २२ जना रहेका छन् । यसैगरी इन्जिनियरिङ्गतर्फ ४ जना र अन्य विभिन्न प्रकारका ३२ जनाले तालिम लिएका छन् ।

### ३.३.२ प्रमुख समस्या

स्थानीय स्तरमा व्यवसायिक उत्पादन हुन नसक्नु, सीमित उत्पादन (जस्तै ओखर, सुन्तला, कुखुरा) को वजारीकरण हुन नसक्नु, उद्यमशीलता तथा सीपको कमी, उद्योग तथा औद्योगिक ग्रामको स्थापना हुन नसक्नु, जडीवुटीजन्य वस्तु प्रशोधन गर्ने उद्योगको अभाव हुनु, उत्पादित वा आयातित वस्तुको उत्पादन लागत उच्च हुनु, प्राविधिक जनशक्तिको कमी हुनु लगानीको लागि वित्तीय पहुँच कमजोर हुनु, सहकारीको लगानी उद्यम विकासतर्फ परिचालित हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ३.३.३ अवसर र चुनौती

**(क) अवसर**

सर्वयाम यातायात पूर्वाधारबाट नगरपालिका केन्द्र जोडिनु, स्थानीय लघु जलविद्युत आयोजनाबाट विद्युत आपूर्ति हुनु, नगरपालिका औद्योगिक लगानी मैत्री हुनु, चाउमिन, मिल, कुटानी, पिसानी लघु उद्योगहरू विद्यमान हुनु र तिनका प्रवर्द्धनका सम्भावना रहनु, एक नगरपालिका एक औद्योगिक ग्राम स्थापना गर्ने केन्द्रीय नीति रहनु, जडिवुटी तेजपत्ता, दालचिनी, सतुवा, लोक्ता, सिस्नु, रिठो, लोठसल्ला, अल्लो, चिराइतो, टिमुर, वाँस तथा निगालो आदि उपलव्ध हुनु, कृषि र जडिबुटी सम्बन्धी प्रशोधन उद्योगको सम्भावना रहनु, लघु तथा घरेलु उद्योगका लागी आवश्यक कच्चा पदार्थहरू स्थानीय रूपमा उपलव्ध हुनु, क्षमता तथा उद्यम विकासमा कार्य गर्ने गैर सरकारी संस्थाहरुको उपस्थिति रहनू, आदि यस क्षेत्रका प्रमुख अवसर हुन् ।

**(ख) चुनौती**

निजी क्षेत्र (लगानी) आकर्षित गर्नु, वित्तीय क्षेत्रमा पहुँच पुग्नु, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्नु, औद्योगिक क्षेत्रका लागि आवश्यक पर्ने जनशक्तिको उत्पादन गर्नु, औद्योगिक उत्पादनको बजारसम्म पहुँच हुनु, युवा पलायन रोक्नु, औद्योगिक ग्राम र औद्योगिक पूर्वाधारको विकास गर्नु, उद्यमशीलताको विकास गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ३.३.४ उद्देश्य

१. उद्यमशीलताको विकास गर्नु ।
२. उद्योग व्यवसाय क्षेत्रमा लगानी आकर्षित गर्नु ।

### ३.३.५ रणनीति

१. प्राविधिक ज्ञान र उद्यमशीलताको विकास गर्दै युवासमूहलाई उद्योग क्षेत्रमा आकर्षित गर्ने । (१)
२. प्रतिस्पर्धात्मक क्षमता भएका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्ने । (२)
३. निजी लगानीलाई आकर्षित गर्दै औद्योगिक उत्पादन तथा व्यापार व्यवसायमा वृद्धि गर्ने ।(२)

४. स्थानीय बैङ्क तथा सहकारी लगायतका वित्तीय संस्थाहरूबाट बचत परिचालन गरी उद्यम व्यवसायमा लगानीका लागि पुँजी निर्माण गर्ने । (२)

### ३.३.६ कार्यनीति

***रणनीति १: प्राविधिक ज्ञान र उद्यमशीलताको विकास गर्दै युवा समूहलाई उद्योग क्षेत्रमा आकर्षित गर्ने ।***

१. स्थानीय स्तरमा लघु र घरेलु उद्योग व्यवसाय स्थापनालाई प्रोत्साहन गरिनेछ ।

२. वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उनीहरूले सिकेको सीपअनुरूप उद्योग व्यवसाय क्षेत्रमा लगानी गर्न आकर्षित गरिनेछ ।

३. स्थानीय उत्पादनमा आधारित उद्योग स्थापनाका लागि सीप विकास तथा तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४. नयाँ स्थापना हुने रोजगारमूलक उद्योगमा स्किम धितोका आधारमा सहुलियत ऋण उपलव्ध गराउन सहजीकरण गरिनेछ ।

५. स्थानीय उत्पादनलाई प्रश्रय दिने खालका प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६. परम्परागत प्रविधिमा आधारित उद्योगहरूलाई नयाँ प्रविधिसँग जोडी आयस्तर वृद्धि गर्न सहयोग पुऱ्याइनेछ ।

७. पछाडि परेका वर्ग पराम्परागत सीप भएका समूह पहिचान गरी नयाँ प्रविधिसँग आवद्ध गर्दै व्यवसायीकरण गर्न सहुलियत प्रदान गरिनेछ ।

८. महिला उद्यमशीलता तालिम सञ्चालन गरी महिलाद्वारा सञ्चालित उद्यमहरूलाई विशेष सहुलियत प्रदान गरिनेछ ।

***रणनीति २: प्रतिस्पर्धात्मक क्षमता भएका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्ने ।***

१. स्थानीय जडिबुटी, जैविक कृषि उपज, फलफूल तथा तरकारी प्रशोधन सम्बन्धी उद्योगहरूको स्थापना र विकासमा प्रोत्साहन गरिनेछ ।

२. स्थानीय उत्पादनको ब्राण्डिङ गरी प्रवर्द्धन गरिनेछ ।

३. स्थानीय उत्पादनको बजारीकरणका लागि सहकारी र निजी क्षेत्रसँग सञ्जालीकरण र सहकार्य गरिनेछ ।

***रणनीति ३: निजी लगानीलाई आकर्षित गर्दै औद्योगिक उत्पादन तथा व्यापार व्यवसायमा वृद्धि गर्ने ।***

१. औद्योगिक ग्रामको स्थापना गरिनेछ ।

२. औद्योगिक ग्राममा स्थापित उद्योगलाई कर तथा अन्य सहुलियत उपलव्ध गराइनेछ ।

३. स्थानीय उत्पादन विक्रीका लागि कोसेली घरको स्थापना गरिनेछ ।

४. बाहिर रहेका स्थानीयबासीलाई नगरपालिकामा उद्यम व्यवसाय सञ्चालनमा लगानी गर्न

प्रोत्साहन गरिनेछ ।

५. मूल्यलाई व्यवस्थित गर्न मूल्य सूची राख्ने र नियमित अनुगमन र नियमन गरिनेछ ।

६. अत्यावश्यक वस्तुको निर्बाध आपूर्तिको सुनिश्चितता गर्दै कृत्रिम अभाव, कालोबजारी जस्ता अनियमितता नियन्त्रण गरिनेछ ।

७. विषयगत उत्पादन संस्था र उद्योग वाणिज्य संघसँगको सहकार्यमा सबै किसिमका व्यापार व्यवसायलाई दर्ता गरी अभिलेखीकरण गराइनेछ ।

***रणनीति ४: स्थानीय बैङ्क तथा सहकारी लगायतका वित्तीय संस्थाहरूबाट बचत परिचालन गरी उद्यम व्यवसायमा लगानीका लागि पुँजी निर्माण गर्ने ।***

१. वित्तीय संस्थाहरूबाट बचतका स्किमहरू विकास गरी ससाना बचतहरूलाई उद्यम व्यवसायतर्फ परिचालन गरिनेछ ।

२. विभिन्न समूह र सामुदायिक संस्थामा छरिएर रहेको बचतलाई उद्यम व्यवसाय सञ्चालनमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

### ३.३.७ प्रमुख कार्यक्रम

#### (क) स्थानीय तह आफैंले सम्पादन गर्ने

- नीति एव कानून तर्जुमा,
- लगानी सम्मेलन,
- औद्योगिक ग्राम,
- स्थानीय उत्पादनको ब्राण्डिङ,
- उत्पादन वृद्धि तथा वजार पहिचान र प्रवर्द्धन,
- सीपमूलक तालिम कार्यक्रम,
- कृषि तथा जडिबुटी प्रशोधन उद्योगको स्किम निर्माण,
- कोसेली घर सञ्चालन ।

#### (ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

- व्यवसाय प्रवर्द्धन तालिम कार्यक्रम,
- प्रदर्शन स्थलको निर्माण,
- स्थानीय लघु उद्योग प्रवर्द्धनका लागि आवश्यक मानव र वित्तीय संसाधनको विकास ।

#### (ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने

- औद्योगिक ग्राम स्थापना ।
- प्रविधि हस्तान्तरण ।

- औद्योगिक तथा व्यवसायिक सहुलियत ।
- उद्योग व्यवसायको सम्भावना अध्ययन र अनुसन्धान ।
- कर्जा सुरक्षण ।
- वैदेशिक लगानी आकर्षण ।
- वित्तीय संस्थाहरूको स्थापना ।

### ३.३.८ अपेक्षित उपलब्धि

औद्योगिक ग्रामको स्थापना भएको हुने, नगरपालिका क्षेत्रमा लघु/कुटिर तथा घरेलु उद्योगहरूको सङ्ख्या ४० पुगेको हुने, कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान २५ प्रतिशत पुगेको हुने, उत्पादनशील उद्योग ४०, रोजगारी सृजना २०० पुगेको हुने, कोसेली घरको सञ्चालन भएको हुने, घरेलु तथा साना उद्योग तथा व्यवसाय सञ्चालनसम्बन्धी विषयमा २०० जनाले सीप विकास तथा उद्यमशीलता विकाससम्बन्धी तालिम प्राप्त गरेको हुने, बजारमा अत्यावश्यक उपभोग्य वस्तुको नियमित आपूर्ति भएको हुनेछ ।

## ३.४ सहकारी तथा वित्तीय सेवा

### ३.४.१ पृष्ठभूमि

सहकारी क्षेत्रले बुढीगंगाको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलेको छ । संविधानले सहकारी क्षेत्रलाई स्थानीय तहको अधिकारमा राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐनले सहकारी संस्था सम्बन्धी नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गर्ने लगायतका बिभिन्न अधिकार स्थानीय तहलाई सुम्पेको छ ।

यस नगरपालिकामा २१ वटा सहकारी संस्थाहरू दर्ता भएकोमा ४ वटा बहुउदेश्यीय सहकारी तथा २ वटा कृषि सहकारी सञ्चालनमा रहेका छन् भने एउटा बैंक र २ वटा वित्तीय संस्था कार्यरत रहेका छन्। जनकल्याण बहुउदेश्यीय सहकारी संस्थाले कुल सेयर संख्या १४८९ मा कुल पूँजी ६ करोड रहेको सहकारीले संस्थागत विद्यालय समेत सञ्चालनमा ल्याएको छ । यस नगरपालिकामा जम्मा ५४.% घरमूलीको बैंकमा खाता रहेको छ । जसमध्ये महिला घरमूलीको खाता ४६% र पुरुष घरमुली ५४% जनाको रहेको छ । वडागत रूपमा वडा नं. ६ बजार क्षेत्रमा सबै भन्दा धेरै बैंक खाता हुने घरपरिवार रहेका छन् । खातावाल घरमूलीको लैङ्गिक वर्गीकरण अनुसार महिला र पुरुषको सङ्ख्या पनि अन्य वडाको दाँजोमा वडा नं. ६ मा धेरै छन् । सबैभन्दा कम खाता भएका महिला घरमूली वडा नं. ३ मा छन् भने खाता भएका सबैभन्दा कम पुरुष घरमुली सोही वडामा रहेका छन् ।

### ३.४.२ प्रमुख समस्या

सहकारी साक्षरताको कमी, उद्यमशीलताको कमी, ऋण तथा बचत सहकारीको बाहुल्यता हुनु, सहकारी संस्थाहरूले स्थानीय कृषि, पर्यटन, उद्योगका सम्भावनालाई उपयोग गर्न नसक्नु, सहकारीमा आधारित उद्यम व्यवसायको अभ्यास नहुनु, अपेक्षित रूपमा स-साना वचत परिचालन गर्न नसक्नु, बढी उत्पादनशील र पुंजी निर्माणको क्षेत्रमा न्यून लगानी हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ३.४.३ अवसर र चुनौती

#### (क) अवसर

९ वटा सहकारी संस्था सञ्चालनमा रहनु, सहकारी क्षेत्र नगरपालिकाको अधिकारको दायरामा रहनु, कृषक उत्पादन समूहलाई सङ्गठित गरी सहकारीमा आवद्ध गर्नु, सहकारीमार्फत् व्यवसायिक कृषि तथा पशुपालन र जडिबुटी क्षेत्रमा लगानीको सम्भावना हुनु, उपभोग्य वस्तुहरूको सहज आपूर्तिका लागि सहकारी संस्थाहरूको भूमिका प्रभावकारी मानिनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

#### (ख) चुनौती

सहकारी साक्षरता विस्तार गर्नु, सहकारीको लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, स-साना ऋण र बचत परिचालन गर्नु, निजी क्षेत्र र सहकारीबीच सहकार्य बढाउनु, पछिल्लो समयमा सहकारी प्रतिको आम समुदायको आकर्षण घट्दो क्रममा रहनु, सहकारीमा आधारित उद्योग व्यवसाय सञ्चालन गर्नु, स्थानीय सीप तथा प्रविधिको उपयोग गर्नु, सेवा क्षेत्रअन्तर्गत विशेष गरेर शिक्षा, स्वास्थ्य तथा सञ्चार क्षेत्रमा सहकारी संस्थाहरूको क्रियाशीलता बढाउनु, सहकारी संस्थाहरूद्वारा उत्पादित वस्तुहरू बजार श्रृङ्खलामा आवद्ध गर्नु, बचत तथा ऋणबीचको व्याजदरलाई सन्तुलित तुल्याउनु, बचत तथा ऋणको सुरक्षण सुनिश्चित गर्नु आदि यस क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू हुन् ।

### ३.४.४ उदेश्य

सहकारिताका माध्यमबाट स्थानीय अर्थतन्त्रको विकास गर्नु ।

### ३.४.५ रणनीति

१. स-साना बचत परिचालन गरी पुँजी निर्माण गर्ने ।

२. सहकारी क्षेत्रको लगानी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने ।

३. विषयगत उत्पादन समूहलाई सहकारीमा आवद्ध गराउने ।

४. सहकारी संस्थाहरूमा सुशासन कायम गर्ने ।

### ३.४.५ कार्यनीति

***रणनीति १: गाउँ बस्ती तहमा वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्ने ।***

१. ससाना बचत परिचालन गरी पुँजी निर्माण गरिनेछ ।

२. एक घर एक खाताको अभियानमा सहयोग र सहजीकरण गरिनेछ ।

३. बैंकबाट प्रदान हुने सहुलियत ऋण तथा अनुदानको उपयोगका सम्बन्धमा सूचना प्रवाह गरी जानकारी गराइनेछ ।

४. विप्रेषण आयलाई बैंकिङ सेवाबाट प्रवाह गर्न प्रोत्साहित गरिनेछ, वित्तीय साक्षरता कार्यक्रममा सहयोग पुर्याइनेछ ।

५. वित्तीय संस्थाहरूलाई उद्यम व्यवसायका क्षेत्रमा लगानी प्रवाह गर्न प्रोत्साहन गरिनेछ ।

६. स-साना बचत परिचालन गर्न सहकारी क्षेत्रको उपयोग गरिनेछ ।

७. सहकारीबाट कृषि तथा गैर कृषिजन्य उत्पादनमूलक उद्योग व्यवसायका लागि सहुलियतपूर्ण ऋण प्रवाह गराउन प्रोत्साहित गरिनेछ ।

८. सहकारी एवं वित्तीय संस्थाहरूद्वारा सङ्कलित बचत तथा प्रवाह गरिएको ऋणको सुरक्षणका लागि अनुगमन र नियमन प्रभावकारी बनाइनेछ ।

***रणनीति २: सहकारी क्षेत्रको लगानी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने।***

१. सहकारी संस्थाहरूलाई स्थानीय स्रोत र साधनमा आधारित आर्थिक क्रियाकलापमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

२. सहकारी सदस्यहरूमा सीप, प्रविधि तथा उद्यमशीलताको विकास गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

३. सहकारी मार्फत् कृषि, वन तथा गैरकृषि उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गरी बजारीकरण गरिनेछ ।

***रणनीति ३: विषयगत उत्पादन समूहलाई सहकारीमा आवद्ध गराउने ।***

१. कृषि, पशुपालन, वनजन्य उद्योग र पर्यटन लगायतका क्षेत्रसम्बद्ध उत्पादन समूहहरूलाई पहिचान गरी सहकारी संस्थामा आवद्ध गराइनेछ ।

२. सहकारी संदस्यहरूलाई व्यवसायिक पशुपालनमा क्रियाशील तुल्याउन सहकारी सदस्यहरूको साझा गोठ तथा चरनलाई प्रवर्द्धन र प्रोत्साहित गरिनेछ ।

३. सहकारी संस्थाहरूलाई कृषिजन्य उत्पादन (अन्नबाली, फलफूल, मौसमी/बेमौसमी तरकारी) लाई विषादीमुक्त गर्न जैबिक प्रविधिको उपयोगमा परिचालन गरिनेछ ।

४ सहकारी सुपथ मूल्य पसलको स्थापना गरी अत्यावश्यक उपभोग्य सामग्रीको आपूर्तिको सुनिश्चित गरिनेछ ।

५. स्थानीय सहकारीबाट कृषि सामाग्री तथा स्थानीय उत्पादनको खरिद विक्रीको व्यवस्थालाई सहज बनाइनेछ ।

***रणनीतिः ४ सहकारी संस्थाहरूमा सुशासन कायम गर्ने ।***

१. सहकारी सम्बन्धी नीतिगत र कानूनी व्यवस्था मिलाइनेछ ।

२. सहकारी सदस्यहरूलाई सहकारीको आधारभूत सिद्धान्त, मूल्य, आचार संहिता र कार्यविधिबारे अभिमूखीकरण गरिनेछ ।

३. सहकारी संस्थाहरूको प्रगति तथा वित्तीय स्थितिसम्वन्धमा जानकारी पुस्तिकाहरूको प्रकाशन, प्रतिवेदनहरूको सार्वजनिकिकरण गरी नियमितता, पारदर्शीता र जवाफदेहिता सुनिश्चित गरिनेछ ।

४. सहकारी संस्थाहरूको करोवारको नियमित लेखापरीक्षण गराई सोको प्रतिवेदन वार्षिक साधारण सभामा पेश हुने प्रभावकारी व्यवस्था मिलाइनेछ ।

५. सहकारी संस्थाहरूको व्यवस्थित र अद्यावधिक अभिलेख राखिनेछ ।

६. सहकारी संस्थाहरूको नियमित अनुगमन तथा नियमन गरिनेछ ।

७. स्थानीय स्तरमा सहकारिता प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय सरकारका बीचमा सहकार्य र समन्वय गरिनेछ ।

### ३.४.६ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैँले सम्पादन गर्ने कार्यक्रमहरू**

१. सहकारी सम्बन्धी नीति तथा कानुन तर्जुमा,
२. सहकारी साक्षरता तथा जागरण,
३. सहकारी संस्थाहरूको क्षमता विकास,
४. सहकारी संस्थाहरूको दर्ता, अनुगमन र नियमन,
५. वित्तीय सेवाको पहुँच विस्तार,
६. वित्तीय साक्षरता,
७. सहकारी सेवा अनुदान ।

**(ख) प्रदेश सरकारसँगको सहकार्यमा सम्पादन गर्ने कार्यक्रमहरू**

१. सहकारी संस्थाहरूको क्षमता विकास,
२. उद्यमशीलता विकास,
३. सहकारी क्षेत्र विशेष अनुदान कार्यक्रम,
४. बचत तथा ऋणको सूरक्षण ।

**(ग) संघ सरकारसँगको सहकार्यमा सम्पादन गर्ने कार्यक्रमहरू**

१. सहकारी संस्थाहरूको क्षमता विकास,
२. सहकारी क्षेत्रमा उद्यमशीलता विकास,
३. सहकारी क्षेत्रको प्रवर्द्धन,
४. सहकारी क्षेत्र विशेष अनुदान कार्यक्रम,
५. बचत तथा ऋण सुरक्षण ।

### ३.४.७ अपेक्षित उपलब्धि

नगरपालिकाको सहकारी नीति र कानुन तर्जुमा भएको हुने, ५०० जनालाई सहकारी साक्षरता प्रदान भएको हुने, सबै सहकारीको वार्षिक अनुगमन भएको हुने, ८५ प्रतिशत घरपरिवार सहकारी संस्थामा आवद्ध भएको हुने, सहकारी संस्थाको अभिलेख व्यवस्थापन भएको हुने, वित्तीय साक्षरता अभियान ८० प्रतिशत घरपरिवारमा पुगेको हुने, सुपथ सहकारी पसल खुलेको हुने, सहकारी संस्था तथा वित्तीय संस्थाहरूद्वारा सङ्कलित बचत तथा प्रवाह गरिएको ऋणको सुरक्षण व्यवस्था भएको हुनेछ ।

# परिच्छेद- ४
# सामाजिक क्षेत्र

## ४.१ शिक्षा

### ४.१.१ पृष्ठभूमि

शिक्षा मानव विकासको मूल आधार हो। संविधानले पनि आधारभुत शिक्षालाइ मौलिक हकको रूपमा स्थापित गरेको छ। दिगो विकासको लक्ष्यमा पनि शिक्षालाई महत्वका साथ स्थान दिइएको छ। पन्ध्रौं योजनाको आधारपत्रमा पनि शिक्षालाई समृद्धिको मूल आधारको रूपमा लिइएको छ। संविधानले आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकारको रूपमा स्थापित गर्दै अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गरेको छ।

यस नगरपालिकामा साक्षरता दर ७१.८६% रहेको छ, जसमा महिला साक्षरता ६२.८८% र पुरुष साक्षरता ८२.८२% रहेको छ। नगरपालिकामा क्याम्पस १, आधारभूत तह २४ (निजी ६ सहित), माध्यमिक ८, सामुदायिक सिकाई केन्द्र ३, वालविकास केन्द्र ३६ गरी रहेका छन्। सामुदायिक विद्यालयहरूमा जम्मा २८७ जना शिक्षक रहेका छन्। तहगत रूपमा आधारभुत तहमा ४२ जना, मा.वि.मा ३८, उच्च मा.वि. मा ४० जना र पुर्व प्राथमिक तहमा १०५ जना कार्यरत रहेको देखिन्छ। यी शिक्षकमध्ये ७ जना राहत कोटामा रहेको देखिन्छ।

यस नगरपालिकामा शिक्षक/विद्यार्थीको अनुपात १:४० रहेको देखिन्छ। शैक्षिक सत्र २०७९ मा कुल ८११० विद्यार्थी रहेकोमा छात्रा ४२०४ र छात्रको सङ्ख्या ३९७६ रहेको देखिन्छ। नगरपालिकामा कक्षा १ मा भर्नादर ९४.८ प्रतिशत रहेको छ भने आधारभूतमा ९३ र माध्यमिक तहमा ८०.१ रहेको छ। यसैगरी कक्षा छाड्ने दर कक्षा १ मा १६ प्रतिशत, कक्षा २ मा ११ प्रतिशत र कक्षा ४ मा ९ प्रतिशत रहेको छ।

### ४.१.२ प्रमुख समस्या

सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या कम हुँदै जानु, व्यवसायिक शिक्षाको कमी, भवन तथा शैक्षिक पूर्वाधार तथा अतिरिक्त क्रियाकलापको कमी, वाल, महिला र अपाङ्गमैत्री विद्यालयको कमी, विषयगत तथा महिला शिक्षिकाको कमी, विशेष शिक्षामा सहज पहुँचको कमी, पूर्व प्राथमिक तहमा बालबालिका शैक्षिक सामग्री (Kits) को कमी विभिन्न कारणवश विद्यालयमा भर्ना भएर विचमा विद्यार्थीले छोड्ने समस्या, बसाइ-सराइको असाधारण समस्या, सरकारी विद्यालयमा तल्लो कक्षादेखि अन्तर्राष्ट्रिय भाषा अङ्ग्रेजी निजी विद्यालयहरुको दाँजोमा व्यवस्था गर्न नसक्नु, सरकारी विद्यालयमा अनुशासनको कमी, अनुगमन तथा निरिक्षणको कमी र विद्यालयमा पुस्तकालयको अभाव आदि शिक्षा क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्।

### ४.१.३ अवसर र चुनौती

#### (क) अवसर

आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकारमा रहनु, माध्यमिक तहसम्मको शिक्षा

निःशुल्क हुनु, एक स्थानीय तह एक प्राविधिक विद्यालयको नीति रहनु, विद्यालय नक्साङ्कन र समायोजनको अधिकार स्थानीय तहमा रहनु, योग्यता पुगेका र तालिम प्राप्त शिक्षकको उपलब्धता हुनु, शिक्षामा महिला शिक्षक र छात्राहरूको पहुँचमा वृद्धि हुनु, विपन्न, दलित, अपाङ्ग, छात्रा, सीमान्तकृत र जेहेन्दार विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था हुनु आदि प्रमुख अवसरहरू हुन् ।

### (ख) चुनौती

विद्यार्थीको सङ्ख्या अनुसार शिक्षकको व्यवस्था गर्नु, तालिम प्राप्त शिक्षक तथा प्रशासनिक जनशक्तिको व्यवस्था गर्नु, निजी र सामुदायिक विद्यालयवीच भएको शैक्षिक गुणस्तरमा समानता ल्याउनु, विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नु, विद्यालय छाड्ने दर कम गर्नु, बाल, अपाङ्ग तथा महिलामैत्री विद्यालय वनाउनु, विद्यालयमा खेलकूद पूर्वाधारको विकास गर्नु, पूर्वप्राथमिक शिक्षालाई समुदाय एवं विद्यालयस्तरमा सञ्चालन गर्नु, प्राविधिक विद्यालय स्थापना र सञ्चालन गर्नु, समयसापेक्ष विद्यालय पूर्वाधारको व्यवस्था गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ४.१.४ उद्देश्य

गुणस्तरीय तथा सीपमूलक शिक्षाको विकास गर्दै शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

### ४.१.५ रणनीति

१. झिकाउ, टिकाउ र विकाउको नीति अवलम्वन गर्ने,
२. शैक्षिक गुणस्तरमा सुधार गर्ने,
३. गुणस्तरीय, प्राविधिक एवं विशेष शिक्षाको विकास र विस्तार गर्ने,
४. अनौपचारिक शिक्षाको विस्तार गर्दै औपचारिक, व्यवसायिक एवं विद्युतीय शिक्षामा आवद्ध गर्ने ।

### ४.१.६ कार्यनीति

***रणनीति १ : झिकाउ, टिकाउ र विकाउको नीति अवलम्वन गर्ने***

१. सबै विद्यालय उमेर समूहका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ ।
२. सबै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन आमा समूह, सामुदायिक संस्था, क्लव तथा स्थानीय गैससलाई परिचालन गरिनेछ ।
३. अनिवार्य तथा निःशुल्क शिक्षालाई कार्यान्वयनमा ल्याउन अभिभावक शैक्षिक चेतना विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।
४. विपन्न र पछाडि परेका वा पारिएका वर्ग, लिङ्ग र समूहलाई विद्यालय भित्र्याई टिकाउन छात्रवृत्ति, खाजा, पोसाक लगायत विशेष प्रोत्साहनजनक कार्यक्रम सञ्चालन गरिने छन् ।
५. विद्यालयलाई महिला बाल एवं अपाङ्गमैत्री रूपमा विकास गरी विद्यालय शिक्षा पूरा गर्न आकर्षित गरिनेछ ।

६. स्थानीय पहिचान दर्शाउने पाठ्य सामग्रीको विकास गरी लागू गरिनेछ ।

७. बालिका शिक्षालाई प्रोत्साहित गर्न महिला मैत्री शौचालय, स्यानेटरी प्याडको उपलब्धता र व्यवस्थापनको समुचित व्यवस्था गरिनेछ ।

८. माध्यमिक विद्यालयमा व्यवसायिक एवं जीवनोपयोगी सीपमूलक शिक्षाको विस्तार गरिनेछ ।

९. नगरपालिकाको सम्भाव्यता र आवश्यकताका आधारमा नजिकका स्थानीय तहसँग समेत समन्वय र सहकार्य गरी एक बहुप्राविधिक विद्यालय स्थापना गरी सञ्चालन गरिनेछ ।

***रणनीति २ : शैक्षिक गुणस्तरको सुधारमा आवश्यक सुधार गर्ने***

१. सामाजिक विकास समिति अन्तर्गत शिक्षासम्बन्धी योजना र विकाससम्बन्धी कार्य क्षेत्रसहित सरोकारवाला समेतको सहभागिता रहने गरी शिक्षा विकास उपसमिति गठन गरिनेछ ।

२. विद्यालय शैक्षिक विकासका लागि व्यवस्थापन समितिको क्षमता विकास गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ ।

३ बालविकास केन्द्रलाई औपचारिक शिक्षा प्रणालीमा आबद्ध गरिनेछ ।

४. शैक्षिक नक्साङ्कन गरी सोही आधारमा विद्यालयको पुनःसंरचना गरी विद्यार्थीको अनुपातमा शिक्षक समायोजन गरिनेछ ।

५. प्रदेश सरकारसँगको समन्वयमा नपुग भएका विषय शिक्षकहरूको दरवन्दी व्यवस्था गरी पूर्ति गरिनेछ ।

६. प्रत्येक विद्यालयमा शिक्षक-विद्यार्थी र शिक्षक कक्षाकोठाको अनुपात मिलाई शैक्षिक सामग्रीको व्यवस्था मिलाइनेछ ।

७. शैक्षिक गुणस्तर कायम गर्न सामाजिक परीक्षण लगायत शिक्षक, विद्यार्थी र अभिभावकवीच नियमित रूपमा सम्वाद एवं अन्तरक्रिया गरिनेछ ।

८. विद्यालयमा विद्युतीय शिक्षा, ई-पुस्तकालय, खेलमैदान, सरसफाइ एवं वातावरणीय शिक्षा, नैतिक एवं शारीरिक शिक्षा, प्रयोगशाला जस्ता आधारभूत सुविधा उपलब्ध गराइनेछ ।

९. महिला शिक्षिकाको अनुपात वृद्धि गर्दै लगिनेछ ।

१०. शिक्षकको क्षमता विकास र पुनर्ताजगीको लागि समयसमयमा तालिममा संलग्न गराइनेछ ।

११. शिक्षकको कार्यसम्पादन सिकाइ उपलब्धिसँग आबद्ध गरिनेछ ।

१२. नगरपालिकाको एउटा विद्यालयलाई नमूना विद्यालयको रूपमा सञ्चालन गरिनेछ ।

१३. सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यममा शिक्षा दिन प्रोत्साहित गरिनेछ ।

१४. पाँच, आठ, एसइइ (SEE) र १२ कक्षामा उच्चतम अङ्क ल्याउने विद्यार्थी, विषय शिक्षक र विद्यालयलाई पुरस्कृत गरिनेछ ।

१५. शैक्षिक नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

***रणनीति ३ : गुणस्तरीय, प्राविधिक एवं विशेष शिक्षाको विकास र विस्तार गर्ने***

१. १ वटा प्राविधिक विद्यालय स्थापना गरी सञ्चालन गरिनेछ।

२. महिला, दलित, अपाङ्ग, विपन्न तथा पछाडि परेका वा पारिएका समूहको गुणस्तरीय, प्राविधिक एवं विशेष शिक्षामा पहुँच सुनिश्चित गर्दै लगिनेछ।

३. भिन्न क्षमता भएका बालबालिकालाई सीपमूलक विशेष शिक्षा प्रदान गर्न अन्तर सरकार, अन्तर स्थानीय तह, गैसस र निजी क्षेत्र समेतसँग समन्वय गरी उपयुक्त विद्यालयमा छात्रवृत्तिसहित पठनपाठनको व्यवस्था गरिनेछ।

४. महिला, दलित, विपन्न तथा पछाडि परेका वा पारिएका वर्गलाई गुणस्तरीय र प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न छात्रवृत्ति लगायत अन्य प्रोत्साहनको व्यवस्था गरिनेछ।

५. विद्यालय शिक्षा पूरा नगरेका किशोरकिशोरीहरूलाई विद्यालय केन्द्रित व्यवसायिक शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ।

***रणनीति ४ : अनौपचारिक शिक्षाको विस्तार गर्दै औपचारिक, व्यवसायिक एवं विद्युतीय शिक्षामा आबद्ध गर्ने***

१. आधारभूत शिक्षाबाट वञ्चित विद्यालय उमेर समूहभन्दा माथिका किशोरकिशोरीहरूलाई उनीहरूको अनुकूल अनौपचारिक सीपमूलक साक्षरता कक्षा सञ्चालन गरिनेछ।

२. विद्यालय केन्द्रित साक्षरता कर्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनेछ भने साक्षरता कार्यक्रम र जीवनोपयोगी शैक्षिक पाठ्यक्रमसँग आबद्ध गराइनेछ।

३ साक्षरता कार्यक्रममा गैरसरकारी संस्थाहरूको परिचालन र समन्वय गरिनेछ।

### ४.१.७ प्रमुख कार्यक्रम

#### (क) स्थानीय तह आफैँले सम्पादन गर्ने

- विद्यार्थीहरूलाई दिवाखाजा,
- गरिव तथा जेहेन्दार तथा संरक्षक नभएका विद्यार्थीहरूलाई छात्रवृत्ति,
- प्रतिभा पहिचान,
- हाम्रो विद्यालय,राम्रो विद्यालय हामी सिक्नेछौ, अरुलाई सिकाउनेछौ आदी अभियानहरु संचालन गर्ने,
- सबै तहका विद्यार्थीहरू सहभागी हुने गरी विभिन्न बौद्धिक र शारीरिक कार्यक्रम,
- भर्ना अभियान घरदैलो कार्यक्रम,
- हरेक बिद्यालयमा कम्तिमा एक कम्प्युटर शिक्षकको व्यवस्थापन,
- शैक्षिक नीति तथा योजना तर्जुमा,
- नगरपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकूद,
- विद्यालय पूर्वाधार सुधार तथा शैक्षिक सामग्री,
- शैक्षिक चुनौती कोष,

- सूचना प्रविधि तथा कम्प्युटर ल्याब,
- जसको कोई छैन, उसको लागि स्थानीय सरकार अभियान सञ्चालन ।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- विज्ञान प्रयोगशाला, इ-पुस्तकालय, कम्प्युटर ल्याब,
- बहुप्राविधिक शिक्षालय स्थापना,
- पाठ्यक्रममा सुधार,
- शिक्षक दरवन्दी र आपूर्ति,
- शिक्षक तालिम,
- परीक्षा सञ्चालन,
- नगरपालिकास्तरीय खेलकुद रङ्गशाला,

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने**

- प्राविधिक शिक्षालयको स्थापना,
- शिक्षक आपूर्ति,
- शिक्षकको विषयगत तालिम,
- शैक्षिक मूल्याङ्कन ।

### ४.१.८ अपेक्षित उपलब्धि

पूर्ण साक्षर नगरपालिका घोषित भएको हुने, विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा हुने, आधारभूत तहमा विद्यालय छाड्ने दर शून्यमा झरेको हुने, १ वटा बहुप्राविधिक विद्यालय स्थापना भएको हुने, सर्म्पुण विद्यालयका भवनहरु भूकम्प प्रतिरोधी निर्माण भएको हुने, नगरपालिका स्तरीय खेलकूद मैदान निर्माण भएको हुने, सबै माध्यमिक तहमा कम्प्युटर ल्याव र विज्ञान प्रयोगशाला स्थापना भएको हुने, सबै दरबन्दीमा शिक्षक पदपूर्ति भएको हुने, विद्यालय बाल, अपाङ्ग र छात्रामैत्री भएको हुनेछ ।

## ४.२ स्वास्थ्य र पोषण

### ४.२.१ पृष्ठभूमि

स्वस्थ जीवन मानव विकास सूचकाङ्कको महत्वपूर्ण आधार हो । स्वच्छ खानेपानी, औषधि तथा उपचारको राम्रो व्यवस्था, स्वास्थ्य संस्थाको उपस्थिती अनुसार यहाँ हाल ३ वटा स्वास्थ्य चौकी, ७ वटा सामुदायिक स्वास्थ्य एकाई र १ वटा नगर स्वास्थ्य इकाई गरि ११ वटा स्वास्थ्य संस्था रहेको देखिन्छ, भने वडा नं ६ मा रहेको गेटा आखा अस्पतालको शाखा विस्तार आयुर्वेद शाखा समेत रहेको छ । उक्त स्वास्थ्य संस्थाहरूमध्ये प्रसुति सेवा ६ वटामा, ल्याव सेवा ३ वटामा, परामर्श सेवा ११ वटामा र खोपसेवा ११ वटामा रहेका छन् । यसैगरी १५ वेडको ग्रामिण अस्पताल को १५ प्रतिशत जगको कार्य सम्पन्न भई वाकि निर्माणाधिन अवस्थामा रहेको रहेको छ ।

यस नगरपालिकाको कुल जनसख्याको ५ प्रतिशत कुनै न कुनै रोगबाट प्रभावित रहेका छन् । ३० प्रतिशत सामान्य रोगी र ५ प्रतिशत दीर्घ रोगी रहेका छन् । यी रोगहरुको भार महिला र पुरुषवीच

करिव समान रहेको छ । यहाँ दिर्घ रोगमा मुटु, टि.वी., श्वासप्रश्वास, मधुमेह र उच्च रक्तचाप प्रमुख रुपमा रहेका छन् । यसैगरि सामान्य रोगहरुमा ज्वरो, झाडापखाला, जन्डिस, आङ खस्ने र निमोनिया प्रमुख समस्याका रुपमा रहेका छन् ।

यस नगरपालिकामा एक घण्टाभित्र स्वास्थ संस्थामा पहुँच भएको जनसंख्या ८५ प्रतिशत रहेको छ । विरामी पर्दा स्वास्थ्य संस्थामा जाने जनसङ्ख्याको अनुपात ८० प्रतिशत रहेको छ । संस्थागत प्रसुती ९० प्रतिशत रहेको छ । यहाँ पूर्ण खोप लगाउने बालबालिका ९५ प्रतिशत, भिटामिन ए प्राप्त गर्ने बालबालिका ९० प्रतिशत रहेको छ । जन्मदा २५०० ग्राम भन्दा कम तौल भएका बालबालिका ३ प्रतिशत रहेको छ । झाडापखालाको संक्रमण दर प्रतिहजार ३ जना रहेको छ । यसैगरी स्वास्थ्य बीमा गर्ने परिवार ५ प्रतिशत रहेका छन् ।

### ४.२.२ प्रमुख समस्या

आधारभूत स्वास्थ्य सेवामा पहुँचको कमी, नगरपालिकामा अस्पताल नहुनु, मानसिक रोग बढ्दै जानु, खोप क्लिनिक तथा ओआरसि (ORC) पूर्वाधार नहुनु, सबै बालबालिका खोपको दायरामा आउन नसक्नु, सबै स्वास्थ्य चौकीमा सुत्केरी सुविधा उपलब्ध भइनसक्नु, सरकारबाट वितरण हुने आधारभूत औषधी अपुग हुनु, स्वास्थ्य उपकरणको कमी, स्वास्थ्यकर्मीको निरन्तर उपस्थितिको कमी, स्वास्थ्य चेतनाको अभाव, परम्परागत धामी-झाँक्री प्रणालीको विद्यमानता, आयुर्वेदलगायतका बैकल्पिक स्वास्थ्य सुविधाको कमी, रिफरल स्वास्थ्य सेवा प्राप्त गर्न टाढा जानुपर्ने बाध्यता हुनु, पोषणसम्बन्धी चेतनाको कमी आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ४.२.३ अवसर र चुनौती

#### (क) अवसर

आधारभूत स्वास्थ्य सेवा स्थानीय तहको अधिकारमा हुनु, दिगो विकासका लक्ष्यमा स्वास्थ्यलाई प्रमुखताका साथ राखिनु, सबै वडामा भवनसहितको स्वास्थ्य संस्था हुनु, सामुदायिक स्वास्थ्य इकाई, गाउँघर क्लिनिक हुनुका साथै स्वास्थ्य स्वयंसेविकाहरू सक्रिय रहनु, स्वास्थ्य क्षेत्रमा काम गर्ने गैससको उपस्थिति हुनु, स्वास्थ्य सेवामा निजी क्षेत्रको संलग्नता बढ्दै जानु, जडिबुटीको उपलब्धता रहनु, स्वास्थ्य सेवाप्रति अत्यधिक जनचासो हुनु र नगरपालिकाको प्राथमिकतामा रहनु, स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन हुनु, हरेक स्थानीय तहमा कम्तिमा १५ शैया क्षमताको अस्पताल स्थापना गर्ने सरकारी नीति हुनु आदि यहाँका अवसर हुन् ।

#### (ख) चुनौती

आधारभूत स्वास्थ्य सेवालाई सबैको पहुँचभित्र ल्याउनु, स्वास्थ्य संस्थामा बैकल्पिक स्वास्थ्य सेवाको एकीकृत व्यवस्थापन गर्नु, सबैलाई स्वास्थ्य संस्थामा सुत्केरी हुने अवस्थाको सृजना गर्नु, पोषण सम्बन्धी चेतना र खाद्य व्यवहारमा परिवर्तन ल्याउनु, स्वास्थ्य र सरसफाइ सम्बन्धी चेतना विस्तार गर्नु, मानसिक एवं सर्ने र नसर्ने रोगमा कमी ल्याउनु, स्वास्थ्य बीमा कार्यक्रममा सबैलाई समेट्नु, जडिबुटी प्रशोधन तथा आयुर्वेदिक लगायतका बैंकल्पिक उपचार प्रणालीलाई प्रवर्द्धन गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ४.२.४ उद्देश्य

आधारभूत तथा गुणस्तरीय स्वास्थ तथा पोषण सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

### ४.२.५ रणनीति

१. सबै वडामा प्रसुति सेवासहितको आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।

२. गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने ।

३. बैंकल्पिक स्वास्थ्य सेवालाई स्वास्थ्य सेवामा एकीकृत गर्ने ।

४. स्वास्थ्य सम्बन्धी प्रतिकारात्मक, उपचारात्मक र प्रवर्धनात्मक सचेतना अभिवृद्धि गर्ने ।

५. बहुक्षेत्रीय पोषणलाई स्वास्थ्य सेवामा घनिष्ठ रूपमा आवद्ध गर्ने ।

### ४.२.६ कार्यनीति

***रणनीतिः १ सबै वडामा प्रसुति सेवासहितको आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने***

१. सबै वडास्थित स्वास्थ्य संस्थामा प्रसूती सेवासहितको स्वास्थ्यसेवा उपलव्ध गराइनेछ ।

२. स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको निरन्तरताका साथै न्यूनतम स्वास्थ्यसम्बन्धी उपकरण तथा अन्य पूर्वाधारको व्यवस्था मिलाइनेछ ।

३. सामुदायिक स्वास्थ्य इकाई, खोप क्लिनिक, शहरी स्वास्थ्य क्लिनिकबाट प्रदान गर्ने सेवा अभिवृद्धि गरिनेछ ।

४. सुरक्षित मातृत्व, खोप सेवा, परिवार नियोजन, बाल स्वास्थ्य, मनोसामाजिक परामर्श सेवा तथा आधारभूत स्वास्थ्य सेवा हरेक नागरिकलाई प्रदान गरिनेछ ।

५. जुकाको औषधि, भिटामिन ए, हेपाटाइटिस वी, हात्तीपाइले लगायतका खोप जस्ता कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ ।

६. आधारभूत निःशुल्क औषधि सबै स्वास्थ्य संस्थामा बाह्रै महिना उपलव्ध हुने व्यवस्था गरिनेछ ।

७. नियमित गर्भ परीक्षण स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरूलाई नगद सुविधा सहित सामग्री सहितको प्याकेज उपलव्ध गराइनेछ ।

८. विपन्न र वञ्चितिमा परेका समुदायको स्वास्थसेवा प्राप्तिमा देखिएका अवरोधहरू पहिचान गरी स्वास्थ्यसेवाको पहुँचमा ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

९. अस्पतालबाट वडास्थित स्वास्थ्य संस्था केन्द्रित घुम्तीसेवा प्रदान गरिनेछ । घुम्ती सेवा सहजीकरणमा महिला स्वयंसेविका परिचालन गरिनेछ ।

१० पाठेघर, स्तन क्यान्सर, आङ खस्ने जस्ता महिलासम्बन्धी रोगका लागि स्वास्थ्य शिविर सञ्चालन गरी निःशुल्क परीक्षण गरिनेछ ।

***रणनीतिः २ गुणस्तरीय स्वास्थ्यसेवामा पहुँच विस्तार गर्ने***

१. रिफरल सुविधासहितको नगरपालिका स्तरीय कम्तिमा १५ शैयाको अस्पताल स्थापना द्रुत गतिमा निर्माण गरिनेछ ।

२. अस्पतालमा न्यूनतम स्वास्थ्य उपकरण, प्रयोगशाला र विशेषज्ञ चिकित्सकको सेवा उपलव्ध गराइनेछ ।

३. चिकित्सा विज्ञान अध्ययन संस्थान तथा विशेषज्ञ अस्पतालहरूबाट नियमित रूपमा अस्पताल केन्द्रित घुम्ती विशेषज्ञ सेवा उपलव्ध गराइनेछ ।

४. जेष्ठ नागरिक, अपाङ्गता भएका, विपद् तथा दुर्घटनाबाट पीडित र जोखिममा परेका बालबालिका र महिलालाई सरलीकृत विशेषसेवा उपलव्ध गराइनेछ ।

५. नगरपालिकामा देखिएका प्रमुख रोगहरूको पहिचान गरी उपचारसम्बन्धी विशेष व्यवस्था गरिनेछ ।

६. भरपर्दो र नियमित एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ ।

***रणनीति ३ बैकल्पिक स्वास्थ्य सेवालाई स्वास्थ्य सेवामा एकीकृत गर्ने***

१. आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी, जस्ता परम्परागत चिकित्सा पद्धतिहरूलाई स्वास्थ्य संस्थासंग एकीकृत गरी व्यवस्थित गरिनेछ ।

२. योग, ध्यान, शारीरिक व्यायाम जस्ता स्वास्थ्य प्रवर्धक चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३. जडिबुटीको पहिचान, अनुसन्धान, प्रशोधन र प्रयोगमा बढावा दिइनेछ ।

४. परम्परागत धामी झाँक्रीलाई तालिम प्रदान गरी आधुनिक चिकित्सा प्रणालीका बारेमा जानकारी गराई विरामीलाई स्वास्थ्य केन्दमा पठाउन जागृत गराइनेछ ।

***रणनीति ४: स्वास्थ्य सम्बन्धी प्रतिकारात्मक, उपचारात्मक र प्रवर्धनात्मक सचेतना अभिवृद्धि गर्ने***

१. स्वास्थ्य संस्था, सामुदायिक स्वास्थ्य इकाई, महिला स्वास्थ्य स्वयंसेविका, खोप क्लिनिक, शहरी स्वास्थ्य क्लिनिक आदिजस्ता संस्थाहरू मार्फत् स्वास्थ्य सचेतना विस्तार गरिनेछ ।

२. स्वास्थ्य सचेतनामा विद्यालय, शिक्षक र विद्यार्थी तथा नागरिकसमाज उन्मुख सामुदायिक संघसंस्था र गैससको परिचालन गरिनेछ ।

३. स्वास्थ्य चेतना विस्तारमा रेडियो कार्यक्रम, नाटक तथा अन्य श्रव्यदृश्य कार्यक्रमहरूको उत्पादन र प्रसारण गरिनेछ ।

४. स्वास्थ्य क्लिनिक लगायत निजी स्वास्थ्यसेवा प्रदायक संस्थाहरूको प्रभावकारी अनुगमन र नियमन गरिनेछ ।

५. महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ ।

***रणनीति ५ बहुक्षेत्रीय पोषणलाई स्वास्थ्य सेवामा घनिष्ठ रूपमा आवद्ध गर्ने***

१. खाद्य पोषण र आमाको दुधको पौष्टिकतासम्बन्धी चेतना अभिवृद्धि गरिनेछ ।

२. पोषण सम्बन्धित शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पशु विकास जस्ता बहुक्षेत्रीय कार्यक्रमलाई एकीकृत र समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ ।

३. विद्यालय तहमा स्वास्थ र पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गरी विद्यार्थी मार्फत् घरघरसम्म स्वास्थ्य तथा पोषणसम्बन्धी चेतनाको विस्तार गरिनेछ ।

४. स्थानीय रूपमा उत्पादित वस्तुहरूको उपयोग बढाउने गरी विद्यालयकेन्द्रित खाद्य व्यवहारमा सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

५. सुनौलो हजार दिन, सुआहारा, भिटामिन ए जस्ता कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

६. पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सामुदायिक संस्था, आमासमूह तथा गैससलाई प्रोत्साहित गरिनेछ ।

७. आमासमूहको नियमित बैठक गरी मातृ तथा बाल स्वास्थ्य, पोषण र खोप सेवाबारे जानकारी प्रवाह र अनुभव आदान-प्रदान गरी सचेतना अभियानमा परिचालन गरिनेछ ।

८. स्वास्थ्य तथा पोषणसम्बन्धी क्षेत्रमा कार्यरत संस्थाहरूवीच कार्यगत समन्वय प्रभावकारी बनाइनेछ ।

### ४.२.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैँले सम्पादन गर्ने ।**

१. प्रजनन सेवासहित सबै वडामा स्वास्थ्य चौकीको स्तरोन्नति,

२. नगरपालिका स्तरको अस्पतालको निर्माण,

३. स्वास्थ्य पूर्वाधार तथा औजार उपकरणको व्यवस्था,

४. औषधि खरिद, व्यवस्थापन,

५. स्वास्थ्य जनचेतना कार्यक्रम सञ्चालन,

६. बिपन्न नागरिक उपचार कोष स्थापना गर्ने,

७. बिभिन्न स्वास्थ्य सूचकाङ्कको तथ्यांक सङ्कलन गर्ने,

८. वडा स्तरीय स्वास्थ्य संस्था केन्द्रित घुम्ती स्वास्थ्यसेवा,

९. प्रयोगशाला स्थापना,

१० पूर्ण खोप कार्यक्रम,

११ स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि,

१३. स्वास्थ्य आमा समूहको बैठक नियमित सञ्चालन,

१४. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन,

१५. शहरी स्वास्थ्य ईकाईको स्थापना साथै व्यवस्थापन,

१६. रोग देखि डराउनु पर्दैन, उपचार नपाई मर्नुपर्दैन स्वास्थ्य विमा कार्यक्रम सञ्चालन ।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने ।**

१. १५ शैयाको अस्पताल स्थापना तथा अन्य सहयोग,

२. विद्यालय स्वास्थ्य शिक्षा सञ्चालन,

३. अस्पताल केन्द्रित घुम्ती विशेषज्ञ सेवा (Health Camp) सञ्चालन,

४. तालिम तथा जनचेतना कार्यक्रम सञ्चालन,

५. सामुदायिक स्वास्थ्य कार्यकर्ता अहेब, अनमिको व्यवस्थापन गरी परिवार स्वास्थ्य कार्यक्रम सञ्चालन,

६. टेली मेडिसिन,

६. बर्थिङ सेन्टरको लागि आवश्यक औजार उपकरण (USG) को व्यवस्थापन,

७. स्वास्थ्यकर्मीको पदपूर्ति ।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने ।**

१. अस्पताल तथा स्वास्थ्य भवन निर्माण,

२. विशिष्टीकृत औषधिको आपूर्ति,

३. विशिष्टीकृत घुम्ती सेवा,

४. स्वास्थ्य बीमा,

५. आधुनिक औजार तथा उपकरणको व्यवस्थापन ।

### ४.२.८ अपेक्षित उपलब्धि

एक घण्टाभित्र स्वास्थ संस्थामा पहुंच भएको जनसंख्या ९५ प्रतिशत पुगेको हुने, सबै वडामा बर्थिङ सेवा उपलब्ध भएको हुने, शतप्रतिशत बालबालिका पूर्ण खोप (प्याकेज) लिएको हुने, ९९ प्रतिशत महिला स्वास्थ्य संस्थामा सुत्केरी भएको हुने, ३ वटा वडा पूर्ण संस्थागत सुत्केरी वडा घोषणा भएको हुने, शतप्रतिशत बालबालिकाले भिटामिन ए प्राप्त गरेको हुने, जन्मदा २५०० ग्राम भन्दा कम तौल भएका बालबालिका २ प्रतिशतभन्दा कम भएको हुने, झाडापखालाको संक्रमण दर प्रतिहजार ३ जनामा झरेको हुने, आधारभूत निशुःल्क औषधि बाह्रै महिना उपलब्ध भएको हुने, नगरपालिका केन्द्रमा १५ शैयाको अस्पताल स्थापना भएको हुने, बाल कुपोषण १० प्रतिशतमा झरेको हुने, २५ प्रतिशत जनसङ्ख्या स्वास्थ्य बीमामा आवद्ध भएका हुनेछन् ।

## ४.३ युवा तथा खेलकुद

### ४.३.१ पृष्ठभूमि

युवावर्ग राष्ट्रनिर्माणका प्रमुख स्रोत हुन्। त्यसैले तिनको शारीरिक, मानसिक तथा बौद्धिक विकासले समाजको विकासमा महत्वपूर्ण भूमिका खेल्दछ। बुढीगंगा नगरपालिकामा १६ देखि ४० वर्षसम्मको जनसंख्या ४२.७१ प्रतिशत रहेबाट यहाँ युवा जनसङ्ख्याको बाहुल्यता देखिन्छ। यसैगरी अति उत्पादनशील उमेर समूहको जनसङ्ख्या (१६-३०) ३१.५४ प्रतिशत रहेको छ। ६० बर्षभन्दा माथिको जनसङ्ख्या करिब १० प्रतिशत मात्र भएको र मध्यिका (Median) आयु २५ वर्ष भएको कारण नगरपालिकाले जानसाङ्ख्यिक लाभ लिने सुवर्ण अवसर रहेको छ।

### ४.३.२ प्रमुख समस्या

सीप र उद्यमशीलताको कमी हुनु, युवाको उपयोग सिर्जनशील क्षेत्रमा हुन नसक्नु, युवा पलायन बढ्नु, बेरोजगारको आकारमा युवा उमेर समूहको बाहुल्यता, कुलत र असामाजिक व्यवहारमा युवा संलग्नता बढ्दै जानु, युवामा मनोआवेग र नकारात्मक सोचको विकास हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन्।

### ४.३.३ अवसर/चुनौती

**(क) अवसर**

युवाहरूको बाहुल्यताले गर्दा जनसाङ्ख्यिक लाभको अवस्था हुनु, युवामैत्री नीति हुनु, उद्यम व्यवसायमा युवाको बढ्दो रुचि, विपद् व्यवस्थापन, स्वयंसेवा तथा सामाजिक कार्यमा युवाको बढ्दो संलग्नता, खेलकुदमा युवाहरूको बढ्दो आकर्षण, प्राविधिक शिक्षाप्रति युवाहरूको बढ्दो संलग्नता, विदेशमा सिकेको सीप स्वदेशमा उपयोग गर्ने युवाचाहना आदि यस क्षेत्रका प्रमुख अवसरहरू रहेका छन्।

**(ख) चुनौती**

बढ्दो युवा पलायन रोक्नु, युवाहरूलाई प्राविधिक तथा जीवन उपयोगी शिक्षा प्रदान गर्नु, युवालाई आय-आर्जन र रोजगारीमा संलग्न गराउनु, वैदेशिक रोजगारबाट फर्किएका युवाहरूको सीप र विप्रेषण आयलाई रोजगार र स्वरोजगारमूलक लगानीमा प्रवाहित गर्नु, युवाको सीप र सिर्जनशीलतालाई नगरको विकासमा उपयोग गर्नु, खेलकुद तथा सामाजिक कार्यमा युवाहरूलाई आकर्षण गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन्।

### ४.३.४ उद्देश्य

नगरपालिकाको विकासमा युवा परिचालन गर्नु।

### ४.३.५ रणनीति

(१) युवा जनशक्तिको सीप तथा क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने।

(२) खेलकुद तथा सामाजिक कार्यमा युवा संलग्नता अभिवृद्धि गर्ने।

### ४.३.६ कार्यनीति

***रणनीतिः १ युवा जनशक्तिको सीप तथा क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने ।***

१. युवा लक्षित सीपमूलक तालिम सञ्चालन गरी व्यवसायसँग आवद्ध गराइनेछ ।

२. अन्तर सरकार समन्वयमा युवा लक्षित रोजगारमूलक आयआर्जन तथा उद्यमशीलताका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

३. उद्यमशील युवाहरूलाई वित्तीय सेवा तथा सहुलियत ऋण आदिमा पहुँच विस्तार गरिनेछ ।

४. व्यवसायिक एवं नैतिक शिक्षाका माध्यमबाट युवावर्गलाई दक्ष एवं अनुशासित वनाइनेछ ।

५. नीति निर्माणमा युवाको सहभागिता वृद्धि गरिनेछ ।

६. युवाहरूमा दुर्व्यसन रोकी उत्पादनशील कार्यमा संलग्न गराउन प्रोत्साहित गरिनेछ ।

७. वैदेशिक रोजगारबाट फर्किएका युवालाई उनीहरूको ज्ञान, सीप, विप्रेषण आयलाई पुँजीको रूपमा उपयोग गरी उद्यम व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गरिनेछ ।

८. युवाहरूलाई सङ्गठित गरी प्रतिभा प्रस्फुटनका क्रियाकलापहरूको सञ्चालन गर्न विभिन्न संघसंस्था, सांस्कृतिक क्लव, सांस्कृतिक समूह आदिलाई प्रोत्साहित गरिनेछ ।

९. युवालाई नगरपालिका क्षेत्रमा नै उद्यम र रोजगारीको अवसर विस्तार गर्ने गरी “फर्क युवा अभियान” सञ्चालन गरिनेछ ।

१०. “हाम्रो योग्यता, हाम्रो नगर विकासको लागि” भन्ने अभियानमा यूवाहरुलाई परिचालन गर्ने ।

११. “स्वरोजगार यूवाको सम्मान– बुढीगंगा नगरवासिको पहिचान” अभियान मार्फत यूवाहरुलाई जिविकोपार्जन तथा यूवा शसक्तिकरण कार्यक्रमहरुमा जोडिनेछ ।

***रणनीतिः २ खेलकुद तथा सामाजिक कार्यमा युवा संलग्नता अभिवृद्धि गर्ने ।***

१. युवामा स्वयंसेवी भावनाको विकास गरी विपद् व्यवस्थापन तथा सामाजिक कार्यमा परिचालित गरिनेछ ।

२. स्काउट, रेडक्रस, खेलकुद जस्ता रचनात्मक काममा युवालाई संलग्न गराई सृजनशीलता बढाइनेछ ।

३. युवा क्लवहरूको स्थापना र विकास गरी युवाशक्तिको परिचालन गरिनेछ ।

४. परम्परागत लोकसंस्कृति र कलालाई युवा पुस्तामा हस्तान्तरण गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

५. खेलकुद तथा व्यायामका कार्यक्रमहरू विद्यालयको नियमित अङ्गको रूपमा विकास गरिनेछ। यस्ता कार्यक्रम सञ्चालन गर्न विद्यालय खेलकुद शिक्षक तथा अतिरिक्त क्रियाकलापका शिक्षकहरूको क्षमता विकास गरिनेछ ।

६. नगरपालिका स्तरमा अन्तर विद्यालय र क्लवगत खेलकुद प्रतियोगितासम्बन्धी कार्यक्रमको

आयोजना गरिनेछ ।

७. विद्यालयमा खेलकुद तथा व्यायाम शिक्षकको व्यवस्था गरिनेछ ।

८. विद्यालय केन्द्रित खेलकुद मैदानको विकास गरिनेछ ।

९. नगरपालिका स्तरको खेलकुद मैदान/रङ्गशालाको निर्माण, स्तरोन्नति र विकास गरिनेछ ।

### ४.३.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने**

- सबै वडामा युवा क्लवहरूको गठन,
- नियमित खेलकुद प्रतियोगिता,
- युवा लक्षित सीपमूलक तालिम,
- युवारोजगार तथा स्वरोजगार कार्यक्रम,
- युवा लक्षित समुदायमा आधारित विपद् व्यवस्थापन,
- खेलकुद मैदान निर्माण,
- खेलकुद प्रतियोगिता,
- वैदेशिक रोजगारबाट फर्केकालाई लक्षित उद्यमशील युवा विकास कार्यक्रम,
- नगरपालिका स्तरको खेलकुद मैदान,
- मेरो सिप मेरो रोजगारीको आधार भन्ने अभियान यूवाहरुसंग जोड्ने,

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- प्रादेशिक खेलकुद,
- खेलकुद मैदान/रङ्गशाला निर्माण,
- प्रशिक्षक प्रशिक्षण,
- युवा आदनप्रदान,

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने**

- राष्ट्रिय खेलकुद,
- युवा आदनप्रदान,
- खेलकुद मैदान/रङ्गशाला निर्माण,
- युवा स्वरोजगार,
- वैदेशिक रोजगारबाट फर्केका युवालाई पुर्नएकीकरण ।

### ४.३.८ अपेक्षित उपलब्धि

बेरोजगार युवाको अनुपात २० प्रतिशतमा झरेको हुने, वैदेशिक रोजगारमा जाने यूवाको सङ्ख्या ७ प्रतिशतमा झरेको हुने, १५ वटा युवा सञ्जाल गठन भएको हुने, २०० जना युवालाई सीपमूलक तालिम प्रदान भएको हुने, नगरपालिका स्तरीय वार्षिक खेलकुद प्रतियोगिता आयोजना भएको हुने, युवाको बसाइसराइमा ५० प्रतिशतले कमी आएको हुने, दुईवटा नगरपालिका स्तरीय खेलकुद मैदान र दुइ बहुउद्देश्यीय कभर्डहल निर्माण भएको हुने ।

## ४.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)

### ४.४.१ पृष्ठभूमि

मानवअधिकार तथा दिगो विकासका लागि लैङ्गिक समानता तथा महिला सशक्तीकरण महत्वपूर्ण पक्ष हो । संविधानको प्रस्तावनामा नै समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ। यसैगरी छुवाछुत तथा भेदभाव विरुद्धको हक, शिक्षा, स्वास्थ्य, रोजगारसम्बन्धी हक, बालबालिकाको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। संविधानले महिलाको हकमा समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक, हिंसा विरुद्धको हक, राज्यका सबै निकायमा समानुपातिक सहभागिताको हक, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक आदि मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। संविधानले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हकसमेत प्रत्याभूत गरेको छ।

बुढीगंगा नगरपालिकाको २०७८ को जनगणना अनुसार ४८.४ प्रतिशत क्षेत्री, ११.५ प्रतिशत कामी ११.४ प्रतिशत ब्राँमण, दमाई ७.३ प्रतिशत ,लोहार ४.५ प्रतिशत,ठकुरी ४.५ प्रतिशत,सार्की ४.५ प्रतिशत वादी २.४ प्रतिशत, सन्यासी १.७ प्रतिशत,कुमाल १ प्रतिशत तथा ५४.२ प्रतिशत महिला ( १०९३१) र ४५.८ प्रतिशत पुरुष (९२५४) रहेका छन्। यस नगरपालिकाको परिवारको औषत आकार करिब ४.४३ तथा जनघनत्व ३४१ रहेको छ।

यस नगरपालिकामा महिला घरमूली २२% रहेको, अस्थायी बसाइ-सराइ गर्ने महिलाको सङ्ख्या २८.८८% र वैदेशिक रोजगारमा संलग्न २.९५%, विदेशमा रहेको जनसङ्ख्यामा महिलाको हिस्सा ३.२८% रहेको छ। यसैगरी महिला साक्षरता (५ वर्षमाथि) ६२.८८%, कृषि पेशामा संलग्न महिला ७७%, आर्थिक प्रतिष्ठानमा काम गर्नेमा महिलाको प्रतिशत १.७% रहेको छ।

यस नगरपालिकामा कुल ५२० एकल महिला रहेका छन् भने जेष्ठ नागरिक १६३२ जना रहेकोमा ३१९ दलित समुदायका छन् । यसैगरी ६० देखि ६९ वर्षसम्मका र ७० वर्षभन्दा माथिका जेष्ठ नागरिकको सङ्ख्या क्रमसः ६१२ पुरुष तथा  महिला १०२० जना गरी कूल १६३२ रहेका छन्। यसैगरी अपाङ्गता भएका व्यक्ति १७४ जना रहेका छन् भने दलित वालवालिका ९९३ जना रहेका छन् । कुल अपाङ्ग जनसङ्ख्यामा ८३ जना पुरुष र ५२ जना महिला रहेका छन् । यस नगरपालिकामा शारीरिक, मानसिक तथा वौद्धिक, दृष्यको समस्या, कान नसुन्ने, अन्धा, भकभके र डराउने जस्ता विभिन्न अपाङ्गताका समस्याहरु रहेका छन् । यस नगरपालिकामा बालबालिकाको जनसङ्ख्या ३५८३ वालकहरु तथा ३४४३ वालिकाहरु रहेका छन् ।

### ४.४.२ प्रमुख समस्या

लैङ्गिक विभेद, दलितहरूमा सामाजिक विभेद र कमजोर आर्थिक अवस्था, महिला हिंसा, घरेलु हिंसा तथा बालश्रमको विद्यमानता, जनसङ्ख्यामा महिलाको अनुपात कम हुनु, महिला पुरुषवीच ज्यालामा विभेद, जेष्ठ नागरिक शारीरिक रूपमा अशक्त र अपाङ्ग, जोखिममा परेका एकल महिलाको हेरचाहमा कमी, महिला तथा बहिष्करणमा परेका समूहको विकास निर्माण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता न्यून हुनु, महिलाहरूको घरायसी काममा बढी संलग्नता, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी खण्डीकृत तथ्याङ्कको कमी आदि यस क्षेत्रमा देखिएका प्रमुख समस्याहरू हुन् ।

### ४.४.३ अवसर र चुनौती

#### (क) अवसर

राज्य प्रणालीमा लैङ्गिक समता तथा समानुपातिक समावेशीताका प्रावधान संविधानमा हुनु, महिलामैत्री कानूनहरूको निर्माण हुनु, महिलाको शिक्षा तथा साक्षरता दर वृद्धि हुँदै जानु, सम्पत्तिमा महिलाको स्वामित्व बढ्नु, स्थानीय तहमा महिला, दलित तथा अल्पसङ्ख्यकको प्रतिनिधित्व सुनिश्चित हुनु, उपभोक्ता समिति लगायतका स्थानीय निर्णय प्रक्रियामा महिला तथा समावेशी सहभागिता सुनिश्चित हुनु, अपाङ्ग, बाल, जेष्ठ नागरिकमैत्री संरचना निर्माण हुनु, आर्थिक क्रियाकलापमा महिला तथा पछाडि एवं बहिस्करणमा परेका वर्ग एवं समुदायको सहभागिता अभिवृद्धि हुनु आदि यस क्षेत्रका अवसर रहेका छन् ।

#### (ख) चुनौती

विभेदपूर्ण सामाजिक मूल्य मान्यता हटाउनु, महिला, पछाडि परेका वा बहिष्करणमा रहेका बर्ग तथा समुदायलाई क्षमता विकास गरी विकासमा मूल प्रवाहीकरण गर्नु, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु, घरेलु र सामाजिक हिंसा नियन्त्रण गर्नु, आर्थिक अवसरहरूमा पहुँच बृद्धि गर्नु, बाल विवाहको नियन्त्रण गर्नु, जेष्ठ नागरिकको परिवारमै उपयुक्त हेरचाहको व्यवस्था मिलाउनु, अपाङ्गता भएकाको सेवा-सुविधा र सामाजिक सुरक्षामा पहुँच बढाउनु, बिपद् जोखिम प्रतिकार्य क्षमता अभिवृद्धि गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

### ४.४.४ उद्देश्य

वञ्चितिमा परेका लिङ्ग, वर्ग र समुदायको आर्थिक सामाजिक विकासमा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

### ४.४.५ रणनीति

१. वञ्चितिमा परेका लिङ्ग, वर्ग र समुदायको क्षमता विकास गरी सशक्तीकरण गर्ने,
२. विकासका अवसरहरूमा समतामूलक सहभागिता सुनिश्चितता गर्ने ।
३. कमजोर, अशक्त, अपाङ्गता भएका व्यक्तिको संरक्षण तथा सामाजिक संरक्षणको व्यवस्था गर्ने ।

### ४.४.६ कार्यनीति

***रणनीति: १ वञ्चितीकरणमा परेका लिङ्ग, बर्ग र समुदायको क्षमताविकास गरी सशक्तीकरण गर्ने ।***

१. विषयक्षेत्रगत नीतिहरूमा लैससासलाई अवलम्बन गरिनेछ ।

२. लैङ्गिक संवेदनशील बजेट प्रणालीको अवलम्बन गरिनेछ ।

३. खण्डिकृत तथ्याङ्क तयार गरी हरेक बर्ष अध्यावधिक गरिनेछ ।

४. महिला तथा वञ्चितिमा परेका समुदायको संवैधानिक तथा कानूनी हक र मानव अधिकारका सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

५. महिला सञ्जाल, बाल सञ्जाल, जेष्ठ नागरिक सञ्जाल, किशोर-किशोरी सञ्जाल, अपाङ्गगता भएकाहरूको सञ्जाल गठन गरी विकासमूलक कार्यक्रममा समन्यायिक सहभागिता सुनिश्चित गरिनेछ ।

६. महिला, दलित र अल्पसङ्ख्यक क्षेत्रबाट नगरपालिका तथा अन्य सार्वजनिक जिम्मेवारी बहन गर्ने प्रतिनिधिहरूको क्षमता विकासद्वारा तिनको भूमिका प्रभावकारी बनाइनेछ ।

७. महिला हिंसा, जातीय विभेद र सामाजिक कुसंस्कारका विरुद्ध जागरणमूलक सचेतना कार्यक्रम सञ्चालन गरिनुका साथै यस प्रकारका घटनाहरूलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ ।

***रणानीति २: विकासका अवसरहरूमा समतामूलक सहभागिता सुनिश्चितता गर्ने ।***

१. लक्षित वर्गलाई क्षमता अभिवृद्धिको तालिम प्रदान गरी विकास प्रक्रियामा सहभागिता वृद्धि गरिनेछ ।

२. लक्षित वर्गलाई आर्थिक सशक्तीकरण गरी आय-आर्जन र रोजगारका अवसरहरू विस्तार गरिने छ ।

३. महिला तथा वञ्चितिमा परेका समुदायलाई राजनीतिक, आर्थिक तथा सामाजिक प्रणालीमा समानुपातिक सहभागिता गराइनेछ ।

४. लैङ्गिक हिंसा, सामाजिक विभेद कुरीति आदिका बारेमा जनचेतना अभिवृद्धि तथा उपचारात्मक संयन्त्रको बारेमा जानकारी प्रवाह गरिनेछ ।

५. दलित तथा पिछडिएको समुदायको परम्परागत पेशा व्यवसाय आधुनिकीकरण गरी व्यवसायिक बनाउन आवश्यक सहयोग गरिनेछ ।

६. जनजाति, विपन्न वर्गको सामाजिक आर्थिक तथा राजनीतिक सशक्तीकरण गरिनेछ ।

७. योजना तर्जुमा तथा निर्णय प्रक्रियामा महिला, दलित, जनजातिलगायत सरोकारवालाको सहभागिता बढाइनेछ ।

८. महिलाका र बालबालिकाको क्षमता विकास तथा सशक्तिरकणका लागि महिला तथा

वालवालिका सेल स्थापना गरि सञ्चालनमा महिला समूह, सरोकारवाला र गैसससँग सहकार्य गरिनेछ ।

***रणानीति ३: कमजोर, अशक्त, अपाङ्गता भएका व्यक्तिको संरक्षण तथा सामाजिक संरक्षणको व्यवस्था गर्ने ।***

१. बोली र श्रवण अपाङ्गता भएका व्यक्तिलाई विद्यालयमा विशेष शिक्षाको व्यवस्था गरिनेछ ।

२. अपाङ्गता भएका व्यक्तिको क्षमता विकास गरी स्वावलम्बन बनाइनेछ ।

३. अति अशक्त (क र ख श्रेणी) सबैलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ ।

४. बालबालिकाको जन्म दर्ता सुनिश्चित गर्न अभियानमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५. भरिया, होटलमा काम गर्ने लगायतका निकृष्ट प्रकृतिका बालश्रमको अन्त्य गरिनेछ ।

६. जेष्ठ नागरिकहरूलाई परिवारमै सम्मानित जीवनको वातावरण तयार गर्न सहयोग पुऱ्याइनेछ ।

७. जेष्ठ नागरिकलाई स्वास्थ्य सेवासम्बन्धी विशेष व्यवस्था मिलाइनेछ ।

८. योजना प्रक्रियामा सरोकारवाला लाभग्राही महिला, दलित, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चित गरिनेछ ।

९. सामाजिक विकासका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूबीच समन्वय र सहकार्य गरी लक्षित वर्गमा प्रवाह हुने सेवालाई समतामूलक र प्रभावकारी बनाइनेछ ।

### ४.४.७ लैङ्गिक प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने ।**

- लैससाससम्बन्धी नीति, नियम, निर्देशिका बनाउने ।
- खण्डीकृत तथ्याङ्क व्यवस्थापन ।
- छोरीको सम्मान, बुढीगंगाको पहिचान कार्यक्रम ।
- लैससाससम्बन्धी सचेतना कार्यक्रम ।
- लैंगिक हिंसा निवारण कोष सञ्चालन ।
- उपप्रमुख महिला उत्थान कार्यक्रम ।
- लैङ्गिक संवेदनशील बजेट ।
- लैङ्गिक अडिटसम्बन्धी जनप्रतिनिधिको क्षमता विकास ।
- लैससाससम्बन्धी बिद्यालय केन्द्रीत अभिमुखीकरण कार्यक्रम ।
- महिला समूह, सञ्जालहरू तथा महिला सहकारीहरुकोको क्षमता अभिबृद्धि तथा

सञ्जालीकरण ।

- महिला तथा वालवालिका सेलको स्थापना ।
- हलिया, खलिया तथा भूमिहिन आर्थिक सचेतना कार्यक्रम ।
- जेष्ठनागरिक लक्षित बुढेसकालको सहारा कार्यक्रम ।
- बालश्रम उन्मूलन ।
- बालमैत्री स्थानीय शासन ।
- स्थानीय स्रोतमा आधारित महिला उद्यम विकास कार्यक्रम ।
- अवलोकन भ्रमण ।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- महिला तथा वञ्चितिमा परेका समुदाय लक्षित विशेष अनुदान कार्यक्रम,
- महिला सिर्जनशीलता कोष (challange fund)
- परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरणमा साझेदारी ।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने**

- अपाङ्गमैत्री सिप तथा उद्यमशीलता विकास,
- परम्परागत जातीय पेशा आधुनिकीकरण, संरक्षण र सम्बर्द्धन,
- परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरणमा साझेदारी ।

### ४.४.८ अपेक्षित उपलब्धि

लैससास नीतिको तर्जुमा भएको हुने, लैङ्गिक सशक्तीकरण सूचकाङ्क ०.२७ पुगेको हुने, महिला घरमुली २५ प्रतिशत पुगेको हुने, ३५ प्रतिशत महिला घरमुलीको बैङ्क खाता भएको हुने, २०० जना पिछडिएका वर्गका व्यक्तिलाई क्षमता विकास तालिम दिएको हुने, लैङ्गिक बजेट प्रणाली कार्यान्वनमा आएको हुने, सामाजिक कुरीति र विभेदजन्य घटनाहरूको कानूनी कारवाही भएको हुने, बहिष्करणमा परेकाहरूको खण्डीकृत तथ्याङ्क आएको हुने, निर्मित सार्वजनिक संरचना अपाङ्गता, जेष्ठ नागरिक, बालबालिका र महिला मैत्री भएको हुने, २५ प्रतिशत अपाङ्गता भएका बालबालिकाले विशेष शिक्षाको अवसर प्राप्त गरेको हुने, ३० वटा बालक्लव गठन भएको हुने, स्थानीय विभेदजन्य विवादहरूमा न्यायिक समितिको भूमिका प्रभावकारी भएको हुनेछ ।

## ४.५ खानेपानी तथा सरसफाइ

### ४.५.१ पृष्ठभूमि

खानेपानी जीवनयापनको न्यूनतम आधारभूत आवश्यकता हो। संविधानले खानेपानी र सरसफाइलाई मौलिक हकको रूपमा व्यवस्था गर्दै स्थानीय तहको अधिकार क्षेत्रमा सूचीकृत गरेको छ। यस नगरपालिकामा खानेपानी तथा ढल व्यवस्था विभागको प्राविधिक सहयोगमा खानेपानी तथा

सरसफाई गुरुयोजनाको (२०२२–२०३०) निर्माण भई कार्यान्वयन भईरहेको छ ।

यस नगरपालिकामा ४५५४ परिवार संख्यामध्ये मुल धाराको पानीखाने परिवार संख्या ७४३ (१६%) प्रतिशत, पाइपमार्फत् खानेपानी उपलब्ध भएको घरपरिवार संख्या ९३२ (२०.४६%) रहेको तथा धारा, पाईप घर परिसरमा पानीखाने परिवार संख्या २८३९ अर्थात् (६२.३४%) करिब आधाभन्दा बढी घरपरिवारले खानेपानी सुविधा उपभोग गरिरहेका छन् । सरसफाइको हकमा शौचालय प्यान सहित ६४.८%, शौचालय प्यान बाहेक ३२.६% तथा सार्वजनिक शौचालयको संख्या थोरै अर्थात् (०.६%) रहेको छ । नगरपालिका खुला दिसामुक्त घोषणा भइसकेको छ ।

### ४.५.२ प्रमुख समस्या

स्वच्छ खानेपानीमा न्यून पहुँच हुनु, खानेपानीको स्रोतको संरक्षण हुन नसक्नु, खानेपानी आयोजनाहरूको व्यवस्थापन कमजोर हुनु, खानेपानीलाई सरसफाइसँग आवद्ध गर्न नसकिनु, खानेपानीको बहुउद्देश्यीय उपयोग हुन नसक्नु, खानेपानी आयोजनाहरूको नियमित मर्मत सम्भार हुन नसक्नु, प्राविधिक जनशक्तिको कमी हुनु, सबै घरपरिवारमा सेफ्टी टयाङ्की सहितको व्यवस्थित चर्पी नहुनु, सरसफाइ सम्बन्धी चेतनाको कमी आदि यस क्षेत्रका प्रमुख समस्या रहेका छन् ।

### ४.५.३ अवसर र चुनौती

#### (क) अवसर

खानेपानी तथा सरसफाइ संघ, प्रदेश र स्थानीय तहको प्राथमिकतामा रहनु, ८२ प्रतिशत घरधुरीमा आधारभूत खानेपानीको पहुँच पुगेको हुनु, एक घर एक धारा एक चर्पीको राष्ट्रिय नीति हुनु, ९९ प्रतिशत घरधुरीमा चर्पी सुविधा हुनु, टोल-टोलमा खानेपानी तथा सरसफाइ समिति हुनु, खानेपानी तथा सरसफाइको क्षेत्रमा गैरसरकारी क्षेत्रको सहकार्य हुनु, पानीको स्रोतको पर्याप्त उपलब्धता रहनु, खानेपानीका मुहानहरु नगरपालिकामा दर्ता हुनु, नगरपालिकाले सन् २०३० सम्म सम्पूर्ण नागरिकहरुले स्वच्छ खानेपानी तथा सरसफाईको प्रयोग गर्नेछन् भनि ग्यारेन्टी गर्नुका साथै नगरपालिकाको उच्च प्राथमिकतामा पर्नु नै यस क्षेत्रका प्रमुख अवसर हुन् ।

#### (ख) चुनौती

विद्यमान स्रोतको संरक्षण गर्नु, खानेपानी आयोजनाको दिगो व्यवस्थापन तथा वितरण प्रणाली सुव्यवस्थित गराउनु, गूणस्तरीय र स्वच्छ खानेपानीमा पहुँच अभिवृद्धि गर्नु, वैयक्तिक तथा सामुदायिक सरसफाइ चेतना बढाउनु आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

### ४.५.४ उद्देश्य

सबै घरधुरीमा स्वच्छ खानेपानी तथा सरसफाइको सुनिश्चित गर्नु ।

### ४.५.५ रणनीति

१. गुणस्तरीय खानेपानी वितरण गर्ने,
२. सरसफाइ सम्बन्धी उचित व्यवस्था गर्ने ।

### ४.५.६ कार्यनीति

***रणनीति १: गुणस्तरीय खानेपानी वितरण गर्ने ।***

१. खानेपानी तथा सरसफाइ गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।
२. एक घर एक धारा एक चर्पीको नीति अवलम्बन गरिनेछ ।
३. खानेपानीको स्रोत र सङ्कलन केन्द्रमा नै पानीको प्रशोधन गरी स्वच्छ पानी वितरण गरिनेछ ।
४. स्वच्छ खानेपानीको उपयोगसम्बन्धमा जनचेतना अभिवृद्धि गरिनेछ ।
५. पानीको मुहान तथा स्रोत संरक्षण गरिनेछ ।
६. उपभोगको आधारमा महशूल निर्धारण गरी आयोजनाको दिगो व्यवस्थापनका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।
७. खानेपानी प्रणालीको दिगो उपयोग हुने गरी उपभोक्ता समितिको गठन र क्षमता वृद्धि गरिनेछ ।

***रणनीतिः २ सरसफाइ सम्बन्धी उचित व्यवस्था गर्ने ।***

१. हरेक घरमा सेफ्टी ट्याङ्की सहितको व्यवस्थित चर्पी निर्माण गरिनेछ ।
२. स्थानीय समुदायले सञ्चालन गर्ने गरी सार्वजनिक शौचालयको निर्माण गरीनेछ ।
३. पूर्ण सरसफाइयुक्त नगरपालिका बनाइनेछ ।
४. सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि पानी तथा फोहरजन्य रोगलाई न्यूनीकरण गरिनेछ ।
५. खानेपानी र सरसफाइ क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था तथा निकायहरूबीच समन्वय र सहकार्य गरिनेछ ।

### ४.५.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने ।**

१. सार्वजनिक शौचालयको निर्माण,
२. खानेपानीको मुहान संरक्षण दिगो व्यवस्थापन सहित,
३. एकघर एक धारा, एक चर्पी,
४. सरसफाइ अभियान
५. वातावरणिय स्वच्छता सम्बन्धि अभियान

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने ।**

१. ढल निकास ।
२. उच्च प्रविधियुक्त खानेपानी आयोजना ।
३. प्राविधिक जनशक्ति उत्पादन ।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने ।**

१. प्रविधि हस्तान्तरण ।

२. स्रोत परिचालन ।

### ४.५.८ अपेक्षित उपलब्धि

सवै नागरिकलाई आधारभूत खानेपानी तथा सरसफाइ सुविधा पुगेको हुने, एक-घर-एक धारा-एक चर्पीको व्यवस्था भएको हुने, पूर्ण सरसफाइयुक्त नगरपालिका घोषणा भएको हुने, खानेपानी तथा फोहरजन्य रोगहरूमा ५० प्रतिशतले कमी आएको हुने । प्रमुख बजार क्षेत्रमा सार्वजनिक शौचालयको निर्माण भएको हुनेछ ।

# परिच्छेद- ५
# पूर्वाधार विकास

## ५.१ यातायात पूर्वाधार

### ५.१.१ पृष्ठभूमि

यातायात पूर्वाधार समग्र विकासको मेरुदण्ड हो। यातायात सेवाले अन्य आर्थिक, सामाजिक विकासका गतिलाई सुगम पार्नुका साथै सार्वजनिक सेवामा पहुँच, प्रवाह र नागरिकको दैनिक जीवन यापनलाई सहज बनाउँदछ।

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र स्थानीय यातायात व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ।

यस नगरपालिकामा कालोपत्रे सडक ३० कि.मि., ग्राभेल सडक १० कि.मि., धुले सडक ८४ कि.मि रहेको छ। हाल बाह्रै महिना चल्न सक्ने पक्की सडकको लम्वाइ ४० किलोमिटर रहेको छ। यस नगरपालिकामा ३ वटा पक्की पुल र १० वटा झोलुङ्गे पुल रहेका छन्। दुई घण्टाको दुरीमा सडकको पहुँच भएको जनसङ्ख्या ९० प्रतिशत रहेको छ। साफेवगर – मार्तडी पक्कि कालोपत्रे सडक खण्डको विचमा रहेको बुढीगंगाा नगरपालिकाको गौरवको योजनाको रूपमा रहेको छ भने नगरपालिका स्तरको सडकको रूपमा फालासैन देखि नगरपालिका हुदै डेल्टा वजारसम्म सोलार वत्तीसहितको पक्की वाटो निर्माण तथा वुढीगंगा शाखा सडक हुदै रिंगरोड सडक कालोपत्रे सडक नगरपालिकाको गौरवको रूपमा रहेको छ। यस नगरपालिकाका घरधुरीमध्ये ४० प्रतिशतमा मोटरेबल बाटोले जोडेको देखिन्छ।

### ५.१.२ प्रमुख समस्या

अधिकांश सडक कच्ची र मौसमी रहनु, नगरपालिका केन्द्र जोड्ने बाम्का बजार तथा फलासैन बजारदेखि ३ कि.मि. टाढा रहेकोमा नगरपालिका केन्द्र हाल सम्म पनि पक्कि नहुनु, अन्य वडाहरु र बस्तीमा बाह्रै महिना सडक यातायातको पहुँच पुग्न नसक्नु, नगरपालिकाभित्र रहेका महत्वपूर्ण पर्यटकीय तथा धार्मिक, सांस्कृतिक स्थलहरूसम्म सडकको पहुँच नहुनु, प्राविधिक अध्ययन डिजाइनविना नै सडक खोल्ने प्रबृत्ति बढ्दै जानु, निर्मित संरचनाको नियमित मर्मत सम्भार नहुनु, व्यवस्थित बसपार्कको अभाव हुनु, निर्मित सडकमा पनि पुल पुलेसाहरू निर्माण प्राथमिकतामा नपर्नु, अनियन्त्रित सडक निर्माणले भूक्षय, वन एवं वातावरण विनाश भई बस्तीहरू जोखिममा पर्नु आदि प्रमुख समस्या रहेका छन्।

### ५.१.३ अवसर र चुनौती

#### (क) अवसर

जिल्ला सदरमुकाम जोडिने कालोपत्रे रणनीतिक सडक निर्माणाधीन हुनु, रणनीतिक सडकलाई आधार मानी अन्य शाखा सडकहरू निर्माणाधीन रहनु, विभिन्न संघ संस्थाहरूले ग्रामीण यातायात क्षेत्र खासगरी झोलुङ्गे पुल निर्माणमा सहयोग पुऱ्याउनु, यातायात पूर्वाधार विकास संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, यातायात प्रणाली आम नागरिकको चासो र

प्राथमिकतामा हुनु आदि यस क्षेत्रका प्रमुख अवसर हुन् ।

### (ख) चुनौती

सर्भे डिजाइन नै नगरी बनाइएका सडकहरूको दिगो व्यवस्थापन गर्न आवश्यक उच्च लागतको व्यवस्था गर्नु, अव्यवस्थित रूपमा खनिएका सडकहरूबाट हुने प्राकृतिक विनास, भूक्षय तथा यसबाट बस्तीलाई परेको जोखिम रोक्नु, सडक दुर्घटना रोक्नु, निर्मित सडकको दिगो व्यवस्थापन गरी सर्वयाम बनाउन पुल पुलेसाहरूको व्यवस्था गर्नु, निर्मित सडकहरूको स्तरोन्नति गर्नु, खोलानाला तर्ने फड्के तथा काठेपुल विस्थापन गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ५.१.४ उद्देश्य

१. नगरपालिका केन्द्र तथा सबै वडा केन्द्रसम्म सर्वयाम सडक सञ्जाल विस्तार गर्नु ।

२. निर्मित सडकहरूलाई स्तरोन्नति गरी सर्वयाम बनाउनु ।

### ५.१.५ रणनीति

१. नगरपालिका केन्द्रबाट सबै वडा केन्द्रसम्म नियमित र निर्वाध यातायात सञ्चालन हुने गरी सर्वयाम सडक बनाउने ।

२. निर्मित सडकको स्तरोन्नति र नियमित मर्मत सम्भार गर्ने ।

३. यातायात प्रणालीलाई सुरक्षित र व्यवस्थित गर्ने ।

४. विपद् प्रभावित सडक खण्डहरूको पुनर्निर्माण गर्ने ।

### ५.१.६ कार्यनीति

***रणनीति १: नगरपालिका केन्दबाट सबै वडा केन्द्रसम्म नियमित र निर्वाध यातायात सञ्चालन हुने गरी सर्वयाम सडक बनाउने ।***

१. नगरपालिका स्तरीय सडकको सीमाङ्कन (right of way) गरी राजपत्रमा प्रकाशित गरिनेछ ।

२. नगरपालिका स्तरीय नयाँ सडक निर्माण गर्दा प्राविधिक अध्ययन तथा सडक मापदण्ड अनुसार मात्र निर्माण गरिनेछ ।

३. मोटरेवल पुलहरूको DPR तयार गरी प्राथमिकताको आधारमा निर्माण गरिनेछ ।

४. नगरपालिका भएर जाने रणनीतिक सडक निर्माणमा संघ र प्रदेशसँग समन्वय गरिनेछ ।

५. वडा केन्द्र, प्रमुख बस्ती, आर्थिक तथा सांस्कृतिक तथा धार्मिक केन्द्र र मुख्य पर्यटकीय स्थलहरूलाई प्राथमिकताको आधारमा मूल सडक सञ्जालमा जोडिनेछ ।

६. वार्जुकोट, वयलचाका र कुंडीकोट दरवार संग्रहलाय तथा भगवती गुफा पदमार्गमा विश्रामस्थल, पानी तथा शौचालय जस्ता आवश्यक सुविधाको व्यवस्थासहित स्तरीयकरण र सुधार गरिनेछ ।

***रणनीति २: निर्मित सडकको स्तरोन्नति र नियमित मर्मत सम्भार गर्ने ।***

१. निर्मित सडकको गुरुयोजनाको बर्गीकरणअनुसार प्राथमिकता निर्धारण गरी क्रमशः स्तरोन्नति गरी सर्वयाम बनाइनेछ ।

२. निर्मित सडकको नियमित मर्मत सम्भारको व्यवस्था गरी सर्वयाम बनाइनेछ ।

३. नगरपालिकामा सडक मर्मत-सम्भार कोषको स्थापना गरी सडकको नियमित मर्मत सम्भार र व्यवस्थापन गरिनेछ ।

४. लागत साझेदारीका आधारमा मर्मत सम्भार गर्न उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।

***रणनीति ३: यातायात प्रणालीलाई सुरक्षित र व्यवस्थित गर्ने ।***

१. यातायात गुरुयोजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२. संकेत चिन्ह, बसपार्क तथा बिसौनी, जोखिमयुक्त मोड सुधार गरी यातायात सुरक्षाको अभिवृद्धि गरिनेछ ।

३. बजार क्षेत्र तथा मुख्य केन्द्रहरूमा पार्किङ स्थानको निर्धारण गरी सङ्केत चिन्ह राखिनेछ ।

४. गरेटो घोडेटो र पदमार्गहरू निर्माणमा निश्चित मापदण्डको अवलम्बन गरिनेछ ।

५. सडक सुरक्षासम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गरिनुका साथै सडक सुरक्षासम्बन्धी सचेतना मुलक अभियान सञ्चालन गरिनेछ ।

६. सडक उपभोक्ता समितिलाई स्थायित्व प्रदान गरी सडकको दिगो व्यवस्थापनका लागि तिनको क्षमता विकास सहित जिम्मेवार बनाइनेछ ।

७. विद्यालय तहमा ट्राफिक नियम तथा सडक सुरक्षाका सम्बन्धमा सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

८. सडक किनारामा रुख-विरुवा आदिको बृक्षारोपण गरी संरक्षण गरिनेछ ।

९. भूक्षय र पहिरोको जोखिम रहेका सडकखण्डमा खर, अम्रिसो, केतुके, बाँस निगाला, उत्तिस, डालेघाँस, फलफूल आदि विरुवा लगाई बायोइन्जिनियरिङ प्रविधिको उपयोगबाट संरक्षणका साथै यसलाई स्थानीय समुदायको आयआर्जनसँग आवद्ध गरिनेछ ।

***रणनीति ४: विपद् प्रभावित सडक खण्डहरूको पुनर्निर्माण गर्ने ।***

१. वि.स. २०७९ साल कार्तिक २५ गते देखि यो प्रतिवेदन तयार गर्दा (२०८० जेष्ठ १५ सम्म) सम्म करिव २० भन्दा बढी भुकम्पका पराकम्पहरु गएको तथा समग्र बाजुरा जिल्ला नै भूकम्पीय जोखिममा रहेको कारण सडक, गोरेटो, घोडेटो तथा पदमार्ग लगायतका अन्य संरचनाहरु निर्माण तथा मर्मत गर्दा दिगो प्रभावकारी रुपमा निर्माण गरिनेछ ।

२. समय समयमा आउने बाढी पहिरोबाट क्षतिग्रस्त सडक पूर्वाधारहरूको प्राथमिकताका साथ मर्मत सम्भार र स्तरोन्नति गरिनेछ ।

३. सडक छेउमा भूक्षय रोक्ने र सडक संरक्षण गर्ने किसिमका रुख विरुवा रोपी सडकको संरक्षण गरिनेछ ।

### ५.१.७ प्रमुख कार्यक्रम

#### (क) स्थानीय तह आफैले सम्पादन गर्ने

- यातायात गुरुयोजनाले निर्धारण गरेका नगरपालिका स्तरीय सडकनिर्माण तथा विस्तार ।
- यातायात गुरुयोजनाले तय गरेका वडा स्तरीय सडक निर्माण विस्तार तथा स्तरोन्नति ।
- सडक सुरक्षा कार्यक्रम ।

#### (ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने

- यातायात गुरुयोजनाको कार्यान्वयन ।
- प्रादेशिक सडक ।

#### (ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुने सडक

- रणनीतिक सडक
- २५ मिटरभन्दा बढी लम्बाइ भएका पक्की पुल ।
- पर्यटन पदमार्ग ।

### ५.१.८ अपेक्षित उपलब्धि

नगरपालिका यातायात गुरुयोजना निर्माण भई कार्यान्वय प्रारम्भ भएको हुने, सडक मापदण्ड र सडक क्षेत्र (right of way) निर्धारण भएको हुने, सबै वडा केन्द्र सर्वयाम सडकले जोडिएको हुने, २ घण्टाको दुरीमा सर्वयाम सडकसम्मको पहुँच पुगेको हुने, कालोपत्रे सडक १२ किमी भएको हुने, खण्डास्मिथ सडक १० कि.मी गरी सर्वयाम सडकको लम्बाइ १९६ कि.मी. भएको हुने, झोलुङ्गे पुलको सङ्ख्या १८ वटा पुगेको हुने, नगरपालिकाबाट निर्मित सडकको इन्जिनियरिङ सुपरीवेक्षण पश्चात यातायात सञ्चालनको अनुमति प्रदान भएको हुने, निर्मित सडक सुरक्षित भएको हुने, सडक मर्मत सम्भार कोष स्थापना भएको हुनेछ ।

## ५.२ भवन, आवास तथा बस्ती विकास

### ५.२.१ पृष्ठभूमि

आवास मानवीय जीवनको आधारभूत आवश्यकतामा पर्दछ। संविधानले आवासलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले सुरक्षित बस्ती विकास, भवन मापदण्ड तथा नियमन जस्ता कार्यहरू स्थानीय तहको जिम्मेवारीमा सुम्पेको छ ।

यस नगरपालिकामा २०७८ को जनगणना अनुसार जम्मा ४५५४ घरघुरी रहेकोमा माटो तथा ढुंगाको जोडाईमा निर्माण भएका घरहरु ९१.९ प्रतिशत, सिमेन्टको जोडाईमा बनेको घरहरु ३.४

प्रतिशत, पक्कि फ्रेम स्ट्रक्चर बाट बनेको घरहरु १.२ प्रतिशत तथा काठ वा बाँस बाट बनेको घरहरु २.७ प्रतिशत (जस्तै काठ, ढुङ्गा आदि) प्रयोग भएको देखिन्छ । जस्तापातको छाना लगाउने घरघुरीहरु २४.९ प्रतिशत,ढलान गर्ने घरघुरी ४.२ प्रतिशत,ढुंगाको पाता स्लेट लगाउने घरघुरी ६४. ३ प्रतिशत तथा काठ र अन्य पदार्थ बाट निर्माण गर्ने घरघुरीको संख्या ०.०४ प्रतिशत रहेको तथ्यांक छ ।

### ५.२.२ प्रमुख समस्या

भू-उपयोग योजना नहुनु, भवन मापदण्डको कार्यान्वयनमा नआउनु, अव्यवस्थित बस्ती विकास, तालिमप्राप्त डकर्मी सिकर्मीको कमी, जोखिमयुक्त भूवनौटमा बस्ती रहनु, निर्माण भएका घरबस्तीहरू पनि व्यवस्थित हुन नसक्नु, परम्परागत मौलिक ढाँचाका घरहरू हराउँदै जानु, सुरक्षित बस्ती तथा आवास निर्माणसम्बन्धी जनचेतनाको कमी, नगरपालिकाको आफ्नै भवन नहुनु, यो क्षेत्रको भुगोल बढी पहिरो जोखिमयूक्त हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ५.२.३ अवसर र चुनौती

#### (क) अवसर

भवन तथा बस्तीविकास र भवन संहिता निर्माण र कार्यान्वयन गर्ने अधिकार स्थानीय तहमा हुनु, सुरक्षित भवन निर्माणप्रति आमनागरिक र जनप्रतिनिधिहरूको जागरुकता बढ्नु, भवन निर्माणसम्बन्धी प्राविधिक ज्ञान सीप र प्रविधि हस्तान्तरण हुनु, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र अन्य निकाय तथा संघसंस्थाहरूबाट भूकम्पबाट क्षतिग्रस्त भवन तथा संरचनाहरूको पुनर्स्थापना कार्य सञ्चालनमा रहनु, विद्यालय, स्वास्थ्यचौकी लगायतका सार्वजनिक संरचनाहरू मापदण्ड अनुसार निर्माण हुँदै जानु, जोखिमयुक्त बस्तीको सुरक्षित स्थानमा स्थानान्तरण गर्न पहल हुनु, नगरपालिकाको भवन यसै आर्थिक वर्षभित्र सम्मन्न गर्ने गरि निमार्ण भईरहेको तथा १० वटा वडाहरु मध्ये १, ३, ४, ५ र ६ नं वडा कार्यालयहरूको एकीकृत सेवा दिन सक्ने गरी भवन निर्माण हुनु आदि यस क्षेत्रका प्रमुख अवसरहरू रहेका छन् ।

#### (ख) चुनौती

भूउपयोग नीति तर्जुमा र भू-उपयोग योजना बनाई कार्यान्वयन गर्नु, व्यवस्थित बस्ती विकासका क्षेत्रहरू तोक्नु, भवन संहिताको कार्यान्वयन गर्नु, साविक बस्तीहरूमा आधारभूत पूर्वाधार र सेवा सुविधा पुऱ्याउनु, घर बस्तीहरूको मौलिकता संरक्षण गर्नु, परम्परागत घरहरू मर्मत सम्भार गरी प्रवलीकरण गर्ने संस्कारको विकास हुनु, निर्माण क्षेत्रमा सीपयुक्त पुरुष तथा महिला जनशक्ति तयार गर्नु, भौतिक सामाजिक संरचनाहरूको निर्माणमा अपाङ्गतामैत्री बाल र महिलामैत्री बनाउनु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ५.२.४ उद्देश्य

१. सुरक्षित तथा व्यवस्थित बस्ती विकास तथा आवास निमार्ण गर्नु ।

### ५.२.५ रणनीति

१. एकीकृत तथा सुरक्षित बस्तीको विकास गर्ने ।

२. भवन संहिताको कार्यान्वयन गर्ने ।

३. क्षतिग्रस्त आवास तथा भवनहरूको पुनर्निर्माण गर्ने ।

### ५.२.६ कार्यनीति

***रणनीति १ : एकीकृत तथा सुरक्षित बस्तीको विकास गर्ने ।***

१. भू-उपयोग योजनाअनुसार एकीकृत बस्ती विकास गर्दै लगिनेछ ।
२. अव्यवस्थित बस्तीहरूलाई एकीकृत र व्यवस्थित गर्न कम्तिमा एक नमुना बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
३. नमुना बस्तीमा सडक, ढल, खानेपानी, विद्युत लगायतका पूर्वाधार सुविधालाई एकीकृत रूपमा आवद्ध हुने गरी विकास गरिनेछ ।
४. सुरक्षित आवास, बस्ती विकास तथा सार्वजनिक निर्माणका लागि चेतना अभिवृद्धि गरिने छ ।

***रणनीति २: भवन संहिताको कार्यान्वियन गर्ने ।***

१. भवन संहिता तयार गरी कार्यान्वयन गरिनेछ ।
२. पुरुष तथा महिला डकर्मी सिकर्मीहरूलाई मापदण्ड अनुसारको घर निर्माण सम्बन्धमा तालिम तथा अभिमुखीकरण गरिनेछ ।
३. सरकारी तथा सार्वजनिक भवनहरू बाल, महिला र अपाङ्गतामैत्री बनाइने छन् ।
४. विपन्न तथा न्यून आय भएका नागरिकहरुको घरको खरको छाना विस्थापन गरी टिनको छाना लगाउन अनुदानको व्यवस्था गरिनेछ ।

***रणनीति ३: भूकम्पीय जोखिमको आकलन गर्दै संरचनाहरुको पुनर्निर्माण गर्ने ।***

१. भूकम्पबाट हुनसक्ने क्षतिलाई आकलन गर्दै निजी आवास, सार्वजनिक भवन तथा बस्तीहरुलाई प्रवलिकरण तथा मर्मत सम्भारको कार्य गर्नको लागि स्थानीय सरोकारवाला, प्रदेश अनि संघ सरकारसंग सहजीकरण गरिनेछ ।
२. जोखिम नक्साङ्कन गरी बाढी पहिरोको जोखिमयुक्त स्थानमा रहेका घरबस्तीलाई सुरक्षित स्थानमा पुनःस्थापना गरिनेछ ।

### ५.२.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने**

- भू-उपयोग योजना,
- भवन मापदण्ड,
- बाम्का तथा फलासैन बजार क्षेत्रमा अनिवार्य रुपमा भवन मापदण्ड लागु गर्ने,
- नमुना बस्ती विकास,
- सीपमूलक (डकर्मी सिकर्मी, प्लम्बर आदि) तालिम,
- जोखिम नक्साङ्कन,

- प्रवलिकरण तथा मर्मत सम्भारको कार्य गर्नको लागि स्थानीय सरोकारवालहरुसंग समन्वय तथा सहजीकरण,
- चेतना अभिवृद्धि ।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- बस्ती विकास तथा स्थान्तरण,
- नमुना बस्ती विकास कार्यक्रम,
- प्रवलिकरण तथा मर्मत सम्भार कार्य गर्नको लागि प्रदेश सरकारसंग समन्वय तथा सहजीकरण ।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने**

- पुनर्निर्माण ।
- प्रवलिकरण तथा मर्मत सम्भारको कार्य गर्नको लागि स्थानीय सरोकारवाला,संघ सरकारसंग समन्वय तथा सहजीकरण ।

### ५.२.८ अपेक्षित उपलब्धि

भू-उपयोग योजना तयार भएको हुने, भवन मापदण्ड तयार भई कार्यान्वयन भएको हुने, जोखिम नक्साङ्कन भएको हुने, कम्तिमा एक नमुना बस्तीको निर्माण भएको हुने, भूकम्पीय जोखिमबाट हुन सक्ने भौतिक क्षती तथा मानविय क्षतीलाई न्यूनिकरण गर्न घर तथा सार्वजनिक भवनहरूको पुनर्निर्माण तथा मर्मतसम्भार भएको हुने, खरको छाना पूर्ण रूपमा विस्थापित भएको हुने, २५० जनालाई डकर्मी, सिकर्मी तालिम प्रदान गरिएको हुनेछ ।

## ५.३ ऊर्जा तथा जलविद्युत्

### ५.३.१ पृष्ठभूमि

स्थानीय तहको विकास निर्माण, उद्यम व्यवसाय स्थापना र विस्तारमा ऊर्जाको महत्वपूर्ण स्थान रहन्छ। यस बुढीगंगाा नगरपालिकामा ऊर्जाका स्रोतहरूमा जलविद्युत्, वायोग्याँस, सौर्य ऊर्जा तथा दाउरा प्रमुख हुन्। नगरपालिकामा २०७८ को जनगणना अनुसार ९३.४ प्रतिशतले जलविद्युत् र ५.५ प्रतिशतले सोलारबाट गरी ९९ प्रतिशत घरले विद्युत् सेवा प्राप्त गरेका छन्। बिजुलीबाट खाना पकाउनेको संख्या ०.२ प्रतिशत, ग्यास प्रयोग गर्ने संख्या ८.२ प्रतिशतले प्रयोग गरिरहेको तथ्यांक छ ।

यस नगरपालिकामा थोरै मात्र घरघुरीहरुले प्रकाशका लागि विद्युत् र सोलार प्रयोग गरे पनि खाना पकाउन प्रयोग गरिने ईन्धनमा दाउराको हिस्सा उल्लेख्य रहेको छ। खाना पकाउनका लागि इन्धनको रूपमा दाउरा प्रयोग गर्न ९१.३ प्रतिशत, एल.पी. ग्यास प्रयोग गर्ने ९ प्रतिशत, बायोग्याँस ०.१ र सुधारिएको धुंवारहित चुल्हो प्रयोग गर्ने घरपरिवार सङ्ख्या ८.२ प्रतिशत रहेको छ। यस नगरपालिकामा २ वटा लघु जलविद्युत्बाट २३० कि.वा. विद्युत् उत्पादन भएको छ। नगरपालिकाका १० वटा वडामध्ये ३ वटा वडा राष्ट्रिय प्रशारण लाइनमा जोडिएका छन्। यसै वर्षबाट बुढीगंगा नगरपालिकाले बिधुत् प्राधिकरणको नगरपालिका स्तरिय कार्यालय स्थापनाका लागि सर्भे भई डिपिआर गरेको छ जुन राम्रो

उपलब्धिको रुपमा लिन सकिन्छ।

### ५.३.२ प्रमुख समस्या

अझै पनि सबै वडाहरु राष्ट्रिय विद्युत् प्रशारण लाइनमा जोडिन नसकिनु, विद्युत् आपुर्तिमा नियमिताको अभाव, लघु विद्युत् आयोजनाहरूबाट क्षमता अनुरूपको पूर्ण क्षमतामा विद्युत् उत्पादन हुन नसक्नु, सञ्चालनरत आयोजनाहरूको नियमित मर्मत सम्भार हुन नसक्नु, लघु जलविद्युत् सम्बन्धी प्राविधिकको कमी, आर्थिक क्रियाकलापसँग विद्युत्लाई जोड्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन्।

### ५.३.३ अवसर र चुनौती

#### (क) अवसर

बुढीगंगा नगरपालिका तथा त्रिवेणी नगरपालिकाको सिमानाको रुपमा रहेको पवित्र बुढीगंगा नदिबाट ठूलो प्रकृतिको जलविद्युत् आयोजनाका निमित्त स्रोत उपलव्ध हुनु, केन्द्रीय ग्रीड विस्तार गर्ने नीति हुनु, केन्द्रीय लाइन पुऱ्याउन कठिन स्थानहरूमा स्थानीय स्रोत र साधनको प्रयोग गरी लघु जलविद्युत्को सुविधा पुऱ्याउन सकिने सम्भावना रहनु, सोलार बायोग्याँस आदिको विस्तार गर्न सकिने आदि अवसर रहेका छन्।

#### (ख) चुनौती

नगरपालिकाका सबै क्षेत्रलाई केन्द्रीय प्रशारण लाइनमा जोड्नु, लघु जलविद्युत्को उत्पादनलाई केन्द्रीय प्रशारण लाइनमा आवद्ध गर्नु, खाना पकाउनका लागि प्रयोग हुने दाउरालाई विस्थापित गरी बैकल्पिक ऊर्जाको उपयोग बढाउन, बुढीगंगा नदिबाट ठूलो प्रकृतिको जलविद्युत् आयोजना निर्माणको लागि सरकारबाट कुनै पहल नगर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन्।

### ५.३.४ उद्देश्य

सबै घर परिवारमा विद्युत् सेवा उपलव्ध गराउनु।

### ५.३.५ रणनीति

१. भरपर्दो र विश्वसनीय विद्युत् सेवाको पहुँच विस्तार गर्ने,

२. बैंकल्पिक ऊर्जाको विकास र विस्तार गर्ने।

### ५.३.६ कार्यनीति

***रणनीति १: भरपर्दो र विश्वसनीय विद्युत् सेवाको पहुँच विस्तार गर्ने।***

१. नगरपालिकालाई केन्द्रीय विद्युत् प्रसारणमा जोड्न आवश्यक पहल गरिनेछ।

२. सञ्चालनमा रहेका लघु जलविद्युत् आयोजनालाई नियमित सम्भार गरी पूर्ण क्षमतामा उपयोग गरिनेछ।

३. केन्द्रीय प्रशारण लाइनमा जोडिएता पनि स्थानीय उत्पादित लघु जलबिद्युत् आयोजनाहरूलाई केन्द्रीय प्रसारणमा जोड्ने व्यवस्था मिलाइनेछ ।

४. सबै घरपरिवारमा विद्युत् सेवा उपलब्ध गराइनेछ ।
५. सम्भाव्य आयोजना कार्यान्वयन गर्न लगानी प्रवर्द्धन गरिनेछ ।
६. ठूला तथा मझौला जलविद्युत आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी निर्माण गर्न विद्युत् विकास विभागसँग समन्वय गरिनेछ ।
७. जलविद्युत् आयोजना तथा विद्युत् सम्बन्धी प्राविधिक जनशक्ति विकास गरिनेछ ।

***रणनीति २: बैंकल्पिक उर्जाको विकास र विस्तार गर्ने ।***

१. माइक्रो हाइड्रो र ग्रिड नपुग्ने स्थानहरूमा सोलार लगायत बैंकल्पिक ऊर्जाको प्रवर्द्धन गरिनेछ ।
२. माइक्रो हाइड्रो र ग्रिड नपुग्ने स्थानहरूमा बैंकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरी म्याचिङ फन्डबाट अनुदानको व्यवस्था गरिनेछ ।
३. खाना पकाउने तथा अन्य घरायसी प्रयोजनका लागि बायोग्याँस प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।
४. उत्पादित विद्युत्लाई स्थानीय उद्योगधन्दा सञ्चालनमा प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।
५. विद्युत् प्रवाह र उपयोगलाई सुरक्षित बनाइनेछ ।

### ५.३.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने**

- जलविद्युत् आयोजनाको पहिचान,
- लगानी प्रवर्द्धन,
- बैंकल्पिक ऊर्जा,
- सुरक्षित विद्युत् उपयोगसम्बन्धी चेतना अभिवृद्धि ।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- मझौला जलविद्युत् आयोजना निर्माण,
- विद्युत् प्रशारण लाइन ।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने**

- लगानी प्रवर्द्धन,
- विद्युत् आयोजना निर्माण,
- केन्द्रीय ग्रीडसँगको आवद्धता,
- बुढीगंगा नदिबाट ठूलो प्रकृतिको जलविद्युत् आयोजना निर्माण ।

### ५.३.८ अपेक्षित उपलब्धि

राष्ट्रिय विद्युत् प्रशारण लाइनसँग जोडिएको हुने, शत प्रतिशत घरधुरीमा विद्युत् सेवा पुगेको हुने, १७ वटा स्थानीय जलविद्युत् आयोजनाबाट ३०० कि.वा. विद्युत् उत्पादन भएको हुने, १ वटा विद्युत् आयोजना निर्माणको चरणमा प्रवेश गरेको हुने, लोडसेडिङ रहित उज्यालो नगरपालिका घोषणा भएको हुने, बायोग्याँस तथा एल.पी. ग्यासको प्रयोग गर्ने परिवार २० प्रतिशत पुगेको हुने, ३५ प्रतिशत घर परिवारले धुँवा रहित चुल्हो जडान गरेको हुनेछ।

## ५.४ सिँचाइ तथा नदी नियन्त्रण

### ५.४.१ पृष्ठभूमि

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिमा सिंचाइ महत्वपूर्ण साधन हो। कूल कृषियोग्य जमिन १३,९०० हेक्टरमध्ये १४६४ हेक्टर सिंचाइ योग्य जमिन रहेको छ, जसमध्ये साना ठूला गरी ४० वटा कुलाहरूबाट १४० हेक्टर क्षेत्रफलमा सिंचाइ सुविधा उपलव्ध भएको छ। सिंचाइ सुविधाका दृष्टिले बार्जु गाड, ताप्रीसेरा खोला प्रमुख स्रोतको रूपमा रहेका छन्। सिंचाइका लागि रिठे तथा मैरे खोला जस्ता अन्य खोलानालाहरू समेत रहेका छन्।

### ५.४.२ प्रमुख समस्या

कृषियोग्य जमिनमा न्यून सिंचाइ सुविधा हुनु, सिंचाइ विकासमा आधुनिक प्रविधि (थोपा सिंचाइ, प्लाष्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, सिंचाइ कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिंचाइ आयोजनाहरू पनि पूर्णक्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मत सम्भारको कमी हुनु, सिंचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिंचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिंचाइबीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन्।

### ५.४.३ अवसर र चुनौती

#### (क) अवसर

सिंचाइका लागि स्रोतहरूको उपलव्धता, आकाशे पानी सङ्कलन र प्लाष्टिक पोखरीको अभ्यास सुरु हुनु, साना सिंचाइ निर्माणका क्षेत्रमा संघसंस्थाहरू क्रियाशील रहनु, साना सिंचाइ स्थानीय तहको अधिकार क्षेत्रमा पर्नु, नगरपालिकाको प्राथमिकतामा सिंचाइ क्षेत्र समावेश हुनु, सिंचाइका लागि उपयुक्त फाँटहरूको उपलव्धता आदि यस क्षेत्रका अवसरहरू हुन्।

#### (ख) चुनौती

कृषियोग्य जमिनमा सर्वयाम सिंचाइ सुविधा उपलव्ध गराउनु, कृषि र सिंचाइबीच अन्तरसम्बन्ध स्थापना गर्नु, सिंचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग गर्नु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भइ आएका परम्परागत सिंचाइ प्रणालीका कुलाहरूको संरक्षण गर्नु, सिंचाइको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउनु, सिंचाइ विकासका लागि अन्तर सरकार र साझेदारहरूबीच प्रभावकारी समन्वय स्थापित गर्नु, बैकल्पिक सिंचाइ प्रविधिहरूको प्रयोग बढाउनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन्।

### ५.४.४ उद्देश्य

कृषियोग्य जमिनमा सिंचाइ सुविधाको विकास र विस्तार गर्ने ।

### ५.४.५ रणनीति

१. सिंचाइ योजनाको विकास र विस्तार गर्ने ।
२. विद्यमान सिंचाइ प्रणालीको संरक्षण, सम्भार र स्तरोन्नति गरी पूर्णरूपमा उपयोग गर्ने ।
३. जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु ।

### ५.४.६ कार्यनीति

***रणनीति १: सिंचाइ योजनाको विकास र विस्तार गर्ने ।***

१. जल उपयोग गुरुयोजना तयार गरी सम्भाव्य सिंचाइ आयोजनाहरूको पहिचान गरिनेछ ।
२. बुढीगंगाा लिफ्ट सिचाई योजना नयाँ प्रविधिमा आधारित बैंकल्पिक सिंचाइ प्रणालीको अवलम्बन गरिनेछ ।
३. कृषि उपजका पकेट क्षेत्रको सम्भावनाका आधारमा सिंचाइ आयोजनाको विकास गरिनेछ ।
४. सम्वन्धित निकायसँग समन्वय गरी योजना सञ्चालन गरिनेछ ।
५. सरकारी तथा गैरसरकारी संघसंस्थासँग समन्वय गरी सिंचाइका आधुनिक संरचनाहरूको निर्माण गरिनेछ ।

***रणनीति २: विद्यमान सिंचाइ प्रणालीको संरक्षण, सम्भार र स्तरोन्नति गरी पूर्णरूपमा उपयोग गर्ने***

१. मूल तथा स्रोतको संरक्षण गरी सिचाइ प्रणालीको दिगो उपयोग गरिनेछ ।
२. सिंचाइ योजना बनाउँदा अनिवार्य रूपमा मर्मतसम्भार कोषको व्यवस्था गर्नका साथै उपभोगको आधारमा शूल्क सङ्कलन गरिनेछ ।
३. सिंचाइ उपभोक्ता समितिको क्षमता विकास गरिनेछ ।
४. सिंचाइ प्रणालीको दिगो व्यवस्थापनका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।
५. कृषक व्यवस्थित सिंचाइ आयोजनाहरूको नियमित मर्मत सम्भार गरिनेछ ।

***रणनीति ३: जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु ।***

१. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ ।
२. नदीजन्य प्रकोपका दिगो नियन्त्रणमा स्थानीय प्रविधि र रैथाने परम्परागत ज्ञानको उपयोग गरिनेछ ।
३. खोलाखोल्सीको नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ ।
४. नदी किनाराको बनको संरक्षणमा विशेष ध्यान दिइनेछ ।
५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ ।

### ५.४.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने**

- जलउपयोग स्रोत नक्साङ्कन,
- सिंचाइ आयोजनाको निर्माण,
- आयोजना मर्मत सम्भार र स्तरोन्नति,
- उपभोक्ता समितिको क्षमता विकास,
- मर्मत सम्भार कोष ।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- कमाण्ड एरिया सिंचाइ,
- नयाँ प्रविधियुक्त सिञ्चाइ आयोजना ।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने**

- बहुउद्देश्यीय आयोजनाहरूको अध्ययन तथा कार्यान्वयन (जस्तोः बुढीगंगाा लिफ्ट सिचाई बहुउदेश्यिय आयोजना) ।

### ५.४.८ अपेक्षित उपलब्धि

सम्भाव्य सिचाइयोग्य कृषि जमिनको ४० प्रतिशत क्षेत्रमा सिंचाइ सुविधा पुगेको हुने, २५० वटा कुलानालाबाट सिञ्चीत जमिन १४६४ हेक्टर पुगेको हुने, नयाँ प्रविधिको सिंचाइ सुविधा १५ हेक्टरमा पुगेको हुने, सिंचाइ उपभोक्ता समितिका कम्तिमा १४० जनाले क्षमता विकास तालिम हांसिल गरेको हुने, हरेक उपभोक्ता समितिमा सिंचाइ मर्मत सम्भार कोष रहेको हुने, विद्यमान सिंचाइ प्रणालीको पूर्ण उपयोग भएको हुने, जलउत्पन्न प्रकोपको नक्साङ्कन भएको हुनेछ ।

## ५.५ सूचना तथा सञ्चार

### ५.५.१ पृष्ठभूमि

सूचना तथा सञ्चारलाई मानवीय सिर्जनशीलताको एक महत्वपूर्ण पाटोको रूपमा लिने गरिन्छ । यो आर्थिक विकासको संवाहक र उत्प्रेरक पनि हो । नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रूपमा व्यवस्थित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले सूचना प्रविधिको प्रयोग, विद्युतीय शासन, एफ.एम. सञ्चालन, स्थानीय पत्रपत्रिका आदि जस्ता विषयहरू स्थानीय सरकारको कार्य जिम्मेवारीभित्र तोकेको छ ।

यस बुढीगंगा नगरपालिकामा ७३.७ प्रतिशत घरपरिवारको मोवाइल सेवामा जोडिएका छन् तथा स्मार्ट फोन प्रयोग गर्नेको संख्या ३९.१ प्रतिशत, ११.३ प्रतिशतसँग टेलिभिजन, ३६.२ प्रतिशतसँग रेडियो र ५ प्रतिशतले इन्टरनेट सुविधाको पहुँच रहेको छ भने कम्प्युटर ल्यापटप प्रयोग गर्नेको संख्या २.७ प्रतिशत रहेको छ। यस नगरपालिकाका सबै वडामा सि.डि.एम.ए. फोनको पहुँच रहेको छ भने जि.एस.एम. मोबाइलको पहुँच पनि प्रभावकारी रहेको अवस्था छ। मोबाइल फोन सञ्चालनको लागि नेपाल दुरसञ्चार लिमिटेडको १ र एनसेल नेपालका १ वटा टावरहरू रहेका छन्। यसै वर्षवाट

नगरपालिकाले बाजुरा जिल्लामा पहिलो पटक एनटी फाईबर पद्धति मार्फत नगरपालिका तथा वडाहरुमा इन्टरनेट सेवा विस्तार गरेको छ ।

### ५.५.२ प्रमुख समस्या

ल्याण्डलाइन टेलिफोन सुविधा नहुनु, इन्टरनेट सुविधा कमजोर हुनु, स्थानीय पत्रपत्रिका प्रकाशन नहुनु, स्थानीय एफ.एम. रेडियो स्टेशन नहुनु, टेलिभिजन पहुँच न्यूनतम घर परिवारमा मात्र रहनु, नगरपालिकाको कार्यसम्पादन विद्युतीय प्रणालीमा आवद्ध हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ५.५.३ अवसर र चुनौती

#### (क) अवसर

सडक सुविधाले अप्टिकल फाइवर र वाइरलेस नेटवर्कको विस्तारको अवसर, सूचना प्रणालीप्रति बढ्दो आकर्षण, विद्यालयहरूमा नवीन सूचना सञ्चार प्रविधिसहित कम्प्युटर शिक्षाको विस्तार हुनु, टेलिफोन/मोबाइल टावर स्थापना गर्न सहज हुनु, मोवाइल फोनको दायरा फराकिलो हुँदै जानु, नगरपालिकाको आफ्नै वेबसाइट हुनु, स्थानीय सरकारको दैनिक कार्यसञ्चालनका लागि विभिन्न अनलाइन एप्स सेवाहरूको प्रयोग बढ्दै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

#### (ख) चुनौती

सबै नागरिकसम्म सूचनाको पहुँच पुऱ्याउनु, चट्याङ प्रतिरोधी संरचनाको निर्माण, सामाजिक सञ्जालहरूको दुरुपयोग रोक्नु, अन्तर सरकार समन्वय प्रभावकारी बनाउनु, इन्टरनेट र वाइफाईको पहुँच र प्रयोग बढाउनु, सूचना प्रविधिको सिर्जनात्मक प्रयोग, नगरपालिकाको सूचना विद्युतीय प्रणालीमा आवद्ध गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ५.५.४ उद्देश्य

१. गुणस्तरीय सूचना तथा सञ्चार सेवामा नागरिकको पहुँच विस्तार गर्नु ।

### ५.५.५ रणनीति

१. सूचना तथा सञ्चारको पहुँच विस्तार गर्ने ।
२. सूचना प्रविधिमा आधारित सेवा प्रणालीको विकास गर्ने ।

### ५.५.६ कार्यनीति

***रणनीति १: सूचना तथा सञ्चारको पहुँच विस्तार गर्ने ।***

१. टेलिफोन टावरहरूको निर्माण र विस्तार गर्न आवश्यक पहल गरिनेछ ।
२. स्थानीय स्तरमा एफ.एम. स्टेशन सञ्चालन गर्न सहजीकरण गरिनेछ ।
३. स्थानीय पत्रपत्रिका प्रकाशन गर्न आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।
४. विद्यालय, स्वास्थ्य चौकी, वित्तीय संस्था र नगरपालिकाको वडा कार्यालयसम्म भरपर्दो

इन्टरनेट सेवाको विस्तार गरिनेछ ।

५. नगरपालिकाको सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाई पेपरलेसको अवधारणा स्थापित गरिनेछ ।

६. मोबाइल सेवा प्रदायक संस्थाहरूबीच समन्वय कायम गरिनेछ ।

७. नगरपालिकालाई सूचना प्रविधिमा अब्बल नगरपालिकाको रुपमा स्थापीत गरिनेछ ।

***रणनीति २: सूचना प्रविधिमा आधारित सेवा प्रणालीको विकास गर्ने ।***

१. वाईफाई सेवाको विस्तार गरी फ्रि वाईफाई जोनको विकास गरिनेछ ।
२. नगरपालिका र वडा कार्यालयहरूमा विद्युतीय सूचना पूर्वाधारको विकास गरिनेछ ।
३. विद्यालय केन्द्रित ई-लाइब्रेरीका सेवा सञ्चालन गरिनेछ ।
४. विद्यालयमा कम्प्युटर प्रविधि शिक्षाको विस्तार गर्दै लगिनेछ ।
५. सूचनाको हक र अधिकारसम्बन्धमा जनचेतना अभिवृद्धि गरिनेछ ।
६. प्रत्येक वडा तहमा एक सामुदायिक टेली कम्यूनिकेसनको स्थापनाको विकास गरिनेछ ।

### ५.५.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने**

- एफ.एम.रेडियो प्रशारणमा सहयोग र सहजीकरण,
- पत्र-पत्रिका निष्काशन छापाखानाको स्थापना,
- विद्युतीय सूचना पूर्वाधार निर्माण,
- ई-लाइब्रेरी,
- WIFI टावर निर्माण,
- विद्यालयमा कम्प्युटर प्रविधि शिक्षा ।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- टेलिफोन टावरहरू निर्माण,
- विद्युतीय सूचना पूर्वाधार निर्माण,
- संघ, प्रदेश र स्थानीय तहमा विद्युतीय सूचना प्रणालीको आवद्धता ।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने**

- सूचना हाइवे,
- टेलिफोन टावर निर्माण ।

### ५.५.८ अपेक्षित उपलब्धि

शतप्रतिशत परिवारमा कम्तिमा एक सूचना सञ्चारको साधनमा पहुँच पुगेको हुने, नमूना विद्यालयमा ई-लाइब्रेरी स्थापना भएको हुने, ९५ प्रतिशत भूक्षेत्र टेलिफोन टावरको दायरामा आएको हुने, टेलिभिजन प्रयोग गर्ने परिवारको सङ्ख्या २५ प्रतिशत र इन्टरनेट प्रयोग गर्ने परिवार १५ प्रतिशत

पुगेको हुने, प्रत्येक वडामा एकएकवटा फ्रि वाईफाई जोन स्थापना भएको हुने, बुढीगंगा एफ.एम. स्थापना भएको हुने, कम्तिमा एक पत्रिका स्थानीय रूपमा प्रकाशित भएको हुने ।

# परिच्छेद- ६
# वन वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन वातावरण र जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

देशको आर्थिक तथा वातावरणीय विकासमा वन, जलाधार तथा जैबिक विविधताको महत्वपूर्ण भूमिका रहन्छ। काठ, दाउरा, घाँसपातका साथै पशुचरन, कृषि, पर्यटन जस्ता आर्थिक गतिविधिको प्रवर्द्धनमा वन तथा जैविक विविधताले ठूलो मद्दत पुऱ्याएको हुन्छ। हाल देखिएको वातावरण प्रदुषण न्यूनीकरण गर्नमा पनि वन तथा जैविक विविधताले सहयोग गर्दछ। यस नगरपालिकामा करिब वनक्षेत्र ११.२५  वर्ग कि.मि १९ प्रतिशत तथा बुट्यान क्षेत्र १०.६५ वर्ग कि.मि १८ प्रतिशत भूमि वन तथा घाँसे बुट्यान क्षेत्रले ढाकेको पाइन्छ।

बुढीगंगा नगरपालिका जैविक विविधताले भरिपूर्ण छ। वनक्षेत्रमा साल, चिलाउने, कटुस, उत्तिस, सल्ला, टिमुर, अमारो, तेजपत्ता जस्ता वनपैदावार पाइन्छन्। जङ्गली जनावरतर्फ दुम्सी, बाँदर, जरायो, स्याल, मलस्याप्रो, वन विरालो, लोखर्के आदि पाइन्छ। यस्तै बाघ, भालु हिमाली क्षेत्र वन जङ्गलमा पाइन्छन्। ब्वाँसो, कस्तुरी सङ्कटमा परेका जनावर हुन्। होउँचिल, गरुड, लामपुच्छ्रे, गिद्ध, चिल, डाँफे मुनाल जस्ता पन्छी बिस्तारै दुर्लभ बन्दै गएको पाइन्छ।

यस नगरपालिकामा ६ वटा सामुदायिक वन, ३ वटामा निजी वनहरु रहेका छन् भने इन्धनको रुपमा दाउरा प्रयोग गर्ने परिवार ९३ प्रतिशत रहेको छ।

### ६.१.२ प्रमुख समस्या

प्राकृतिक सम्पदाको बढ्दो क्षयीकरण, आगलागीका कारण वन एवं वातावरणमा प्रतिकूल असर पर्नु, जनचेतनाको कमीले वन सम्पादाको उचित व्यवस्थापन हुन नसक्नु, वन्यजन्तुले कृषि उत्पादनलाई नोक्सानी गर्ने प्रवृत्ति बढ्दै जानु, पानी स्रोत सुक्दै जानु, कार्वन उत्सर्जनको प्रभाव बढ्दै जानु, पूर्वाधार विकास तथा इन्धनको निर्भरताले वन विनाश बढ्दै जानु, जलाधारको उचित व्यवस्थापन नहुनु, जैविक विविधतामा कमी हुँदै जानु, प्लाष्टिक तथा सिसाजन्य वस्तुको उपयोग बढ्नु, कृषिमा प्रयोग हुने रसायन र विषादीको मापदण्डको अभाव हुनु, वातावरण सम्बन्धी काम गर्ने संघसंस्थामा समन्वय नहुनु, बाजुरा जिल्लामा भूकम्पको जोखिम बढ्दै जानु, यो नगरपालिका प्राकृतिक जोखिमको दृष्टिकोण (पहिरोबाट) वाट निकै जोखिममा रहेको छ। विपद्का घटनाहरू बढ्दै जानु, आदि प्रमुख समस्या हुन्।

### ६.१.३ अवसर र चुनौती

#### (क) अवसर

२२% भू-भाग वनक्षेत्र हुनु, वन तथा वातावरण संरक्षण स्थानीय सरकारको प्राथमिकतामा पर्नु, दिगो विकासको लक्षमा समाविष्ट हुनु, वातावरण सम्वन्धि संघ संस्थाहरूको साझेदारी रहनु, राष्ट्रिय तथा स्थानीय वातावरण अनुकूलन कार्ययोजना (LAPA and NAPA) पारित भई कार्यान्वयनमा हुनु, सामुदायिक, कवुलियत, निजी तथा धार्मिक वनहरूको विकास समुदायको संलग्ता बढ्दै जानु, जैविक विविधताका

कारण प्राकृतिक पर्यटनको उच्च सम्भावना रहनु, काठ तथा जडिबुटीजन्य बहुमूल्य वनपैदावारको उपयोग र निकासीबाट आय आर्जनको सम्भावना हुनु । विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७८-२०८७ (सन् २०२२-२०३०) निर्माण भई कार्यान्वयमा रहनु आदि अवसरका रूपमा रहेका छन् ।

### (ख) चुनौती

वनको अनाधिकृत अतिक्रमण रोक्नु, विकास र वातावरणबीच सन्तुलन कायम गर्नु, जलाधार र जैविक विविधताको संरक्षण गर्नु, जलवायु अनुकूलन प्रविधिको विकास गर्नु, बनमा रहेको इन्धन निर्भरता घटाउनु, वन र वातावरणलाई आय आर्जन र रोजगारीमा आवद्ध गर्नु, बढ्दो प्लाष्टिकजन्य प्रयोग रोक्नु, फोहोरको उचित व्यवस्थापन गर्नु, वन तथा वातावरणसम्वन्धी काम गर्ने संघसस्थहरूमा समन्वय कायम गर्नु, जलवायु परिवर्तनको असर वढ्दै जानु, विपद्बाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण र पुनःस्थापन गर्नु, आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ६.१.४ उद्देश्य

१. प्राकृतिक स्रोतको दिगो उपयोग गर्नु,

२. वातावरणको संरक्षण गर्नु ।

### ६.१.५ रणनीति

१. वनलगायत प्राकृतिक स्रोतको विकास र वैज्ञानिक उपयोग गर्ने । (१)

२. प्राकृतिक स्रोतको उपयोगलाई आय र रोजगारीसँग आवद्ध गर्ने । (१)

३. विकास र वातावरणबीच सन्तुलन कायम गर्ने । (२)

४. फोहोरमैलाको व्यवस्थापन गर्ने । (२)

### ६.१.६ कार्यनीति

***रणनीति १: वनलगायत प्राकृतिक स्रोतको विकास र वैज्ञानिक उपयोग गर्ने ।***

१. वन क्षेत्रको संरक्षण गर्दै खाली जमिनमा वृक्षारोपण गरिनेछ ।

२. एक घर एक बोट हरियाली बुढीगंगा अभियान सञ्चालन गरिनेछ ।

३. जल, जमिन, जलाधार, जैविक विविधता जडिवुटीको संरक्षण र विकास गरिनेछ ।

४. जडिवुटी खेतीलाई प्रोत्साहन गर्दै आय र रोजगारीसँग आवद्ध गरिनेछ ।

५. इन्धनको लागि वन जङ्गलमा भएको अत्यधिक निर्भरता वैकल्पिक इन्धनको विकास गरी वनक्षेत्रको ह्रासलाई न्यूनीकरण गरिनेछ ।

६. नदीको मुहानलाई संरक्षण गरी वहावबाट हुने क्षतिलाई न्यूनीकरण गरिनेछ ।

७. वातावरणलाई सहयोगी जङ्गली जनावर, पशुपक्षी, कीरा, पुतली तथा जलचर आदिको पहिचान र संरक्षण गरिनेछ ।

८. वन्यजन्तुबाट कृषि बाली नोक्सानी घटाउने उपायहरूको खोजी, विकास र अवलम्बनमा प्रोत्साहित गरिनेछ ।

***रणनीति २: प्राकृतिक स्रोतको उपयोगलाई आय र रोजगारीसँग आवद्ध गर्ने ।***

१. सामुदायिक वन, कवुलियती वन व्यवस्थापनमा, महिला तथा स्थानीय समुदायको सहभागिता वृद्धि गरी आयआर्जनसँग आवद्ध गराइनेछ ।

२. सामुदायिक तथा कबुलियत वनमा जडिबुटी, ओखर जस्ता उच्च आय खेती प्रवर्द्धन गरी आय तथा रोजगारका अवसर विस्तार गरिनेछ ।

३. निजी जग्गामा फलफूल, डालेघाँस लगायत काष्ठ तथा गैर काष्ठजन्य आयमूलक रुख विरुवाहरू लगाउन प्रोत्साहन गरिनेछ ।

४ स्थानीयस्तरमा काष्ठजन्य उद्योगलाई प्रोत्साहन गरिनेछ ।

५. वनजन्य उत्पादनलाई सहकारीमार्फत् वजारीकरण गर्न प्रोत्साहित गरिनेछ ।

६. वन र वातावरण सम्बन्धमा काम गर्ने संघ संस्थाबीच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ ।

७. वन, वातावरण र जैविक विविधतालाई पर्यटनसँग आवद्ध गरी स्थानीय आय र रोजगारीमा वृद्धि गरिनेछ ।

***रणनीति ३: विकास र वातावरणवीच सन्तुलन कायम गर्ने ।***

१. ठूला आयोजना निर्माणमा वातावरणीय प्रभाव अध्ययनलाई योजना कार्यान्वयनको पूर्वशर्त बनाइनेछ ।

२. हरेक पूर्वाधार सम्वन्धी नीति निर्माण गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ ।

३. विकास संरचना निर्माण गर्दा हुने वन तथा जलाधारको कम क्षति हुने व्यवस्थाका साथै क्षतिलाई अनिवार्य परिपूरण गर्ने व्यवस्था गरिनेछ ।

४. जलवायु परिवर्तन सम्बन्धी जनचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. जलवायु परिवर्तनको प्रभावलाई न्युन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

६. स्थानीय जलवायु अनुकूलन कार्य योजनाका सूचकहरूलाई लागु गरिनेछ ।

७. बुढीगंगा नगरपालिकालाई बाजुरा जिल्लाको पहिलो वातावरणमैत्री नगरपालिकाको रूपमा विकास गरिनेछ ।

***रणनीति ४: फोहोरमैलाको व्यवस्थापन गर्ने ।***

१. नजिकका स्थानीय तहहरू र विभिन्न संघ संस्था एवं अन्तर सरकार समन्वय गरी लागत सहभागितामा पायक पर्ने ठाउँमा फोहोर व्यवस्थापन गरिनेछ ।

२. घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने फोहोर छुट्याउन कन्टेनरको व्यवस्था गरिनेछ

।

३. कुहिने फोहोरबाट जैविक मल उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।

४. व्यवसायिक रूपमा जैविक मल उत्पादन गर्न सहुलियत ऋण र अनुदानको व्यवस्था गरिनेछ ।

५. प्लाष्टिकमुक्त नगरपालिका घोषणा गरिनेछ ।

४. निश्चित क्षेत्रलाई समेट्ने गरी सफा र आधारभूत सुविधायुक्त नमूना टोल निर्माण गर्ने गरी स्मार्ट भिलेज कार्यक्रम सञ्चालन गरिनेछ ।

### ६.१.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने ।**

१. नर्सरी स्थापना ।

२. वृक्षरोपण ।

३. वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यक्रम सञ्चालन ।

४. वन्यजन्तु तथा जैविक विविधता संरक्षण र नियन्त्रण ।

५. जडिवुटी खेती ।

६. सामुदायिक, कबुलियती र निजी वन विकास ।

७. वन उपभोक्त समितिहरू गठन ।

८. क्षमता विकास ।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने ।**

१. जडिबुटी पहिचान तथा जैविक विविधता अध्ययन, व्यवसायिक जडिबुटी खेती तथा पकेट क्षेत्र,

२. जलवायु परिवर्तन तथा अनुकूलन कार्यक्रम,

३. चोरी शिकारी नियन्त्रण,

४. हरित उद्यम सञ्चालन,

५. संस्थागत विकास तथा सुशासन ।

**(ग) संघीय सरकारसंग सहकार्यमा सम्पादन हुन सक्ने ।**

१. जलवायु अनुकूलन,

२. कार्वन नियन्त्रण

३. नीतिगत एवं कानुनी व्यवस्था

### ६.१.८ अपेक्षित उपलब्धि

२७ प्रतिशत वन क्षेत्र कायम भएको हुने, ७ वटा सामुदायिक वन, २० हे. निजी वन भएको हुने, कम्तिमा २ वटा वन पैदावारमा आधारित लघुउद्यम विकास भएको हुने, विकास आयोजना सञ्चालन गर्दा वातावरणमैत्री प्रविधिको अवलम्बन भएको हुने, ५ वटा प्रमुख बजारक्षेत्रमा व्यवस्थित फोहरमैला व्यवस्थापन भएको हुने, धुँवारहित चुल्हो ३५ प्रतिशत घरमा जडान भएको हुने, विद्युत् तथा एल.पि.ग्याँसको प्रयोग गर्ने परिवार २० प्रतिशत पुगेको हुने, इन्धनको रुपमा दाउराको प्रयोग ८५ प्रतिशत पुगेको हुने, विकास आयोजना निर्माण र व्यवस्थापनमा वायो इन्जिनियरिङ प्रविधिको अनुशरण भएको हुनेछ ।

## ६.२ विपद् व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

निरन्तर दोहरिने बहुप्रकोपका घटनाहरूबाट उत्पन्न विपद्को अत्यधिक जोखिममा रहेको मुलुकहरूमध्ये नेपाल पनि एक हो । विश्वमा भूकम्पबाट ११ औं उच्च जोखिम तथा बाढी र पहिरोबाट ३० औं जोखिमयुक्त देशको रूपमा नेपाल रहेको छ । विपद्जन्य घटनाबाट बर्षेनी ठूलो धनजनको क्षति हुनुका साथै व्यक्ति तथा समुदायलाई अप्रत्याशित रूपमा ठूलो बोझ थोपरिन पुग्दछ ।

नेपालको संविधानले प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ भने विपद् व्यवस्थापनलाई तीनै तहको अधिकारको साझा सूचीमा समेत राखेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको नेतृत्वमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपद् व्यवस्थापन सम्बन्धी स्थानीय स्तरमा योजना एवं कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहका सरकारहरूलाई प्रदान गरेको छ ।

बुढीगंगा नगरपालिकाको भौगोलिक अवस्थिति, कमजोर भौगर्भिक अवस्था र मानवीय क्रियाकलापले गर्दा विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक विपद्को सामना गर्नु परिरहेको छ। नगरपालिकाको कूल भूभागमध्ये करिब ९ प्रतिशतमात्र १० डिग्री भिरालोभन्दा कम भूभाग रहनु, करिब १७ प्रतिशत भूभाग ४५ डिग्रीभन्दा बढी भिरालो रहनाले पहिरो यहाँको प्रमुख समस्याको रूपमा रहेको छ । यस नगरपालिकामा विपद्जन्य घटनाहरूमा भूकम्प, बाढी, पहिरो, आगलागी, खडेरी, सडक दुर्घटना, स्वास्थ्यजन्य महामारी र चट्याङ प्रमुख रहेका छन्। अहिले आएर बसाइसराइ पनि तीव्रतर रुपमा भएकोले यो पनि एक विपद्कै रुपमा लिनुपर्ने भएको छ ।

विगतका अनुभवका आधारमा नगरपालिकाले विपद् व्यवस्थापनमा नियमित वार्षिक बजेट विनियोजन गर्ने गरेको पाइन्छ। नगरपालिकामा स्थानीय स्तरमा गठित विपद् व्यवस्थापन समिति, तत्काल सहायतार्थ एक प्रहरी चौकीसहित दुई प्रहरी अस्थाई पोष्टहरु, उपलव्धता रहँदै आएको छ । यसैगरी विपद्सम्बन्धी कार्यमा नगरपालिकासंग हातेमालो गर्न कारीतास नेपाल, पिसवीन बाजुरा, गिफ्ट बाजुरा, विश्व खाद्य कार्यक्रम, सामुदायिक विकास केन्द्र, डोटी तथा रेडक्रस जस्ता संस्थाहरू पनि यस बुढीगंगा नगरपालिकामा क्रियाशील रहेका छन् ।

### ६.२.२ प्रमुख समस्या

भिरालो भू-बनौट, विपद् उत्थानशील पूर्वाधार विकास नहुनु, अवैज्ञानिक कृषि प्रणाली, कृषिमा रसायन र विषादीको प्रयोग, जोखिम क्षेत्रको पहिचान नहुनु, सिमान्त भूमि तथा नदी किनाराहरूमा बस्ती बस्नु, प्राकृतिक स्रोतको अवैज्ञानिक प्रयोग हुनु, जनचेतनाको कमी, नदीजन्य पदार्थको तीव्र दोहन, स्वास्थ्य र सरसफाइसम्बन्धी जागरुकताको कमी, विपद् पूर्व तयारी तथा प्रतिकार्यको कमी, विपद्का क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरूबीच समन्वयको अभाव आदि यस क्षेत्रका प्रमुख समस्या हुन् । वडा नं २ का १०६ घरपरिवारहरु पहिरोका कारणविस्थापित हुनु, पुरै नगरपालिकाको वस्तिहरु नै पहिरोको जोखिममा हुनु तथा साफेवगर–मार्तडी सडक खण्डको बुढीगंगा नगरपालिका क्षेत्रमा सडकसंगै ठुला पहिरोहरु जाने सम्भावना हुनु आदि रहेका छन् ।

### ६.२.३ अवसर र चुनौती

#### (क) अवसर

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा आउनु, २०७२ सालको भूकम्पको कारणले विपद्सम्बन्धमा नागरिकको चेतना अभिवृद्धि हुनु, भवन संहिता तथा भवन निर्माण मापदण्ड तर्जुमा गरी लागू हुनु, वन तथा हरियाली क्षेत्रको विस्तार गर्ने क्षेत्र प्रशस्त हुनु, निर्माणसम्बन्धी नवीन प्रविधि र ज्ञान उपलव्ध हुनु, नयाँ भूकम्प प्रतिरोधात्मक आवास तथा स्तरीय संरचनासहितका विद्यालय तथा अन्य सार्वजनिक संरचनाको निर्माण हुनु, अन्य संघ संस्था र विकास साझेदारहरूबाट भूकम्पिय जोखिमबाट हुन सक्ने नोक्सानीको वारेमा जनचेतनाका कार्यक्रमहरु सहित सहयोग प्राप्त हुनु, नगरपालिकामा आपतकालिन पूर्व तयारी कक्षको स्थापना आदि यस क्षेत्रमा देखिएका अवसरहरू हुन् ।

#### (ख) चुनौती

पूर्वाधार निर्माणको कार्यलाई व्यवस्थित, दिगो र उत्थानशील बनाउनु, विकास र वातावरणवीच सन्तुलन कायम गर्नु, जलाधार तथा नदीनालाको संरक्षण तथा तटबन्ध निर्माण गर्नु, विपद् व्यवस्थापनसम्बन्धी संघ संस्थाहरूबीच प्रभावकारी समन्वय कायम गर्नु, जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्नु, व्यवस्थित विपद् पूर्व तयारी गर्नु, विकास सम्बन्धी सोच र धारणामा परिवर्तन गरी विपद् संवेदनशील बनाउनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ६.२.४ उद्देश्य

विपद्जन्य घटनाको न्यूनीकरण गर्दै विपद् व्यवस्थापन गर्नु ।

### ६.२.५ रणनीति

१. विपद् व्यवस्थापन पूर्व तयारी प्रभावकारी बनाउने ।

२. दिगो विपद् व्यवस्थापन प्रणालीको अवलम्बन गर्ने ।

२. विपद्बाट भएको क्षतिको पुनर्निर्माण एवं पुनःस्थापना गर्ने ।

### ६.२.६ कार्यनीति

***रणनीति १: विपद् व्यवस्थापन पूर्व तयारी प्रभावकारी बनाउने ।***

१. स्थानीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील गराइनेछ ।

२. विपद उद्धार कार्यमा स्थानीय रेडक्रस, समुदायमा आधारित विपद् व्यवस्थापन समिति, युवा स्वयंसेवी, सरोकारवाला संघसंस्था तथा गैसस एवं सुरक्षा निकायलाई अभिमुखीकरण गरी तयारी अवस्थामा राखिनेछ ।

३. स्थानीय स्वास्थ्य संस्थाहरूलाई विपद् तयारी सम्बन्धी पूर्वाधार व्यवस्था र तत्कालै परिचालन गर्न सकिने अवस्थामा राखिनेछ ।

४. एम्बुलेन्स सेवालाई प्रभावकारी बनाइनेछ ।

५. नगरपालिकामा बारुणयन्त्र सेवाको स्थापना गरी उद्धार उपकरणसमेतको व्यवस्था गरिनेछ ।

६. विपद् पूर्व सूचना प्रणाली व्यवस्थित गरी प्रत्येक घरपरिवार वा बस्तीमा मोबाइल र एफ. एम. बाट विपद् सम्भावना सम्वन्धी पूर्व सूचना प्रवाह गरिनेछ ।

***रणनीति २: दिगो विपद् व्यवस्थापन प्रणालीको अवलम्बन गर्ने ।***

१. समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरू गठन गरी तिनको क्षमता विकास गरिनेछ ।

२. विपद् व्यवस्थापनका क्षेत्रमा कार्यरत रेडक्रस, संघसंस्थाहरू र स्थानीय क्लवहरूलाई समन्वय गरी परिचालन गरिनेछ ।

३. नगरपालिकामा विपद् व्यवस्थापनको वेग्लै कोषमा आवश्यक रकम विनियोजन गर्दै लगिने छ ।

४. नगरपालिकामा सरोकारवालासमेतको सहभागिता रहने गरी विपद् व्यवास्थापन केन्द्रको स्थापना गरी एकीकृत सेवा प्रवाह गरिनेछ । यस्तो केन्द्रमा आवश्यक न्यूनतम विपद् उद्धार सामाग्रीहरू भण्डारण गरिनेछ ।

५. विपद् व्यवस्थापनमा संलग्न हुने संघसंस्था समुदाय र व्यक्तिहरूको क्षमता विकास गरिनेछ ।

६. विकास निर्माण कार्यहरूमा जोखिम न्यूनीकरणका उपायहरूसहित विपद् उत्थानशील विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।

७. विद्यालय तहमा विपद् जोखिमसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

८. सडक दुर्घटना जोखिम स्थलहरूमा सचेतना सङ्केतहरू राखिनेछ ।

***रणनीति ३: विपद्बाट भएको क्षतिको प्रभावकारी पुनर्निर्माण एवं पुनःस्थापना गर्ने ।***

१. विपद् जोखिम नक्साङ्कन गरिनेछ ।

२. पानीको मुहान, जलाधार क्षेत्र आदिको संरक्षणका लागि समुदायमा आधारित विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

३. सार्वजनिक निर्माणका कामहरूमा "अझ राम्रो अझ बलियो" सिद्धान्तको अनुसरण गरिने छ।

४. बाजुरा जिल्लामा पटक पटक गईरहेको भूकम्पको पराकम्पले क्षति गरेका संरचनाहरुलाई पूर्नमर्मत गर्ने तथा थप सजकता अपनाईनेछ।

५. वर्षेनी हुने बाढी, पहिरो जस्ता विपद्बाट भएको क्षतिलाई प्राथमिकताका साथ पुनर्निर्माण र पुनर्स्थापना गरिनेछ।

### ६.२.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने**

१. नीति, कानुन तर्जुमा तथा कार्यान्वयन।

२. विपद् जोखिम नक्साङ्कन।

३. विपद् पूर्व तयारी तथा प्रतिकार्य।

४. जनचेतना अभिवृद्धि अभियान।

५. समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरू गठन।

६. विपद् व्यवस्थापन केन्द्रको स्थापना र भण्डारण।

७. सरोकारवालाहरूको क्षमता विकास।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

१. सरोकारवालाहरूको क्षमता विकास।

२. विपद् उत्थानशील संरचना निर्माण।

३. उद्धार राहतसम्बन्धी सामग्री तथा उपकरण आपूर्ति।

४. अन्तर निकाय समन्वय।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने**

१. क्षमता विकास।

२. विपद् उत्थानशील संरचना निर्माण।

३. उद्धार राहतसम्बन्धी सामग्री तथा उपकरण आपूर्ति।

४. अन्तर निकाय समन्वय।

### ६.२.८ अपेक्षित उपलब्धि

५० प्रतिशत भूभागमा विपद् जोखिम नक्साङ्कन भएको हुने, विपद्जन्य घटनाबाट हुने धनजनको क्षतिमा उल्लेख्य रूपमा कमी आएको हुने, भूकम्पबाट क्षतिग्रस्त आवास तथा अन्य सार्वजनिक सामुदायिक पुनःसंरचना पुनर्निर्माण सम्पन्न भएको हुने, विपद् व्यवस्थापन केन्द्रको स्थापना भएको हुने, विपद् पूर्व सूचना प्रणाली स्थापना भएको हुने, विपद् व्यवस्थापनमा महिला तथा बहिष्करणमा परेका समुदायको क्षमता अभिवृद्धि भएको हुनेछ ।

# परिच्छेद- ७
# सुशासन तथा संस्थागत विकास

## ७.१ योजना तथा तथ्याङ्क

### ७.१.१ पृष्ठभूमि

योजनाबद्ध कार्य प्रणाली अपनाएमा मात्र निर्धारित समयमा, पूर्व अनुमानित स्रोत र साधनको अधिकतम प्रयोगद्वारा नियोजित कार्य वा सेवा सम्पन्न गर्न सकिन्छ। यसैले विकास कार्य गर्दा योजना तर्जुमा पूर्व आवश्यकता, व्यवस्थापन, स्रोतको उपलब्धता लगायत संलग्न समूह, उपलब्धि, लाभदायी समूह आदिको पूर्व पहिचान हुनु आवश्यक पर्दछ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार बुढीगंगा नगरपालिकाको वस्तुगत विवरण तयार हुदै गरेको, खानेपानी तथा सरसफाइ गुरुयोजना कार्यान्वयनमा आईरहेको, १० वर्षे कृषि रणनीतिक योजना निर्माणाधिन अवस्थामा रहेको, प्राकृतिक प्रकोप जोखिम न्यूनिकरण रणनीतिक योजना कार्यान्वयन भईरहेको अवस्था छ । नगरपालिकाको विकासको लक्ष्य प्राप्त गर्न सहभागितामूलक प्रणालीको अवलम्बन गर्ने गरेको, स्वास्थ्य सूचना प्रणाली (HMIS) र शिक्षा सूचना प्रणाली (EMIS) कार्यान्वनयमा रहेको छ।

### ७.१.२ प्रमुख समस्या

सहभागितामूलक योजना प्रणाली पूर्णरूपमा स्थापित भइनसक्नु, योजना प्राथमिकीकरणको आधारमा तर्जुमा हुन नसक्नु, विस्तृत आयोजना प्रतिवेदनविना आयोजनाको छनौट हुनु, टुक्रे र वितरणकारी आयोजनाको बाहुल्यता हुनु, योजना छनौटका आधार प्रष्ट नहुनु, नगरपालिकाको वस्तुगत विवरण तथा तथ्याङ्क नहुनु, जनशक्तिको अभाव, मर्मत सम्भारको कमी, प्राविधिक जनशक्तिको अभावमा योजना सञ्चालन र अनुगमनमा कठिनाइ आदि प्रमुख समस्या रहेका छन्।

### ७.१.३ अवसर र चुनौती

#### (क) अवसर

स्थानीय तहका योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा स्थानीय तहलाई पूर्ण अधिकार हुनु, कर्मचारी पदपूर्तिको प्रकिया अगाडि बढ्नु, निर्वाचित पदाधिकारीहरूले नेतृत्वदायी भूमिका खेल्नु, योजनाबद्ध विकासप्रति जनप्रतिनिधिहरूमा जानकारी हुनु, नगरपालिकाको दरवन्दी र सङ्गठन संरचना स्विकृत हुनु, विकास योजनामा जनसहभागीता प्राप्त हुनु, उपभोक्ता समितिहरू क्रियाशील हुनु, विकास योजना सम्बन्धमा सामाजिक सचेतना बढ्दै जानु आदि यस क्षेत्रका प्रमुख अवसरहरू हुन्।

#### (ख) चुनौती

दिगो विकासका अवधारणा अनुसार योजना तर्जुमा र विकास कार्यहरूको कार्यान्वयन गर्नु, पूर्व सम्भाव्यताका आधारमा आयोजनाहरूको छनौट र कार्यान्वयन गर्नु, हचुवाका भरमा योजना तथा बजेट

विनियोजन गर्ने अभ्यासलाई योजना अनुशासनमा ल्याउनु, सहभागितामूलक योजना तर्जुमा प्रणाली संस्थागत गर्नु, वितरणमुखी बजेट नियन्त्रण गरी टुक्रे योजनामा विनियोजन रोक्नु, योजना प्रणालीलाई नतिजासँग आवद्ध गर्नु, योजना कार्यान्वयन क्षमता बढाउनु, विकास योजनाका बारेमा आम नागरिकलाई सुसूचित गर्नु, विकासमा सबै लिङ्ग, वर्ग र समुदायको समतामूलक पहुँच स्थापित गर्नु, नागरिकको सूचनाको हक स्थापित गराउनु, योजना अभिलेख व्यवस्थापन अध्यावधिक गर्नु, नियमित अनुगमन गरी निर्धारित समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्नु प्रमुख चुनौती रहेका छन् ।

### ७.१.४ उद्देश्य

तथ्याङ्कमा आधारित सहभागितामूलक योजना प्रणालीको स्थापना गर्नु ।

### ७.१.५ रणनीति

१. सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना गर्ने ।
२. सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गर्ने ।
३. तथ्य र तथ्याङ्कमा आधारित योजना निर्माण गर्ने ।
४. नतिजामूलक अनुगमन प्रणालीको अवलम्बन गर्ने ।

### ७.१.६ कार्यनीति

***रणनीति १: सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना गर्ने ।***

१. नगरपालिकाको आधारभूत तथ्याङ्क सहितको वस्तुगत विवरणको निर्माण डिजिटल प्रविधि मार्फत गरिनेछ ।
२. वस्तुगत विवरण वार्षिक रूपमा अध्यावधिक गरिनेछ ।
३. नगरपालिकाभित्रको तथ्याङ्क प्रणालीलाई एकरूपता कायम गरी आधिकारिता दिन सूचना तथा तथ्याङ्क समन्वय प्रणाली स्थापना गरिनेछ ।
४. नगरपालिकाको तथ्याङ्कलाई विद्युतीय प्रणालीमा आवद्ध गरी राष्ट्रिय तथा प्रादेशिक तथ्याङ्क प्रणालीसँग सञ्जालीकरण गरिनेछ ।
५. सूचना तथा तथ्याङ्क सङ्कलन तथा परिमार्जनसम्बन्धी क्षमता विकास गरिनेछ ।

***रणनीति २ : सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गर्ने ।***

१. विकास कार्यक्रमहरू तर्जुमा गर्दा सहभागितामूलक ढङ्गबाट निर्धारित प्रक्रिया अवलम्वन गरिनेछ ।
२. योजना कार्यान्वयन गर्दा सरोकारवाला र अन्तर सरकार समन्वय र साझेदारी गरी स्रोत साधनको न्यूनता र दोहोरोपना हटाइनेछ ।
३. विभिन्न निकायबाट नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विकास कार्यक्रमहरू नगर विकास योजनामा एकीकृत गरिनेछ ।
४. योजना प्रणालीमा कोही नछुटून् भन्ने अवधारणा अन्तर्गत वस्ती तहदेखि नै सबै सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता बढाइनेछ ।

***रणनीति ३ : तथ्य र तथ्याङ्कमा आधारित योजना निर्माण गर्ने ।***

१. नगरपालिकाका रूपान्तरणकारी तथा ठूला आयोजना छनौट गर्दा आर्थिक, सामाजिक र प्राविधिक अध्ययन गरी सम्भाव्य आयोजनामात्र छनौट गरिनेछ ।
२. सम्पन्न योजनाको मर्मत सम्भार सम्वन्धी कार्ययोजना (Operation and Maintainance Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।
३. स्थानीय योजना व्यवस्थापन प्रणालीलाई सूचना प्रविधिमा आवद्ध गरिनेछ ।
४. मध्यमकालीन खर्च संरचना तयार गरी आवधिक योजना र वार्षिक योजनाबीच अन्तरसम्बन्ध स्थापित गरिनेछ ।

***रणनीति ४ : नतिजामूलक अनुगमन प्रणालीको अवलम्बन गर्ने ।***

१. अनुगमन मुल्याङ्कन सम्वन्धी कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
२. विकास कार्यक्रमको सूचकमा आधारित नतिजामूलक अनुगमन गरिनेछ ।
३. नियमित अनुगमन र मुल्याङ्कनका लागि संयन्त्र निर्माण गरी परिचालन गरिनेछ ।
४. अनुगमन समितिलाई क्रियाशील गराई तोकिएको समयमा गुणस्तरीय नतिजा हासिल गरिनेछ ।
५. अनुगमनलाई जनसहभागितामूलक बनाइनेछ ।
६. नियमित रूपमा चौमासिक तथा वार्षिक प्रगति समिक्षा गरी विकास कार्यमा आइपर्ने समस्याको समाधान गरिनेछ ।
७. विकास आयोजनाको प्रगति तयार गरी सम्बन्धित निकायहरूमा पठाइनेछ ।

### ७.१.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने**

- सर्वेक्षण तथा वस्तुगत विवरणको निर्माण ।
- योजना प्रणाली सम्बन्धी क्षमता विकास ।
- सहभागितामूलक योजना प्रणाली ।
- गुरुयोजनाको निर्माण ।
- मध्यमकालीन खर्च संरचना निर्माण ।
- आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन ।
- योजना अनुगमन ।
- सामाजिक परीक्षण, सार्वजनिक परीक्षण ।
- सम्पन्न योजनाको मर्मत सम्भार ।
- संघ, प्रदेश र स्थानीय तहको सहकार्यमूलक योजना ।
- समीक्षा र प्रतिवेदन ।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने**

- क्षमता विकास ।
- विकास कार्यमा अन्तर तह साझेदारी ।
- प्रदेश योजनामा स्थानीय योजनाको मूलप्रवाहीकरण ।
- अन्तर सरकार विद्युतीय सञ्जालीकरण ।
- बजेट, अनुदान तथा राजश्व बाँडफाँड रकम हस्तान्तरण ।
- संघ, प्रदेश र स्थानीय तहको सहकार्यमूलक योजना ।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने**

- क्षमता विकास ।
- विद्युतीय सञ्जालीकरण ।
- प्रतिवेदनको ढाँचा र सफ्टवेयरको निर्माण ।
- बजेट, अनुदान तथा राजश्व बाँडफाँड रकम हस्तान्तरण ।
- संघीय योजनामा स्थानीय योजनाको मूलप्रवाहीकरण ।
- संघ, प्रदेश र स्थानीय तहको सहकार्यमूलक योजना ।

### ७.१.८ अपेक्षित उपलब्धि

खण्डीकृत तथ्याङ्क सङ्कलन भई विद्युतीय प्रणालीमा आवद्ध भएको हुने, नगरपालिकाको वस्तुगत विवरण अध्यावधिक भएको हुने, आवधिक नगर विकास योजना तर्जुमा भई सञ्चालन भएको हुने, विषय क्षेत्रगत गुरुयोजना तर्जुमा भई कार्यान्वन हुने, टोलबस्ती तहदेखिकै सहभागितामूलक प्रक्रियाबाट वार्षिक योजना तर्जुमा भएको हुने, वार्षिक अनुगमन योजना तर्जुमा गरी कार्यान्वयन भएको हुने, चौमासिक र वार्षिक समीक्षा प्रणाली संस्थागत भएको हुने, अन्तरतह प्रगति प्रतिवेदन एकीकृत विद्युतीय प्रणालीमा आवद्ध भएको हुने, विकास आयोजनाको वार्षिक कार्यान्वयन प्रगति ९० प्रतिशतभन्दा बढी भएको हुनेछ ।

## ७.२ सुशासन तथा सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

स्थानीय तहको सरकारहरूको प्रमुख जिम्मेवारी लोकतन्त्रका लाभहरूको वितरण गर्नु हो । जनताको निकटतम तहका सरकारको रूपमा रहेका स्थानीय तहमा सुशासन स्थापना भएमा मात्र नागरिकले परिवर्तन र लोकतन्त्रको अनुभूति गर्ने अवसर प्राप्त गर्न सक्दछन् । यसका निमित्त स्थानीय तहहरू सक्षम, पारदर्शी, भ्रष्टाचारमुक्त, उत्तरदायी र सहभागितामूलक हुन आवश्यक छ ।

बुढीगंगा नगरपालिकामा जम्मा ४९ जनाको दरबन्दी रहेकोमा २३ जनाको पदपूर्ति भएको छ । बाँकी २६ दरबन्दीको पदपूर्तिका लागि लोकसेवा आयोगमा माग गरी पठाइएको छ । हालसम्म ८ वटा कानून ४२ वटा मापदण्ड एवं निर्देशिकाहरू तथा कार्यविधिहरु नगरसभाबाट स्वीकृत भई कार्यान्वयनमा

आएका छन् । यसैगरी नगरसभा र नगर कार्यपालिकामा गरी ७ वटा विभिन्न समिति, विषयगत समितिहरु गठन भएका छन् ।

सार्वजनिक सेवाका सन्दर्भमा नगरपालिका र १० वडामा गरी ११ वटा नागरिक बडापत्रको प्रयोग भएको, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण, वार्षिक रुपमा सार्वजनिक सुनुवाई, पत्रकार सम्मेलन मार्फत नगरपालिकाको यर्थाथ अवस्था तथा राम्रा कामहरुको जानकारी आम सरोकारवालाहरु सबैमा पुर्‍याउने अभ्यास आरम्भ भएको, समयमा नै बजेट तथा कार्यक्रम र यससम्बन्धी ऐन नियमहरू स्विकृत हुने गरेको छ ।

नगरपालिकाको सञ्चित कोषको स्थापना भई शुत्रमा आधारित आर्थिक कारोवारको सञ्चालन, व्यक्तिगत घटना, सामाजिक सुरक्षा आदिको सेवामा विद्युतीय प्रणालीको प्रयोग भइरहेको, एप्सको प्रयोगबाट वस्तुगत विवरण सङ्कलन भएको र आर्थिक कारोबार सिद्धार्थ बैङ्कको स्थानीय शाखाबाट सम्पादन हुने गरेको छ ।

### ७.२.२ प्रमुख समस्या

कर्मचारी अभावले सेवा प्रवाह र बजेट कार्यान्वयनमा कठिनाइ हुनु, सूचना प्रविधि पूर्वाधारको अभाव हुँदा सरल रूपमा सूचना प्रवाहको कठिनाइ हुनु, नगरसभाका समितिहरू क्रियाशील नहुनु, कर्मचारीहरूको निरन्तर सरुवा र अस्थिरता रहनु, आफ्नो अधिकार क्षेत्रभित्रका सबै कानुन, कार्यविधि तथा मापदण्डहरू बनिनसक्नु, बढ्दो जनआकांक्षाअनुरूप सेवाप्रवाह हुन नसक्नु, नगरपालिकालाई प्राप्त हुने समानीकरण अनुदान घट्दै जानु, नगरपालिकाको आन्तरिक श्रोत न्युन हुनु आदि यस क्षेत्रका प्रमुख समस्या रहेका छन् ।

### ७.२.३ अवसर र चुनौती

#### (क) अवसर

स्थानीय तहको एकल अधिकारभित्रका विषयमा कानुन निर्माण गरी कार्यान्वयन गर्ने अधिकार हुनु, आर्थिक कार्यप्रणाली व्यवस्थित गर्नेसम्बन्धी आर्थिक ऐन र अन्य केही ऐन कानूनहरू तर्जुमा हुनु, आफ्नो प्रशासनिक सङ्गठन र संरचना आफै निर्माण गर्नसक्ने अधिकार हुनु, संवैधानिक तथा कानुनीरूपमा नै वित्तीय हस्तान्तरणबाट निश्चित स्रोतको सुनिश्चितता रहनु, स्थानीय तवरमा विकास साझेदारहरूको उपस्थिति र सकारात्मक सहयोगको वातावरण हुनु आदि यस क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

#### (ख) चुनौती

कर्मचारीको पदपूर्ति गरी सबै वडा तथा विषयगत कार्यालयहरूमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्नु, आर्थिक ऐनकानून कार्यान्वयनमा ल्याउनु, संघीय सरकारबाट खटिने कर्मचारीहरूमा स्थायित्व ल्याउनु, समायोजित कर्मचारीहरूलाई स्थानीय सेवाअनुसार सञ्चालन गरी व्यवस्थित गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ७.२.४ उद्देश्य

१. पारदर्शी, सहभागिता पूर्ण जवाफदेही र पूर्वअनुमान योग्य शासकीय प्रणाली स्थापित गर्नु ।

२. संस्थागत पूर्वाधार निर्माण गर्दै सरल, सहज र सुलभरूपमा सेवा प्रवाहको सुनिश्चितता गर्नु ।

### ७.२.५ रणनीति

१. विधि र प्रक्रियामा आधारित शासन व्यवस्था स्थापना गर्ने । (१)

२. नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने । (१)

३. नगरपालिकालाई सूचना प्रविधिको प्रयोगमार्फत् सेवा प्रवाहलाई सुलभ, सरल र सहज बनाउने । (२)

४. राजश्व तथा वित्तीय व्यवस्थापन प्रभावकारी बनाउने । (२)

### ७.२.६ कार्यनीति

***रणनीति १: विधि र प्रक्रियामा आधारित शासन व्यवस्था स्थापना गर्ने ।***

१. संविधान प्रदत्त अधिकारको सीमाभित्र रही आवश्यक कानून, नियमावली, निर्देशिका बनाइनेछ ।

२. सदाचार प्रवर्द्धन गर्दै पारदर्शी कार्यप्रक्रियाको निर्माण गरी भ्रष्टाचार विरुद्ध प्रभावकारी उपायको अवलम्बन गरिनेछ ।

३. सार्वजनिक पदाधिकारीका लागि आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याउनका साथै अनुगमन प्रणाली स्थापना गरिनेछ ।

४. सेवा प्रवाहलाई जनमुखी बनाउने नागरिक बडा-पत्र अध्यावधिक गरी पूर्णरूपमा कार्यान्वयनमा ल्याइनेछ ।

५. नगरपालिकाका विकट क्षेत्रहरू लक्षित गरी स्वास्थ्य, कृषि लगायतका सेवा एकीकृत रूपमा घरदैलोमा पुऱ्याउन घुम्ती सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

६. स्थानीय सरकारको स्वमूल्याङ्कन प्रणालीलाई (Local Institution Self-Assisment) संस्थागत गरिनेछ ।

७. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन जस्ता नागरिक उत्तरदायी संयन्त्रहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

८. सार्वजनिक सुनुवाइलाई नियमित र प्रभावकारी बनाइनेछ ।

९. नगरपालिकाको वार्षिक बजेट, कार्यक्रम, योजना र यसका प्रगतिहरू अध्यावधिक गरी वेवसाइटमा राख्ने व्यवस्था मिलाइने छ ।

१०. आर्थिक कारोवार सम्बन्धी विवरण मासिक रूपमा सार्वजनिक हुने व्यवस्था मिलाइनेछ ।

११. नगरसभाको समितिहरूलाई क्रियाशील गराइनेछ ।

१२. सबै कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन र पुरस्कार तथा दण्डलाई उनीहरूको कार्य प्रगतिसंग आवद्ध गरिनेछ ।

***रणनीति २: नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।***

१. नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन अध्ययन (O & M Survey) गरी सङ्गठन संरचना र दरबन्दी व्यवस्थित गरिने छ ।
२. निर्धारित दरवन्दीअनुसार आवश्यक कर्मचारीहरूको पदपूर्ति गरिनेछ ।
३. शाखा, वडा कार्यालय र विषयगत शाखहरूबीच विद्युतीय सञ्जाल स्थापना गरिनेछ ।
४. कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरूको क्षमता विकास गरिनेछ ।
५. अन्य स्थानीय तहहरूबीच (स्थानीय सरकारहरु) साझा चासोका विषय र परियोजनाहरूको पहिचान गरी सहकार्य गरिनेछ ।
६. न्यायिक समितिको क्षमता अभिवृद्धि गरी प्रभावकारी बनाइनेछ ।

***रणनीति ३: सूचना प्रविधिको प्रयोगमार्फत् सेवा प्रवाहलाई सुलभ, सरल र सहज बनाउने ।***

१. नगरपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ ।
२. सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग गरिनेछ ।
३. कार्यालयका व्यक्तिगत घटना दर्ता, आर्थिक कारोवार, राजश्व जस्ता नागरिकसँग सम्बन्धित सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोग गरिनेछ ।
४. नगरपालिकाको वेबसाइटलाई सुधार गरी नगरपालिकाका निर्णय, बजेट तथा कार्यक्रम र प्रगति, खर्चको विवरण जस्ता सार्वजनिक चासोका विषय नियमित रूपमा वेबसाइटमा राख्ने व्यवस्था मिलाइने छ ।
५. नगरपालिकाको आर्थिक कारोवार विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ ।
६. नगरपालिकाका निर्णयहरू वेबसाइटमा समेत नियमित रूपमा राखी सार्वजनिक गरिनेछ ।

***रणनीति ४: राजश्व तथा वित्तीय व्यवस्थापन प्रभावकारी बनाउने ।***

१. राजश्व सुधार योजना निर्माण भई कार्यान्वयनलाई तिव्रता गरिनेछ ।
२. राजश्वका नयाँ क्षेत्र पहिचान गरी स्रोतको अभिवृद्धि गरिनेछ ।
३. खर्च व्यवस्थापनलाई प्रभावकारी बनाई वित्तीय जवाफदेहिता सुनिश्चित गरिनेछ ।
४. बुढीगंगा नगरपालिकामा विभिन्न पेशा व्यवसाय गर्नेहरूको योगदानमा "सामाजिक उत्तरदायी कोष" को स्थापना गरी सामाजिक क्षेत्रमा परिचालन गरिनेछ ।
५. लेखासमितिलाई क्रियाशील गराई आर्थिक कारोवार, खर्चको प्रभावकारिता अभिवृद्धि र राजश्व क्षमता विकाससम्बन्धी कार्यको पृष्ठपोषण प्राप्त गर्ने र सभामा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाइनेछ ।

### ७.२.७ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले सम्पादन गर्ने ।**

- आवश्यक कानुनहरू निर्माण,
- सङ्गठन तथा व्यवस्थापन अध्ययन,

- राजश्व योजना पुनरावलोकन,
- कानुनको पुनरावलोकन,
- घुम्ती सेवा,
- क्षमता विकास,
- भवन निर्माण,
- स्थानीय राजपत्र प्रकाशन,
- वेबसाइट अध्यावधिक,
- सूचना सञ्जालीकरण,
- जनचेतना अभिवृद्धि,
- नागरिक उत्तरदायित्व अभिवृद्धि ।

**(ख) प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने ।**

- O & M मा सहयोग,
- क्षमता विकास,
- नवनिर्मित नगरपालिकाको प्रशासनिक भवनको लागि फर्निसिंङ,
- संस्थागत विकास सूचकहरूको मूल्याङ्कन,
- कर्मचारी पदपूर्ति ।

**(ग) संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने ।**

- नमुना ऐन, नियम, कार्यविधि,
- क्षमता विकास,
- सूचना प्रविधि,
- मापदण्डहरू ।

### ७.२.८ अपेक्षित उपलब्धि

स्थानीय शासनका साझेदारको समन्वय तथा संस्थागत क्षमता विकास भएको हुने, स्थानीय कानून, मापदण्ड तथा कार्यविधिहरू निर्माण भएको हुने, सङ्गठन तथा व्यवस्थापन अध्ययन भई कार्यान्वयन भएको हुने, वेबसाइट अध्यावधिक भएको हुने, स्थानीय राजपत्र नियमित रूपमा प्रकाशन भएको हुने, नगरपालिकाको मानव संशाधन क्षमता, व्यवस्थापन र दक्षता अभिवृद्धि भएको हुनेछ ।

## ७.३ योजना कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन

### ७.३.१ पृष्ठभूमि

स्थानीय सरकार नै जनताको सर्वाधिक नजिकको सरकार हुन्। स्थानीय तहबाट आफ्नो कार्यदायरा भित्रका विषयमा सेवा प्रवाह र विकास योजनाको कार्यान्वयबाट नै आम नागरिकमा परिवर्तनको अनुभूति दिन सकिन्छ। नगरपालिकाबाट स्विकृत विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनले स्थानीय तहप्रतिको जनविश्वास अभिवृद्धि गर्नका साथै लोकतन्त्रका लाभहरू वितरण गर्न सकिन्छ।

नगरपालिकाले आफ्नो स्रोत साधनको उच्चतम उपयोग गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउन योजनाबद्ध विकास प्रयास अवलम्बन गर्न आवश्यक हुन्छ। यसका निमित्त आवधिक योजना, विषय क्षेत्रगत गुरुयोजना, मध्यमकालीन खर्च संरचना र तद्अनुरूप वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ।

### ७.३.२ आवधिक योजनाको कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँचवटा बार्षिक नीति तथा कार्यक्रम मार्फत् कार्यान्वयन गरिने छ। आवधिक योजनाहरूको प्रभावकारी कार्यान्वयनमा वार्षिक योजनाको आवधिक योजनासँगको सघन आवद्धताका लागि मध्यमकालीन खर्च संरचना एवं नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका हुन्छ। यसका अलावा आवधिक योजनाको मध्यावधि मूल्याङ्कन गरी प्रगतिको अवस्था र सुधारका क्षेत्रहरूको पहिचान गरी समस्याको समाधान गर्दै परिमार्जन गर्नुपर्ने हुन्छ। वार्षिक नीति कार्यक्रम तथा बजेटलाई आवधिक योजनासँग अन्तर सम्बन्ध स्थापित गर्न सूचक फारमको उपयोग गरिनेछ। (अनुसूची-१)

### ७.३.३ मध्यमकालीन खर्च संरचना

आवधिक योजना र वार्षिक योजनाबीच अन्तरसम्बन्ध स्थापित गर्न मध्यमकालीन खर्च संरचना यसै आवधिक योजना संगै निर्माण गरिनेछ। मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजना कार्यान्वयन गर्दै लगिनेछ। वार्षिक योजनाका कार्यक्रमहरूलाई प्राथमिकीकरणका साथ मध्यमकालीन खर्च संरचना तयार गरी आवधिक योजना र वार्षिक योजनाबीच तादात्म्यता मिलाइने छ। आ.व. ०८०/०८१ देखि नै नीति तथा कार्यक्रम प्रस्तुतिका साथसाथै खर्च संरचनासमेत समावेश गरी सभामा प्रस्तुत गरिनेछ।

### ७.३.४ कार्यान्वयन कार्ययोजना

नगरसभाबाट आवधिक नगर विकास योजना स्वीकृत भएपछि यसका आधारमा नगरपालिकाले सबै विषय शाखा र वडा कार्यालयहरूलाई मार्गदर्शनसहित वार्षिक योजना तर्जुमाका लागि बजेट पूर्वानुमान पठाउनेछ। मार्गदर्शन तयार गर्दा आवधिक योजनाका लक्ष्यसँगको अन्तरसम्बन्ध प्रष्ट गरी कार्यान्वयनको निश्चय गरिनेछ। उक्त पूर्वानुमान र मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया अवलम्बन गरी नगरपालिकाको वार्षिक योजना तर्जुमा गरिनेछ। सभाबाट स्विकृत बार्षिक बजेट तथा

कार्यक्रम सञ्चालनका लागि प्रत्येक वर्ष श्रावण महिनामा विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि कार्ययोजना तयार गरिनेछ ।

### ७.३.५ कार्यान्वयन विधि

आवधिक योजना र वार्षिक विकास योजना कार्यान्वयन गर्ने विधि यस प्रकार हुनेछ ।

#### (क) नगर कार्यपालिका

आवधिक योजना र वार्षिक योजना अन्तर्गत स्विकृत कार्यक्रमको कार्यान्वयन जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ। यसका अलावा नगरपालिकाको आफ्नो स्रोतअन्तर्गतका कार्यक्रमहरूको कार्यान्वयन जिम्मेवारी पनि नगर कार्यपालिकाको हुनेछ । योजना तथा कार्यक्रमको प्रकृतिअनुसार नगर कार्यपालिकाको कार्यालय, विभिन्न शाखा उपशाखाहरू, वडा कार्यालयहरूमार्फत् योजना कार्यान्वयन गरिनेछ। विषयगत कार्यक्रम विषयगत शाखा तथा वडा स्तरीय कार्यक्रमहरू वडा तहबाट नै कार्यान्वयन गरिनेछ। भारी उपकरणको प्रयोग गर्नु नपर्ने, जनसहभागिता आवश्यक पर्ने स्थानीय योजनाहरू लाभग्राहीहरू सम्मिलित उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ ।

#### (ख) संघीय र प्रदेश सरकार

संघीय र प्रदेश सरकारअन्तर्गतका योजनाको कार्यान्वयन तत्तत् तहका सरकारबाट हुनेछ । संघ र प्रदेशबाट बजेटसहित कार्यान्वयन र हस्तान्तरण भई आएका योजनाहरू नगरकार्यपालिकाले कार्यान्वयन गर्न सक्नेछ। संघ वा प्रदेश सरकार वा सिमाना जोडिएका अन्य स्थानीय तहसँग साझेदारीमा सञ्चालन गर्ने कार्यक्रम आपसी सहमतिबाट कार्यान्वयनको ढाँचा निर्धारण गरी तदअनुरूप सञ्चालन गरिनेछ ।

#### (ग) निजी क्षेत्र

नाफामूलक क्षेत्रहरू जस्तै कृषि तथा पशुपालन, उद्योग, जलविद्युत् उत्पादन, वाणिज्य, आपूर्ति, पर्यटन विकास, वित्तीय क्षेत्र विकास र अन्य सम्भाव्य क्षेत्रहरू पहिचान गरी प्रचलित ऐन कानून र मापदण्डअनुसार निजी क्षेत्र आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ ।

#### (घ) विकास साझेदार

नगरपालिकामा विकास साझेदारको सहयोगमा सञ्चालन हुने योजना तथा कार्यक्रम सम्झौता तथा स्वीकृत योजना कार्यान्वयन ढाँचाअनुसार कार्यान्वयन गरिनेछ। यस्ता कार्यक्रमहरू कार्यान्वयन गर्दा आवधिक योजनाको प्राथमिकता क्षेत्रसमेत पहिचान गरी नगरपालिकाको योजनामा आवद्ध हुने र नियमितरूपमा प्रगति प्राप्त हुने व्यवस्था मिलाइनेछ। विकास साझेदारहरूद्वारा कार्यान्वयन गर्ने योजनाहरूमा संयुक्त अनुगमन प्रणाली प्राथमिकताका साथ लागू गरिनेछ ।

#### (ङ) गै.स.स.

गैरसरकारी संस्थाहरूलाई उनीहरूको वैशिष्ट्यताका क्षेत्रहरू जस्तो सामाजिक परिचालन, मानव अधिकार संरक्षण, नागरिक सचेतना र सशक्तीकरण, ससाना उत्पादन र आय आर्जन, रोजगारी लगायत गरिवी न्यूनीकरण, सुशासन प्रवर्धन, भाषा संस्कृति प्रवर्द्धन, शिक्षा, स्वास्थ्य क्षेत्रका वार्षिक विकास

कार्यक्रममा समावेश गरी नगरपालिकाको सहयोगीको रूपमा परिचालन गरिनेछ । नगरपालिकाले सामाजिक विकास तथा सचेतना अभिवृद्धिमूलक कार्यक्रमहरू तुलनात्मक दक्षता भएका गैरसरकारी संस्था मार्फत् समेत कार्यान्वयन गर्न सक्नेछ । गैरसरकारी संस्थाका कार्यक्रमहरू अनिवार्य रूपमा नगर विकास योजनामा आवद्ध हुनुपर्ने र समयबद्ध प्रगति प्रतिवेदन नगरपालिकामा पेश गर्ने व्यवस्था मिलाइनेछ ।

**(च) सहकारी क्षेत्र**

स्थानीय उत्पादन समूहलाई आवद्ध हुने गरी कृषि, पशुपालन र ससाना बचत तथा ऋण परिचालनको क्षेत्रमा सहकारी क्षेत्रलाई अग्रता प्रदान गरिनेछ । कृषि मल, बीउ, कृषि उत्पादनको बजार श्रृङ्खलामा आबद्धता, कृषि यन्त्र उपकरण, चिस्यान केन्द्र, भण्डार, सुपथ मूल्य पसल जस्ता विषयमा सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ ।

**(छ) नागरिक समाज उन्मुख संस्था**

नागरिक समाज, सामुदायिक संघसंस्था आदिलाई सामाजिक सचेतना, सशक्तीकरण, समूह परिचालन आदि कार्यका साथै नगरपालिकाको कार्यमा खवरदारी र पथप्रदर्शक गर्ने कार्यमा परिचालन गरिनेछ ।

### ७.३.६ अख्तियारी

वार्षिक कार्यक्रम र बजेट नगरसभाबाट पारित भएपछि नगरपालिका प्रमुखले स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले बिषयगत शाखा र वडा कार्यालयहरूलाई प्राप्त विवरणका आधारमा कार्यान्वयन कार्ययोजना बनाई स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवश्यक परिमार्जनसाथ कार्यान्वयनका लागि मार्गदर्शनसहित प्रमुखबाट आफूलाई अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ ।

### ७.३.७ योजना तथा कार्यक्रमको कार्यान्वयन

